सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

३१ वैशाख २०८२, बुधबार (14 May 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ३१ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

समायोजन भएका कर्मचारीलाई पेन्सनमा अन्याय

प्रदेश र स्थानीय तहको बढुवालाई मानेन संघले



समस्याबिच प्रदेश वा स्थानीय कानुनअनुसार तह वृद्धि वा बढुवा भएका कर्मचारीको दायित्व सम्बन्धित प्रदेश र स्थानीय तहले नै वहन गर्नुपर्ने राय अर्थ मन्त्रालयले दिएको थियो । अर्थको यो राय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले किताबखानालाई पठाएको थियो । रायसमेत प्राप्त भएपछि किताबखानाले समायोजन भएर प्रदेश वा स्थानीय तहमा तह वृद्धि वा बढुवा लिएका कर्मचारीलाई सोबमोजिमको पेन्सन दिन नमिल्ने भनिदियो । भविष्यमा संघीय कानुनबाट पाउने स्थिति रहेको अवस्थामा सोहीबमोजिम प्राप्त गर्ने गरी हाललाई समायोजन भएको तहकै सुविधा पाऊँ भनेर निवेदन दिएका आधारमा किताबखानाले पेन्सनपट्टा बनाउने गरेको छ ।

● **निजामती किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेल भन्छन्–**

संघको राडारले ती कर्मचारीलाई समायोजनसम्म मात्र देख्छ



संघबाट समायोजन भएर गएका वा प्रदेश वा स्थानीय सेवामा लोकसेवाबाट सिफारिस भएर नयाँ नियुक्ति लिएका कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहको कानुनबमोजिम माथिल्लो पदमा वृद्धि वा बढुवा भएपछि संघीय कानुनले त्यसलाई चिन्दैन । उहाँहरू तत्तत् प्रदेश वा स्थानीय तहका कर्मचारी हुनुभयो । प्रदेश वा स्थानीय कानुनबमोजिम अतिरिक्त पदमा बढुवा भएकाको दायित्व संघीय सरकारले वहन गर्दैन । संघको राडारले ती कर्मचारीलाई समायोजनसम्म मात्र देख्छ ।

सुवास भट्ट/नयाँ पत्रिका

संघीयता कार्यान्वयनका क्रममा तल्ला तहमा कर्मचारी खटनपटन गर्न सरकारले ०७५ मा कर्मचारी समायोजन ऐन जारी गऱ्यो । समायोजन भएर प्रदेश र स्थानीय तह जान चाहनेलाई प्रोत्साहन गर्न ऐनमै विभिन्न व्यवस्था गरिएको थियो । तर, ऐनबमोजिम नै तल्ला तहमा समायोजन भएर गएका कतिपय कर्मचारी अहिले आएर समस्यामा परेका छन् । प्रदेश र स्थानीय कानुनबमोजिम भएको बढुवाअनुसार उनीहरूले पेन्सनपट्टा पाउन नसकेका हुन् ।

■ **सर्वोच्चको फैसला–**

अवकाश हुँदाको अवस्थामा कायम रहेको पदअनुसारको निवृत्तिभरणलगायत सेवा-सुविधा उपलब्ध गराउनू

धमाधम अदालत जान थाले कर्मचारी

तल्ला तहका कानुनबमोजिमको बढुवालाई संघले नचिन्ने भनेपछि करिब डेढ सय कर्मचारीको पेन्सनपट्टामा विवाद निम्तिएको छ । विवाद सर्वोच्च अदालतसम्मै पुगेको छ ।

पेन्सनपट्टाको समस्या झेलेका एक कर्मचारी हुनु, यादव सिग्देल । संघमा उपसचिव रहेका सिग्देल नवौं तहमा समायोजन भएर बागमती प्रदेश गएका थिए । पाँच वर्ष उपसचिव रहेकालाई दसौं र त्यसभन्दा कमलाई नवौं तहमा समायोजन गरिएको थियो । यसबिचमा ०७९ फागुनमा बागमती प्रदेशले आफ्नै प्रदेश निजामती सेवा ऐन जारी गऱ्यो । ऐनबमोजिम उनको एक तह वृद्धि भयो । तह वृद्धिबमोजिमकै सेवा-सुविधामा सिग्देलले काम गर्दै आएका थिए । तर, जब ०८० मंसिरमा सेवाबाट अवकाश लिए, त्यसपछि दसौं तहबमोजिमको पेन्सनपट्टा बनाउन निजामती किताबखाना पुग्दा कार्यालयले अस्वीकार गरिदियो ।

'समायोजनको व्यवस्थाबमोजिम नै बागमती प्रदेशमा गएको थिएँ । प्रदेशमा दसौं तहमा काम गरेर त्यसैअनुसार

» पृष्ठ ९ मा क्रमशः

मुद्दा दर्तामै प्रतिशोध

सहकारीको सदस्यसमेत नरहेका रवि लामिछानेमाथि सम्पत्ति शुद्धीकरणसहित तीनथरी मुद्दा, तर सञ्चालक नै भएर हिनामिना गर्ने कांग्रेस-एमालेका नेता/कार्यकर्तामाथि सम्पत्ति शुद्धीकरण चलाइएन, मुद्दा पनि फितलो



● **सुशील पन्त**, वरिष्ठ अधिवक्ता

कानुन दिवसका दिन पूर्वन्यायाधीश फोरमले एउटा विज्ञप्ति निकाल्यो । जसमा फौजदारी कानुन कार्यान्वयन गर्ने कानुनी कर्तव्य भएका निकाय पनि संविधान र कानुनप्रति उत्तरदायी भई आफ्नो कर्तव्य निर्वाह गर्नमा असफल हुँदै कतिपय कसुरका सम्बन्धमा गरिएका अनुसन्धान, तहकिकात, गिरफ्तारी र अभियोजन कार्य प्रचलित कानुनको मर्मविपरीत भई स्वेच्छाचारितातर्फ उन्मुख हुँदै गएकाले विधिको शासन कमजोर हुँदै गएको महसुस हुन थालेको उल्लेख छ । मेरो भनाइ पनि त्यही हो ।



● **एसएसपी रमेश थापा**
प्रवक्ता, नेपाल प्रहरी

सहकारी ठगी कसुरमा केही जनप्रतिनिधिविरुद्ध मुद्दा दर्ता भएको छ । जसमध्ये केहीविरुद्ध सहकारी ठगी, संगठित कसुर र सम्पत्ति शुद्धीकरणसहितको मुद्दा चलेका छन् । केहीविरुद्ध नचलेका होलान् । यसको निर्धारण अनुसन्धानमा देखिएका तथ्यले गर्ने हो । तथ्यका आधारमा कोविरुद्ध कुन मुद्दा चल्ने निर्धारण हुने हो ।

टेकराज थामी/नयाँ पत्रिका

सहकारी ठगी प्रकरणमा मुछिएका राजनीतिक व्यक्तिमाथि मुद्दा दर्तामै प्रतिशोध साधिएको छ । सहकारीमा सञ्चालककै हैसियतमा रहेर हिनामिनामा प्रत्यक्ष संलग्न कांग्रेस-एमालेका नेता/कार्यकर्तामाथि सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको छैन । बरु, ठगी र संगठित अपराधको मुद्दा पनि फितलो पारेर दर्ता गरिएको छ ।

■ यसरी कमजोर बनाइयो माया राईविरुद्धको मुद्दा

■ रविको बन्दी प्रत्यक्षीकरण रिट तेस्रो पटक पनि हेर्न नमिल्नेमा

रास्वपा सभापति रवि लामिछानेबाहेक कुनै पनि राजनीतिक व्यक्तिमाथि सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको छैन । जबकि कांग्रेस सांसद माया राई, एमाले नेता तथा सार्वजनिक लेखा समिति सभापति

» पृष्ठ ९ मा क्रमशः

■ प्रत्यक्ष संलग्न हुँदा पनि यीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा चलेन, ऋषिकेशपत्नी अञ्जला र ढोरपाटनका मेयर देवकुमारलाई त संगठित अपराध मुद्दा पनि चलाइएन



माया राई
कांग्रेस सांसद
(कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीमा दुईपटक सञ्चालक समितिमा हुँदा २ करोड ४० लाख ४४ हजार अपचलन)



अञ्जला कोइराला, एमाले नेता ऋषिकेश पोखरेलकी पत्नी
(सञ्चालकका हैसियतमा हस्ताक्षर नै गरेर मोरङको उमागौरी कृषि सहकारीमा २२ करोड ४८ लाख हिनामिना)



देवकुमार नेपाली, मेयर, ढोरपाटन नगरपालिका, बागलुङ
(बागलुङको इमेज बचत तथा ऋण सहकारीको अध्यक्ष हुँदा १ अर्ब ३० करोड ७६ लाख ठगीमा प्रत्यक्ष संलग्न)



राजु बराल, उपाध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली
(स्वर्णलक्ष्मी सहकारीमा कर्जा उपसमिति सदस्यका रूपमा कार्यरत रहँदा १ अर्ब १९ करोड ८६ लाख अपचलन)



गीता बस्नेत
सांसद, राप्रपा
(नवलपरासीको छिप्छिपे सहकारीको ९६ करोड र चितवनको सनराइज सहकारीको ९० करोड ऋण लिएर फरार)

■ कांग्रेस उपसभापति धनराज गुरुङ र एमाले प्रदेश सांसद ज्ञानबहादुर तामाङमाथि त अनुसन्धान नै भएन

ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सहकारीको १२ करोड ९४ लाख अपचलनमा प्रत्यक्ष जोडिएका कांग्रेस उपसभापति धनराज गुरुङ र काठमाडौं गोंगबुको नमोबुद्ध सहकारीको दुई अर्ब अपचलनमा संलग्न एमाले बागमती प्रदेश सांसद ज्ञानबहादुर तामाङमाथि त अनुसन्धान नै भएको छैन ।





कांग्रेस उपसभापति गुरुङविरुद्ध ललितपुरको मितेरी सहकारीको झन्डै १३ करोड अपचलन गरेको उजुरीमा प्रहरीले सामान्य सोधपुछ मात्रै गरेको छ । एमाले बागमती सांसद तामाङले सामाखुसीको नमोबुद्ध सहकारीको दुई अर्ब अपचलन गरेको उजुरी पर्दा पनि सामान्य सोधपुछसमेत गरिएको छैन ।

धनराजकी पूर्वपत्नी ज्योति गुरुङ मितेरीको सञ्चालक छँदा सहकारीको रकम अपचलन भएको थियो । सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समितिले पनि धनराजमाथि थप अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको थियो । तर, सत्ताको छायामा परेर सिआइबीले गुरुङसँग दुईपटक सामान्य सोधपुछ मात्रै गरेपछि कुनै अनुसन्धान गरेको छैन । यतिसम्म कि मितेरी ठगी प्रकरणमा पत्राउ पुर्जी जारी भएको आठ महिनासम्म एकजना पनि पत्राउ गरेका छैनन् । कुनै एक व्यक्तिलाई समात्दा धनराज पनि स्वतः तानिन्छन् । त्यसैले जानाजान नै प्रहरीले उनीहरूलाई उम्काएको सिआइबीकै एक अधिकारी बताउँछन् ।

त्यसो त धनराजलाई जोगाउने सत्ताको चलखेल सुरुदेखि नै थियो । मितेरीका अध्यक्ष केबी गुरुङ धनराजसहित ज्योतिविरुद्ध सिआइबीमा उजुरी दिन जाँदा प्रहरीले दर्ता नै गरेन । त्यसपछि उनी बागमती प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय उजुरी लिएर गए । उजुरी दर्ता त भयो, तर सिआइबीमा सिफारिस गर्ने वेला धनराजको नाम नै काटेर पठाइएको थियो ।

त्यस्तै, ११ हजारभन्दा धेरै बचतकर्ताको दुई अर्ब डुबाएका तामाङमाथि त कुनै अनुसन्धान नै भएको छैन । उनीविरुद्ध बागमती प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी परेको थियो । तर, रजिस्ट्रारको कार्यालयले उक्त सहकारीलाई समस्याग्रस्त घोषणा गऱ्यो भने अनुसन्धानका लागि प्रहरीलाई सिफारिस नै गरेन । पीडितहरूको रकम फिर्ता अनिश्चित हुँदा अपचलन गर्ने तामाङ भने निश्चिन्त भएर फुक्काफाल छन् ।

■ विद्यार्थीमाथि पिएन क्याम्पसका उपप्राध्यापकबाटै जातीय विभेद

विभेदजन्य शब्द प्रयोग गरेका उपप्राध्यापक शर्मालाई विभागीय प्रमुखबाट हटाइयो

पोखरामा **रोहितराज पराजुली**

विद्यार्थीमाथि जातीय विभेद र गालीगलौजको आरोप लागेका पोखरास्थित पृथ्वीनारायण (पिएन) क्याम्पसका उपप्राध्यापक देवीलाल शर्मालाई व्यवस्थापन अनुसन्धान विभागको विभागीय प्रमुख पदबाट हटाइएको छ ।

क्याम्पसमा व्यवस्थापन संकायअन्तर्गत एमबिए फाइनान्स अध्ययनरत अमन परियारलाई औद्योगिक अवलोकन भ्रमणका क्रममा उपप्रध्यापक शर्माले अपमानजनक र जातीय विभेदका शब्द प्रयोग गरेको आरोप लागेपछि क्याम्पस प्रमुख हरिप्रसाद पाठकले विभागीय प्रमुखको जिम्मेवारीबाट हटाएका हुन् । यद्यपि, क्याम्पस प्रमुखले हटाउनुको कारणमा 'विशेष परिस्थितिका कारण जिम्मेवारीबाट हटाइएको' उल्लेख गरेका छन् ।



उपप्राध्यापक शर्मा

पूर्वी नेपालमा औद्योगिक भ्रमण सकेर सिन्धुली पुगेका वेला सोमबार उपप्राध्यापक शर्माले जातीय विभेद गरेको भन्दै अमनले क्याम्पस प्रशासन र स्ववियुमा उजुरी दिएका थिए । सिन्धुलीको कमलामाईमा गाडी बिग्रेको थियो । गाडी बनाउन छाडेर उपप्राध्यापक शर्मासहितको टोली स्विमिङ गएको विषयमा प्रश्न गर्दा उल्टै गालीगलौज गरेको एक विद्यार्थीले बताए ।

अमनसहित विद्यार्थीको टोली मंगलबार जिल्ला प्रहरी कार्यालय कास्की पुगेको थियो । कास्की प्रहरी प्रवक्ता हरि बस्नेतले घटनाबारे आफूहरूलाई जानकारी गराइएको र जाहेरीमा आकर्षित हुन सक्ने कानुनबारे जानकारी दिएर पठाएको बताए ।

■ शर्मालाई क्याम्पसबाटै बर्खास्त गर्न माग

पृथ्वीनारायण क्याम्पस दलित विद्यार्थी समाजले उपप्राध्यापक देवीलाल शर्मालाई क्याम्पसबाट बर्खास्त गर्न माग गरेको छ । समाजका अध्यक्ष अमृत विकले विज्ञप्ति जारी गर्दै शर्माले क्याम्पसका विद्यार्थी अमन परियारमाथि जातीय हिसाबमा अपमानजनक शब्द प्रयोग गर्ने उपप्राध्यापक शर्मालाई क्याम्पसबाट बर्खास्त गर्न माग गरेका छन् । पृथ्वीनारायण क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियनका सभापति विष्णु पोखरेलले विज्ञप्ति जारी गर्दै उपप्राध्यापक शर्मामाथि हदैसम्मको कारबाहीको माग गरेका छन् । 'क्याम्पसजस्तो शैक्षिक स्थलमा प्राध्यापकबाट नै जातीय विभेद हुनु आपत्तिजनक विषय हो । उपप्राध्यापकले विद्यार्थीप्रति गरेको यसप्रकारको विभेदकारी भनाइले हामी सबैलाई स्तब्ध बनाएकाले घटनामा संलग्न उपप्राध्यापकलाई क्याम्पस प्रशासनबाट हदैसम्मको कारबाही गरियोस्,' विज्ञप्तिमा भनिएको छ । त्यस्तै, तराई कानुन विद्यार्थी मञ्च, पोखराका अध्यक्ष रामबाबु दासले पनि विज्ञप्ति जारी गर्दै उपप्राध्यापक शर्मालाई कानुनबमोजिम कारबाही हुनुपर्ने माग गरेका छन् ।

वीरको युरोलोजी विभागमा बिरामीको भिड, तर जनशक्ति र उपकरण अभाव

दैनिक १५० बिरामी अपरेसनको लाइनमा, १० को मात्रै सम्भव

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशकै जेठो सरकारी अस्पताल वीरको युरोलोजी विभागमा दूरदराजदेखि आउने बिरामीको थेगिनसक्नु भिड लाग्ने गरेको छ । तर, जनशक्ति र उपकरण अभावमा उपचार नै नपाउने अवस्था छ । यतिसम्म कि दैनिक १५० बिरामी अपरेसन गर्ने लाइनमा हुन्छन्, तर १० को मात्रै हुन्छ ।

'युरोलोजीका दैनिक ४५० बिरामी ओपिडीमा आउँछन् । जसमा १५० को अपरेसन गर्नुपर्ने हुन्छ, तर उपकरण र जनशक्तिको अभावका कारण नौदेखि ११ जनाको मात्रै अपरेसन गर्न सम्भव भएको छ,' युरोलोजी विभाग प्रमुख डा. रविन बस्नेतले भने, 'हामीसँग जे-जस्तो स्रोत-साधन छ, सोहीअनुसारको सेवा दिने हो । धेरै अपरेसन गरौं भनेर मात्रै भएन, अपरेसनजस्तो विषय सामान्य होइन । बिरामीको भिड थेग्न सकिएको छैन, आउनेलाई नआउनुस् भन्न पनि मिलेन ।' पछिल्लो एक साताका विभागले साना-ठुला गरी ६३ वटा मात्रै अपरेसन गरेको उनले बताए ।

वीरमा सबै गरेर १५ अपरेसन थिएटर छन् । युरोलोजी विभागले दैनिक दुई थिएटर प्रयोग गर्छ । साताका चार दिन अपरेसन गर्ने विभागले आठवटा थिएटर प्रयोग गर्छ । डा. बस्नेतका अनुसार वीरमा अपरेसनमा प्रयोग गरिने औजार सीमित मात्रै छैनन्, अपडेट पनि भएका छैनन् । नौ वर्ष पुराना उपकरणले काम चलाउने गरिएको छ । यही पनि अभावका कारण एउटा विभागको अपरेसन सकिएपछि अर्को विभागले प्रयोगमा लैजाने गरेको छ । त्यस्तै, युरोलोजी विभागमा १८ विशेषज्ञ चिकित्सक चाहिनेमा ६ जना मात्रै छन् । अरू ६ जना आवासीय चिकित्सक छन् । एनेस्थेसिया र नर्सको पनि

» पृष्ठ ९ मा क्रमशः



वीर अस्पतालमा मंगलबार स्वास्थ्य जाँच र उपचारका लागि पुगेका सर्वसाधारणको भिड । तस्बिर : **दिपेन्द्र ढुंगाना**

■ पत्थरी निकाल्ने औजार नै बिग्रियो

वीरको युरोलोजीमा अपरेसन गर्न आउनेमध्ये अधिकांश पत्थरीका बिरामी हुन्छन् । तर, सजिलोसँग पत्थरी निकाल्न प्रयोग गरिने औजार आरआइआरएस बिग्रिएको एक साता भएको छ । यो यस्तो औजार हो जसको सहायताले पत्थरी फोडेर निकाल्ने गरिन्छ, बिरामीलाई ठुलो घाउ हुँदैन भने धेरै चिर्नु पनि पर्दैन । उक्त उपकरण बनाउन अझै १५ दिन लाग्ने अस्पताल प्रशासनले जनाएको छ । 'आरआइआरएस बिग्रिँदा अपरेसन नै रोकिएकोचाहिँ होइन, तर यो बिग्रिएपछि उपचार केही जटिल भने पक्कै भएको छ,' विभाग प्रमुख डा. रविन बस्नेतले भने, 'आरआइआरएसको विकल्पमा प्वाल पारेर वा चिरेर पनि पत्थरी निकालिन्छ ।'



● **प्रा.डा. रविन बस्नेत**
प्रमुख, युरोलोजी विभाग

वीरमा अपरेसनमा प्रयोग गरिने औजार सीमित मात्रै छैनन्, अपडेट पनि भएका छैनन् । नौ वर्ष पुराना उपकरणले काम चलाउने गरिएको छ । यही पनि अभावका कारण एउटा विभागको अपरेसन सकिएपछि अर्को विभागले प्रयोगमा लैजाने गरेको छ । युरोलोजी विभागमा १८ विशेषज्ञ चिकित्सक चाहिनेमा ६ जना मात्रै छन् । अरू ६ जना आवासीय चिकित्सक छन् । एनेस्थेसिया र नर्सको पनि अभाव छ । हामीसँग जे-जस्तो स्रोत-साधन छ, सोहीअनुसारको सेवा दिने हो । बिरामीको भिड थेग्न सकिएको छैन, आउनेलाई नआउनुस् भन्न पनि मिलेन ।



● **डा. दिलीप शर्मा**
निर्देशक, वीर अस्पताल

वीरमा धेरै बिरामी आउँछन्, तर स्रोत-साधन सीमित छ । सबैभन्दा बढी अपरेसन गर्ने विभाग युरोलोजी नै हो । कतिपयले लामो समय पनि पालो कुर्नुपर्ने बाध्यता छ । तर, अन्तिम आस यहीं हो भनेर आएका बिरामीलाई सकेसम्म उपचार गरिरहेका छौं । भन्नेबित्तिकै विशेषज्ञ चिकित्सक थप्न सम्भव छैन । स्वास्थ्य मन्त्रालयले मात्रै निर्णय गरेर पुग्दैन, अर्थले पनि स्वीकृति दिनुपर्छ ।

आफैंले उद्घाटन गरेको गौतमबुद्ध रंगशाला निर्माण अभियानबारे ओलीको फेरिएको बोली

बाबु-नानी हो नथाल न भन्दाभन्दै सुरु गरे, धुर्मुस-सुन्तलीले बहुत दुःख पाए



प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार भएको 'सिनेपा : चलचित्र छायांकन स्टुडियो' निर्माणको आरम्भ उद्घोष समारोहमा प्रधानमन्त्रीको बोली फेरिएको हो । स्टुडियो काभ्रेको बनेपामा ४२ रोपनी जग्गामा बन्नेछ ।

(विस्तृत पृष्ठ २)

■ प्रि-बजेटमाथिको छलफलमा सांसदहरूको सुझाव



विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर्मकाण्डी भए, आशा जगाउने बजेट आओस्

(विस्तृत पृष्ठ ३)

अधिकांश हतियार विदेशबाट आपूर्ति गर्छन् भारत र पाकिस्तान



भारत २०२०-२४ बिच युक्रेनपछि विश्वको दोस्रो ठुलो हतियार आयातकर्ता थियो, जसले विश्वव्यापी आयातको ८.३ प्रतिशत हिस्सा ओगटेको थियो । भारतले अधिकांश आयात रुसबाट गर्छ, यद्यपि उसले आफ्नो हतियार स्रोतहरू फ्रान्स, इजरायल र संयुक्त राज्य अमेरिकामा सार्दै लगेको छ ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

NIC ASIA Bank Limited

Interest Rates

Effective from

1st Jestha 2082 (15th May 2025)

A. Interest Rate on Deposit Products	
LCY Deposit - Saving	**Interest Rate (% per annum)**
Sathi Bachat Khata	5.10%
Sarbashrestha Remittance Bachat Khata	6.10%
Other Saving Products	3.10%
LCY Deposit - Fixed	**Interest Rate (% per annum)**
Tenure - Individual Fixed Deposit	
3 Months	3.50%
Above 3 Months to less than 12 Months	5.10%
1 Year	5.50%
Above 12 Months to 18 Months	5.75%
Above 18 Months to 24 Months	6.00%
Above 24 Months to 36 Months	6.01%
Above 36 Months to less than 60 Months	6.05%
60 Months and Above	6.60%
Tenure - Institutional Fixed Deposit	**Interest Rate (% per annum)**
6 Months to less than 12 Months	3.05%
1 Year	3.51%
Above 12 Months to 18 Months	4.00%
Above 18 Months to 24 Months	4.25%
Above 24 Months to 36 Months	4.50%
Above 36 Months to less than 60 Months	5.00%
60 Months and Above	5.60%
LCY Deposit - Other	**Interest Rate (% per annum)**
Call Deposit (NPR)	up to 1.55%

Other Interest rates on various Deposit & Loan products/schemes and Terms & Conditions shall remain same as published in previous month. For further details, please visit the Bank's website www.nicasiabank.com

Average Base Rate (Chaitra 2081) : 7.31%

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

आफैंले उद्घाटन गरेको गौतमबुद्ध रंगशाला निर्माण अभियानबारे ओलीको फेरिएको बोली

बाबु–नानी हो नथाल न भन्दाभन्दै सुरु गरे धुर्मुस–सुन्तलीले बहुत दुःख पाए

नयाँ पत्रिका

करिब सात वर्षअघि आफैंले उद्घाटन गरेको गौतमबुद्ध रंगशाला निर्माण अभियानबारे प्रधानमन्त्री केपी शर्मा ओलीको बोली फेरिएको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा 'सिनेपा' चलचित्र छायांकन स्टुडियोको मंगलबार शिलान्यास गर्दै ओलीले त्यतिवेला गाह्रो छ भन्दाभन्दै धुर्मुस-सुन्तलीले क्रिकेट मैदान निर्माण सुरु गरेर दुःख पाएको दाबी गरेका हुन्।

'मैले गाह्रो छ, बाबु-नानी हो त्यहाँ नथाल न भन्दाभन्दै धुर्मुस-सुन्तलीले क्रिकेट मैदान सुरु गरे। बहुत दुःख पाए। माया लाग्छ। तर, त्यो क्रिकेट मैदान पनि बन्छ, उनीहरूको दुःख, कष्ट पनि हट्छ एक दिन। मैले त यहीं दुःख पाइन्छ भनेर नगर्नु भनेको थिएँ। यति ठुलो काम आँटियो, एकदुईटा सानातिना काममा साथीभाइ बहुत हौसिन्छन्, हामी छौं भन्छन्,' ओलीले भने।

१६ माघ ०७५ मा काठमाडौंस्थित राष्ट्रिय सभागृहमा तत्कालीन प्रधानमन्त्री ओलीले नै उक्त रंगशाला निर्माण अभियानको सुरुवात गरेका थिए। ओलीसहित तत्कालीन नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, काग्रेसका तत्कालीन महामन्त्री डा. शशांक कोइराला, पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेसमेत सहभागी कार्यक्रममा भरतपुर महानगरपालिका र धुर्मुस सुन्तली फाउन्डेसनले भरतपुर-१५ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने सम्झौता गरेका थिए।

त्रिभुवन विश्वविद्यालयको नाममा रहेको र कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गर्दै आएको २० बिघा ६



१६ माघ ०७५ मा रंगशाला निर्माण अभियानको राष्ट्रिय सभागृहबाट सुरुवात गर्दै तत्कालीन प्रधानमन्त्री ओली



मंगलबार बालुवाटारमा सिनेपा छायांकन स्टुडियोको शिलान्यास गर्दै प्रधानमन्त्री केपी ओली

कट्ठा जमिनमा रंगशाला निर्माण गर्ने सम्झौतापत्रमा भरतपुरकी मेयर रेणु दाहाल र फाउन्डेसनका अध्यक्ष सीताराम कट्टेलले हस्ताक्षर गरेका थिए। बिचैमा धुर्मुस-सुन्तलीले हात उठाएपछि संघ र प्रदेश सरकारको सहकार्यमा भरतपुर महानगरपालिकाले अपनत्व लिई रंगशाला निर्माण अघि बढाएको छ।

■ बनेपामा स्टुडियो, बालुवाटारबाट शिलान्यास

प्रधानमन्त्री केपी ओलीले काभ्रेको बनेपामा निर्माण हुने 'सिनेपा' स्टुडियोको शिलान्यास प्रधानमन्त्रीनिवास बालुवाटारबाट गरेका छन्। ४२ रोपनी जग्गामा निर्माण हुने उक्त सुविधासम्पन्न स्टुडियोमा चलचित्र छायांकन हुनेछ। बनेपामै शिलान्यास गर्नुपर्नेमा सूर्यविनायक-बनेपा-धुलिखेल सडकखण्डका कारण बालुवाटारबाट शिलान्यास गर्नुपरेको बताइएको छ। 'बनेपामै शिलान्यास गर्नुपर्ने थियो। अस्तव्यस्त सूर्यविनायक-बनेपा-धुलिखेल सडक खण्डका कारण बालुवाटारमै कार्यक्रम गरियो।' शिलान्यास कार्यक्रममा बालुवाटार पुगेका एक अधिकारीले भने। काभ्रेपलाञ्चोक हुँदै पूर्व जोड्ने सूर्यविनायक-धुलिखेल सडकखण्ड ६ लेनमा विस्तार गर्न थालेको डेढ वर्ष भयो। ०७९ मंसिरमा निर्माण सुरु भएको आयोजना ३६ महिनामा अर्थात् आगामी चैतसम्म सक्नुपर्ने सम्झौता छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८२/०१/३१

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय टाँडी, चितवनबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरतावेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरु **बागेश्वरी पोल्ट्री प्रा.लि.** तथा **बागेश्वरी मल्टी एग्रो फर्म**को हकमा मिति २०८०/०१/२९ को अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८१/१२/०१ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र **बि.एस. शीसा प्लाई हाउस**को हकमा मिति २०८१/०३/१६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५(पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय टाँडी, चितवनमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिने छ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : आवधिक कर्जा र अधिविकर्ष कर्जा

ऋणीको नाम : बागेश्वरी पोल्ट्री प्रा.लि.
दर्ता नं. : २१५७६७/७५/०७६ (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर)
रजिष्टर्ड ठेगाना : रत्ननगर न.पा.-१२, जमुनापुर, चितवन
दर्ता मिति : वि.स. २०७६/०२/०८
पान नं. : ६०९५४१२९८

कम्पनीको संचालक तथा जमानीकर्ताको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : हरि प्रसाद बजगाई बाबु : तारानाथ बजगाई बाजे : कृष्ण प्रसाद घिमिरे पत्नी : चन्द्र कुमारी बजगाई स्थायी ठेगाना : पिठुवा -१, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : २२७१ जारी मिति : २०३९/०६/०७ जि.प्र.का. : चितवन	**१. नाम : चन्द्र कुमारी बजगाई** बाबु : अणडक प्रसाद घिमिरे ससुरा : तारानाथ बजगाई पति : हरि प्रसाद बजगाई स्थायी ठेगाना : पंचकन्या -२, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : १०५ जारी मिति : २०४६/०३/१२ जि.प्र.का. : चितवन
२. नाम : सुजन बजगाई बाबु : हरि प्रसाद बजगाई बाजे : तारानाथ बजगाई पत्नी : सरस्वती अधिकारी स्थायी ठेगाना : रत्ननगर -११, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : ७७८१/०६१ जारी मिति : २०६१/०१/०७ जि.प्र.का. : चितवन	**३. नाम : सरस्वती अधिकारी** बाबु : दिल प्रसाद अधिकारी ससुरा : हरि प्रसाद बजगाई पति : सुजन बजगाई स्थायी ठेगाना : आमभञ्ज्याङ्ग -७, मकवानपुर हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : ४७/३१०३१ जारी मिति : २०६२/०९/२६ जि.प्र.का. : मकवानपुर
४. नाम : सुमन बजगाई बाबु : हरि प्रसाद बजगाई बाजे : तारानाथ बजगाई पत्नी : दिनीशा पोखरेल स्थायी ठेगाना : रत्ननगर -११, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : ३५१०२०/८७ जारी मिति : २०६७/०२/१७ जि.प्र.का. : चितवन	**५. नाम : दिनिशा पोखरेल** बाबु : दिपक चन्द्र पोखरेल ससुरा : हरि प्रसाद बजगाई पति : सुमन बजगाई स्थायी ठेगाना : रत्ननगर -१०, चितवन हालको ठेगाना : रत्ननगर न.पा.-१२, चितवन ना.प्र.नं. : ३५१०२०/२८९८ जारी मिति : २०६८/१२/२९ जि.प्र.का. : चितवन

२. कर्जा शिर्षक : अधिविकर्ष कर्जा

ऋणीको नाम : बागेश्वरी मल्टी एग्रो फर्म
दर्ता नं. : ४६४/०७७/०७८ (घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवन)
रजिष्टर्ड ठेगाना : रत्ननगर न. पा.-१२, जमुनापुर, चितवन
दर्ता मिति : २०७७/०७/०५
पान नं. : ६१४०९७६८३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : चन्द्र कुमारी बजगाई बाबु : अणडक प्रसाद घिमिरे ससुरा : तारानाथ बजगाई पति : हरि प्रसाद बजगाई स्थायी ठेगाना : पंचकन्या -२, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : १०५ जारी मिति : २०४६/०३/१२ जि.प्र.का. : चितवन	**१. नाम : हरि प्रसाद बजगाई** बाबु : तारानाथ बजगाई बाजे : कृष्ण प्रसाद घिमिरे पत्नी : चन्द्र कुमारी बजगाई स्थायी ठेगाना : पिठुवा -१, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : २२७१ जारी मिति : २०३९/०६/०७ जि.प्र.का. : चितवन
२. नाम : सुजन बजगाई बाबु : हरि प्रसाद बजगाई बाजे : तारानाथ बजगाई पत्नी : सरस्वती अधिकारी स्थायी ठेगाना : रत्ननगर -११, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : ७७८१/०६१ जारी मिति : २०६१/०१/०७ जि.प्र.का. : चितवन	**३. नाम : सरस्वती अधिकारी** बाबु : दिल प्रसाद अधिकारी ससुरा : हरि प्रसाद बजगाई पति : सुजन बजगाई स्थायी ठेगाना : आमभञ्ज्याङ्ग -७, मकवानपुर हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : ४७/३१०३१ जारी मिति : २०६२/०९/२६ जि.प्र.का. : मकवानपुर
४. नाम : सुमन बजगाई बाबु : हरि प्रसाद बजगाई बाजे : तारानाथ बजगाई पत्नी : दिनीशा पोखरेल स्थायी ठेगाना : रत्ननगर -११, चितवन हालको ठेगाना : रत्ननगर न.पा. -१२, चितवन ना.प्र.नं. : ३५१०२०/८७ जारी मिति : २०६७/०२/१७ जि.प्र.का. : चितवन	**५. नाम : दिनिशा पोखरेल** बाबु : दिपक चन्द्र पोखरेल ससुरा : हरि प्रसाद बजगाई पति : सुमन बजगाई स्थायी ठेगाना : रत्ननगर -१०, चितवन हालको ठेगाना : रत्ननगर न.पा.-१२, चितवन ना.प्र.नं. : ३५१०२०/२८९८ जारी मिति : २०६८/१२/२९ जि.प्र.का. : चितवन

माथि उल्लिखित ऋणी बागेश्वरी पोल्ट्री प्रा. लि. र बागेश्वरी मल्टी एग्रो फर्मले उपभोग गरेको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण :

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/ सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	चितवन	पंचकन्या	३/ख	४३८	०-४-०	हरी प्रसाद बजगाई	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
२.	चितवन	पंचकन्या	३/ख	४९०	०-६-०		
३.	चितवन	पंचकन्या	३/ख	४९१	०-२-०	चन्द्र कुमारी बजगाई	
४.	चितवन	पंचकन्या	३/ख	१३००	०-३-०		
५.	चितवन	पंचकन्या	३/ख	८९३	०-२-०		

३. कर्जा शिर्षक : अधिविकर्ष कर्जा, स्थायी चालु पुँजी कर्जा (आवधिक), अल्पकालिन कर्जा

ऋणीको नाम र ठेगाना
ऋणीको नाम : बि.एस. शीसा प्लाई हाउस
रजिष्टर्ड ठेगाना : भरतपुर महानगरपालिका- १०, वौद्धिक टोल, चितवन
रजिष्ट्रेशन नं. : ९०७/०७४/०७५ (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, भरतपुर महानगरपालिका महानगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा भरतपुर, चितवन)
रजिष्ट्रेशन मिति : २०७४।०९।०३
पान नं. : ६१८१८३२८१

फर्मको प्रोप्राइटरको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : उन्नती खड्का बाबु : कुशल खड्का क्षेत्री ससुरा : बलराम सुवेदी पति : भुवन सुवेदी : ठेगाना : भरतपुर उ.म.न.पा.वडा नं. १०, चितवन हाल : भरतपुर म.न.पा.वडा नं. ११, चितवन ना.प्र.नं. : ३५१०२५/९२४८ जारी मिति : २०७०/०४/०२ जि.प्र.का. : चितवन	**१. नाम : रमा देवी सुवेदी** बाबु : भक्ति विलास पाठक ससुरा : प्रेम सागर सुवेदी पति : बलराम सुवेदी : ठेगाना : जुटपानी गा.वि.स. वडा नं. ७, चितवन हाल : भरतपुर म.न.पा.वडा नं. ११, चितवन ना.प्र.नं. : ३५३०१६/६४१ जारी मिति : २०६३/११/१२ जि.प्र.का. : चितवन
२. नाम : भुवन सुवेदी बाबु : बलराम सुवेदी बाजे : प्रेम सागर सुवेदी पत्नी : उन्नती खड्का : ठेगाना : जुटपानी गा.वि.स. वडा नं. ७, चितवन हाल : भरतपुर म.न.पा.वडा नं. ११, चितवन ना.प्र.नं. : ०३९३३७ जारी मिति : २०६५/०२/१९ जि.प्र.का. : चितवन	**३. नाम : बलराम सुवेदी** बाबु : प्रेम सागर सुवेदी बाजे : बुद्धि सागर सुवेदी पत्नी : रमा देवी सुवेदी ठेगाना : बछौली गा.वि.स. वडा नं. ९,चितवन हाल : भरतपुर म.न.पा.वडा नं. ११, चितवन ना.प्र.नं. : ३५-२४५ जारी मिति : २०४५/०२/०९ प्रतिलिपी मिति : २०६८/०८/२३ जि.प्र.का. : चितवन
४. नाम : सुमन सुवेदी बाबु : बलराम सुवेदी बाजे : प्रेम सागर सुवेदी : ठेगाना : भरतपुर म.न.पा.वडा नं. ११, चितवन हाल : भरतपुर म.न.पा.वडा नं. ११, चितवन ना.प्र.नं. : ३५-०१-७१-०९६६७ जारी मिति : २०७१/०९/२० जि.प्र.का. : चितवन	

माथि उल्लिखित ऋणी बि.एस. शीसा प्लाई हाउसले उपभोग गरेको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तीको विवरण:
१.धितो सुरक्षण धनीको नामः- भुवन सुवेदी

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/ नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	चितवन	जुटपानी	७/क	८१३	०-०-१२-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
				११५१	०-४-८-०	
				७११	०-१-०-०	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय, टाँडी, चितवनमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/०२/१६, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, टाँडी, चितवन।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

डा. अधिकारीलाई प्रज्ञा अनुवाद पुरस्कार ०८१ प्रदान



काठमाडौं/ अनुवादक डा. बलराम अधिकारीलाई नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रदान गरिने प्रज्ञा अनुवाद पुरस्कार ०८१ बाट सम्मानित गरिएको छ। प्रज्ञा-प्रतिष्ठान परिसरमा मंगलबार आयोजित कार्यक्रममा उक्त पुरस्कार प्रदान गरिएको हो। साहित्यिक अनुवादको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वलाई दिइने यो प्रतिष्ठित पुरस्कार डा. अधिकारीलाई नेपाली साहित्यलाई विश्व पाठकमाझ पुऱ्याउन गरेको असाधारण योगदानको कदरस्वरूप प्रदान गरिएको हो। समारोहमा नेपाल प्रज्ञा-प्रतिष्ठानका अधिकारीहरूले डा. अधिकारीको साहित्यिक उत्कृष्टता र सांस्कृतिक आदान-प्रदानप्रतिको समर्पणको प्रशंसा गरेका थिए। उनका अनुवादहरू भाषिक शुद्धता र काव्यात्मक संवेदनशीलताको दृष्टिले उच्च मूल्यांकन पाइरहेका छन्। कार्यक्रममा डा. अधिकारीले नेपाल प्रज्ञा-प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दै अनुवाद भनेको संस्कृतिहरूलाई जोड्ने, विचार बाँड्ने, र विश्वव्यापी मानव अनुभव व्यक्त गर्ने माध्यम भएको बताए। उनले व्यक्तिगत रुचिबाट सुरु भएको यो यात्राले संस्थागत मान्यता पाएकोमा गर्व लागेको बताए। डा. अधिकारीको यो उपलब्धिले नेपाली साहित्यिक अनुवादको क्षेत्रमा एक महत्वपूर्ण उपलब्धिको रूपमा चिनिएको छ।

निर्वाचन प्रक्रिया सिकाउन विद्यालयमै अभ्यास निर्वाचन



काठमाडौं/ कोही मतदान गर्न लाइनमा तम्तयार देखिन्छन्। कोही मतदान गरेर फर्किंदै छन्। केहीले मतपत्र पट्याएर बुथमा खसाल्दै गरेको देखिन्छ। डोरीको घेराबाहिर डेक्ससहित बसेका निर्वाचन कमिटीका व्यक्तिहरूलाई निर्वाचन गराउन आफ्नै चटारो छ। कतिपयले मतदानस्थलमा सुरक्षा प्रदान गरिरहेका छन्।

काठमाडौंको मध्यबानेश्वरस्थित भ्याली भ्यु स्कूलमा सोमबार विद्यार्थीले गरेको चुनावी अभ्यासले साँच्चिकै निर्वाचनको झल्को दिइरहेको थियो। नेपालमा हुने निर्वाचन प्रणाली र प्रक्रिया सिकाउन ४ देखि १० कक्षासम्मका विद्यार्थीलाई हरेक वर्ष विद्यालयले यसरी नै अभ्यास गराउने गर्छ। मतदान शिक्षा दिन, नेतृत्व चयन र चुनावी प्रक्रिया सिकाउन यसो गरिएको विद्यालयका प्रधानाध्यापक सुभाषचन्द्र भण्डारीले जानकारी दिए।

चारवटा सदनका लागि विद्यार्थीले उम्मेदवारी दिन्छन् र निर्वाचित हुन्छन्। अभ्यासका क्रममा वास्तविक निर्वाचनमा जेजस्तो गरिन्छ सोही प्रक्रिया अपनाइने गरेको उनले बताए। विद्यार्थीले नामावली प्रकाशन, उम्मेदवारी दर्ता, मतदान चिह्न प्रदान, मौन अवधि, मतगणना, नतिजा घोषणा, शपथग्रहणलगायत प्रक्रिया पालना गरे। 'निर्वाचन प्रणाली, यसको महत्त्व सिकाउन र बुझाउन यस्तो अभ्यास गराउँछौं, जो चुनाव जितेको छ उसले एक वर्ष आफ्नो हाउसमा लिडरसिपको काम गर्छ,' प्रधानाध्यापक भण्डारीले भने, 'यसबाट उनीहरूले चुनाव कति महत्त्वपूर्ण रहेछ र नेतृत्व कसरी चयन हुनेरहेछ भनेर प्रत्यक्ष महसुस गर्छन्।'

मतदान कार्यक्रमका लागि निर्वाचन आयोगसमेत गठन गरिएको थियो। विद्यालयको चारवटा सदनका उम्मेदवारले मत माग्ने, आफ्ना एजेन्डा प्रस्तुत गर्ने, मौन अवधिको पालना गर्नेलगायत नियम पालना गरेका थिए। मतदान प्रक्रियाबाट सदनका लागि कप्तान, छात्र उपकप्तान र छात्रा उपकप्तानका लागि एक-एकजना विद्यार्थी चयन गरिएको छ।

महानगर केन्द्रीय कार्यालयमा फोहोर पानी प्रशोधन गर्न 'ट्रिटमेन्ट प्लान्ट' जडान

काठमाडौं/ काठमाडौं महानगरपालिकाले केन्द्रीय कार्यालय काठमाडौं प्लाजामा फोहोर पानी प्रशोधन गर्न 'ट्रिटमेन्ट प्लान्ट' जडान गरेको छ। केन्द्रीय कार्यालयमा रहेका शौचालयबाट उत्पादन भएको फोहोर पानी प्रशोधन गर्न दैनिक पाँच हजार लिटर प्रशोधन क्षमताको ट्रिटमेन्ट प्लान्ट जडान गरेको हो। एको महानगरले जनाएको छ।

बिजुलीबाट चल्ने यो प्रणालीमा 'एरोबिक' र 'एनएरोबिक' दुवै विधिबाट फोहोर पानी प्रशोधन हुन्छ। यसको लागत करिब २० लाख रहेको महानगरको वातावरण व्यवस्थापन विभाग प्रमुख सरिता राईले जानकारी दिइन्। उनका अनुसार यो नमुना योजना हो। यसको नतिजा हेरेर आवश्यकताका आधारमा अन्य स्थानमा पनि प्लान्ट जडान गर्ने तयारी छ। विभाग प्रमुख राईले भनिन्, 'हाल कार्यालयबाटै परीक्षण सुरु गरेका छौं। यहाँ तीन दशमलव ६० मिटर लम्बाइ, एक दशमलव २० मिटर चौडाइ र एक दशमलव ९८ मिटर उचाइ भएको प्लान्टभित्र चारवटा च्याम्बर रहेका छन्।' वरिष्ठ इन्जिनियर निशा कोइरालाका अनुसार शौचालयबाट केही ठोससहितको फोहोर पानी प्लान्टमा पुगेपछि पहिले तरल र ठोस छुट्याइनेछ। त्यसपछि एनएरोबिक विधि (अक्सिजन दिनु नपर्ने विधि)बाट प्रशोधन सुरू हुन्छ। तेस्रो चरणमा भने एरोबिक (अक्सिजन दिनुपर्ने विधि)बाट चौथो चरणमा फिल्टर र किटाणु नष्ट गर्ने कार्य गरिन्छ। यस विधिबाट तयार भएको पानी दुर्गन्धरहित हुन्छ। बोटबिरुवामा सहजै प्रयोग गर्न सकिन्छ।

विभागका इन्जिनियर रामप्रसाद नेपालका अनुसार महानगरको केन्द्रीय कार्यालय प्लाजा परिसरमा ७२ वटा शौचालय छन्। हाल ४४ वटा शौचालयबाट आउने तरल पादर्थलाई नमुनाका रूपमा प्रशोधन गरिएको छ। यसबाट प्राप्त हुने नतिजाका आधारमा प्लान्टको क्षमता बढाएर थप शौचालयको तरल पानी मिसाइने उनले जानकारी दिए। प्लाजामा दैनिक करिब नौ हजार लिटर पानी प्रयोग हुने गर्छ।

■ प्रि-बजेटमाथिको छलफलमा सांसदहरूको सुझाव

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर्मकाण्डी भए, आशा जगाउने बजेट आओस्



● **शक्तिबहादुर बस्नेत**, माओवादी

हिँड्न बनेपातिर लक्ष्य राखेको जस्तो, तर पाइलाचाहिँ थानकोटतिर बढाइराखेको यहाँ अनुभूति भयो ।



● **मनीष झा**, रास्वपा

हामीलाई पाँच-दश दिनमा ड्राइभिङ लाइसेन्स चाहिएको छ । तर, हामी पानीजहाज अफिसको उद्घाटन गर्छौं । भनेको सुधारको कुरामा केन्द्रित भइराखेका छैनौं ।



● **प्रकाश ज्वाला**, एकीकृत समाजवादी

सिद्धान्त र प्राथमिकता सामान्य, कर्मकाण्डी हिसाबले ल्याइएको छ । विनियोजन विधेयकमा जनतालाई उत्साह र ऊर्जा दिने खालको प्राथमिकता देखिएन ।

कमलराज भट्ट/नयाँ पत्रिका

सांसदहरूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर्मकाण्डी हिसाबले आएको भन्दै जनतामा आशा जगाउने गरी बजेट ल्याउन सरकारलाई सुझाव दिएका छन् । सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष ०८२/८३ का लागि विनियोजन विधेयकमा (कर प्रस्तावबाहेक) माथि मंगलबार प्रतिनिधिसभाको बैठकमा विपक्षी सांसदहरूले जनतामा आशा जगाउने बजेट ल्याउन सुझाव दिएका हुन् । तर सत्तापक्षका सांसदले विनियोजन विधेयकको बचाउ गरेका छन् । अर्थमन्त्री विष्णु पौडेलले शुक्रबार दुवै सभामा आगामी बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका थिए ।

माओवादीका शक्तिबहादुर बस्नेतले सिद्धान्त र प्राथमिकता विरोधाभास र अलमलिएको जस्तो रहेको बताए । 'हिँड्न बनेपातिर लक्ष्य राखेको जस्तो, तर पाइलाचाहिँ थानकोटतिर बढाइराखेको यहाँ अनुभूति भयो,' उनले भने । सरकारले सकारात्मक कुरालाई अनुसरण गर्ने, कमीकमजोरीलाई सच्याएर अगाडि बढ्नुपर्ने उनको सुझाव छ । उनले सिद्धान्त र प्राथमिकतामा उल्लेखित लोकतान्त्रिक मूल्यसहितको समाजवादउन्मुख आर्थिक व्यवस्था उद्देश्य हासिल गर्न मिश्रित अर्थव्यवस्था अवलम्बन गर्नुको विकल्प नभएको बताए । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता विकाससहितको योजनाबद्ध र समावेशी विकासको ढाँचा आजको आवश्यकता भएको उनले बताए । पूर्वाधार निर्माणसँगै जलाशययुक्त आयोजना निर्माणलाई पनि बजेटमा प्राथमिकता दिनुपर्ने, उत्पादनसँग जोड्नुपर्नेमा उनले जोड दिए ।



रास्वपाका मनीष झाले आगामी बजेटको प्रस्तावित रणनीति र कार्यनीतिमा एकरूपता नभएको बताए । 'अहिलेको विकास, अर्थतन्त्र अगाडि बढाउने, जीविकोपार्जन र दैनिकी सुधार्ने हो भने हामीले सुधार्नुपर्ने सुशासन हो । सुशासन नसुधारीकन यो पानीजहाज र मोनोरेलको सपना बेचेर मात्र राजनीति हुँदैन । त्यसले हामीलाई अल्झाउने र बल्झाउने मात्र गर्छ,' उनले भने, 'किनकि हामीलाई पाँच-दश दिनमा ड्राइभिङ लाइसेन्स चाहिएको छ । तर, हामी पानीजहाज अफिसको उद्घाटन गर्छौं । भनेको सुधारको कुरामा केन्द्रित भइराखेका छैनौं ।' यहाँबाट सुधार जरुरी रहेको उनको भनाइ थियो । सरकारको आकार ठूलो भएको, संघीयताको सबलीकरणका नाममा संरचना थपिएको र भएका संरचना बन्द नगरिएको भन्दै यसले खर्च बढाइरहेको बताए । प्रविधि विकासमा लाग्नुपर्नेमा विभिन्न आयोग र नियोगमा नियुक्ति गरेर खर्च बढाउने काम भइरहेको उनको भनाइ छ । सार्वजनिक संस्थानहरूमा लगानी धेरै भइरहेको, तर आम्दानी न्यून रहेको उल्लेख गर्दै ध्यान दिन अनुरोध गरे । गभर्नर नियुक्ति पार्टीले पायो भन्नु लाजमर्दो भएको र यसले प्रणालीकै विश्वसनीयता घटाइरहेको उनको टिप्पणी थियो ।

राप्रपाका ज्ञानबहादुर शाहीले राजस्व प्रणालीलाई पूर्ण डिजिटलाइज्ड बनाउने गरी बजेटको प्राथमिकता निर्धारण गर्न सुझाव दिए । विमानस्थल बनाउनुभन्दा अगाडि प्रशासनिक काम सक्न र परिणाम आउने गरी काम गर्न उनको सुझाव छ । कृषियन्त्रको आयात प्रतिस्थापन र कृषि अनुदानको दुरुपयोग रोक्न उनले सरकारलाई सुझाव दिए ।

एकीकृत समाजवादीका प्रकाश ज्वालाले सिद्धान्त र प्राथमिकता सामान्य, कर्मकाण्डी हिसाबले ल्याइएको बताए । जनतालाई उत्साह र ऊर्जा दिने खालको प्राथमिकता नरहेको उनको भनाइ छ । विकास, उत्पादन, रोजगारी सिर्जना गर्ने खालको बजेट आउँछ भन्ने नदेखिएको उनले उल्लेख गरे । नीति तथा कार्यक्रम र सिद्धान्त र प्राथमिकता हेर्दा दलाल, बिचौलिया, भूमाफिया, कालाबजारीको हित, स्वार्थमा केन्द्रित भएर बजेट आउने आशंका उनले गरे । भुइँमान्छे, आधारभूत वर्गको पक्षमा बजेट आउन गाह्रो देखिएको उनको भनाइ थियो । 'आर्थिक सुधार, उद्यमशीलता उत्पादन र रोजगारीका थप अवसर सिर्जना गर्दै मानवीय र भौतिक विकासमा तीव्रता दिन र लोकतान्त्रिक मूल्यमा आधारित समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रका आधार तयार गर्न सम्पूर्ण स्रोत-साधन र सामर्थ्यको परिचालन गर्ने' प्रतिबद्धता महत्त्वपूर्ण रहेको भन्दै यसअनुसार बजेट ल्याउन सक्नुहुन्छ भनेर अर्थमन्त्रीलाई प्रश्न गरे । जसपाका वीरेन्द्रप्रसाद महतोले समावेशी विकास र सामाजिक न्यायमा केन्द्रित हुन सरकारलाई सुझाव दिए । आमनागरिकलाई विकासको लाभमा पहुँच सुनिश्चित, सन्तुलित विकासका लागि तीन तहका सरकारबिच उचित समन्वय, व्यवसायीमैत्री वातावरण सिर्जना, स्वदेशमै रोजगारी सिर्जना, डिजिटल नेपाल निर्माणका लागि आएका कानुनी झन्झट हटाउनुपर्ने उनको भनाइ थियो ।

■ सिद्धान्त र प्राथमिकता सकारात्मक : कांग्रेस-एमाले

कांग्रेस सांसद ज्ञानेन्द्रबहादुर कार्कीले बजेट प्रणालीमा सुधार ल्याई सीमित साधनबाट अधिकतम प्रतिफल दिने गरी आएको सिद्धान्त र प्राथमिकता सकारात्मक रहेको बताए । बजेटको खर्चसँगै जनताले पाउने प्रतिफल मुख्य विषय भएको भन्दै उनले अर्थतन्त्र कमजोर, तर सुधारोन्मुख रहेको बताए । सीमित स्रोत-साधनबाट जनताका आकांक्षा पूरा गर्नुपर्ने उनको भनाइ थियो । गुणस्तरीय पुल, सडक, स्वास्थ्यचौकी, विद्यालयहरू आवश्यक रहेको र सीमित स्रोतबाट सम्बोधन गर्नु चुनौती रहेको बताए । ठूला दुई दलबाट निर्मित सरकारले पूरा गर्ने विश्वास उनले लिए । कार्कीले प्राथमिकतामा राखेका विषयको कार्यान्वयनमा पनि जोड दिए । सरकारले बजेटलाई दस्ताबेजका रूपमा होइन विश्वसनीय र कार्यान्वयनयोग्य बनाउन सुझाव दिए ।

■ फरार एमाले प्रदेश सांसदबारे प्रश्न



विष्णु पन्थी

अदालतबाट पक्राउ पुर्जी जारी भई फरार भनिएका एमालेबाट लुम्बिनी प्रदेश सांसद विष्णु पन्थी प्रधानमन्त्री केपी ओलीसँग एउटै मञ्च देखिएको विषयमा प्रतिनिधिसभामा प्रश्न उठेको छ । सांसदहरूले फरार सांसद खुलेयाम हिँड्नु नै सरकारको सुशासन हो भनेर प्रश्न गरेका छन् । 'जो सुशासनको ठेक्का लिएको सरकार छ, जो पक्राउ पुर्जी जारी भएको सांसद छन्, प्रहरी प्रशासन जाँदा भेट नभएको अथवा जानकारी नभएको रिपोर्ट आउँछ । प्रधानमन्त्रीसँग कुम ढेलेर मञ्चमा बसेको छ । सुशासनको यो कुनचाहिँ नमुना हो, कस्तो नमुना हो ?' माओवादी सांसद रणेन्द्र बरालीले प्रश्न गरे । व्यापारीसँग सामान उठाएर पैसा नतिरेको आरोपमा १० महिनाअघि नै पक्राउ पुर्जी जारी भएर पक्राउ नपरेका सांसद पन्थी सोमबार बुद्धजयन्तीका अवसरमा प्रधानमन्त्री ओली उपस्थित लुम्बिनीमा आयोजित कार्यक्रममा अतिथि बनेर मञ्चमै आसनग्रहण गरेका थिए । राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले पनि सत्ताको छायाका कारण प्रहरी प्रशासनले फरार सांसद पन्थीलाई पक्रन नसकेको टिप्पणी गरे ।

एमालेका गोकर्ण विष्टले नेपाली जनताको तीव्र विकास र परिवर्तनको चाहनालाई सम्बोधन गर्ने गरी आएको बजेटको सिद्धान्त र प्राथमिकता सही भएको बताए । 'मुलुकको अर्थतन्त्र कता लैजाने तथा आउने बजेटलाई प्रस्ट दिशाबोध गरेको छ,' उनले भने, 'मौलिक हक र राज्यका निर्देशक सिद्धान्तलाई सम्बोधन गर्ने उद्घोष गरेको छ । आर्थिक उद्देश्य प्रस्ट राखेको छ ।' सिद्धान्त र प्राथमिकता आधारित भएर बजेटले यथार्थ, जनताको आशा जगाउने र सन्तुलन कायम गर्ने गरी बजेट आउने अपेक्षा गरे । आगामी बजेटले वित्तीय अनुशासन कायम गर्ने, चालू खर्च घटाउने, पुँजीगत खर्च बढाउने, उत्पादनमूलक क्षेत्रलाई चलायमान बनाउने, रोजगारी वृद्धि गर्ने, मानव पुँजीको विकास गर्नेजस्ता सन्दर्भलाई गम्भीरताका साथ ध्यान दिनुपर्ने सुझाव उनले दिए ।

जनमत प्रदेश सांसद गीता गुरुङको राजीनामा

तर, पार्टी र संसद् सचिवालयलाई छैन जानकारी

बुटवलमा **विष्णु घिमिरे**



लुम्बिनी प्रदेश सभा सदस्य गीता गुरुङले पदबाट राजीनामा दिएको चर्चा मंगलबार सञ्चारमाध्यममा छाएको छ । तर, राजीनामाको आधिकारिक जानकारी उनीआबद्ध जनमत पार्टी तथा संसद् सचिवालयलाई मंगलबार साँझसम्म छैन । गुरुङका श्रीमान् कैलाश गुरुङ सभामुख तुलाराम घर्तीमगरलाई राजीनामापत्र बुझाउन हिँडेको भन्दै केही सञ्चारमाध्यममा समाचार आए पनि साँझ पौने ६ बजेसम्म संसद् सचिवालयमा त्यससम्बन्धी जानकारी छैन ।

सभामुख घर्तीमगरले गुरुङको राजीनामा सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको बताए । जनमत पार्टीका लुम्बिनी प्रदेश संसदीय दलका नेता चन्द्रकेश गुप्ताले सांसद गुरुङ लामो समयदेखि पार्टीको सम्पर्कमा नरहेको र राजीनामापत्र पनि नआएको बताए । सञ्चारमाध्यममा राजीनामाबारे देखेको भन्दै उनले पार्टीलाई कुनै जानकारी नगराएको बताए । 'उहाँ संसद्मा पनि निकै कम उपस्थित हुनेमा पर्नुहुन्छ, २५ प्रतिशत पनि उहाँको उपस्थिति छैन, संसदीय दलको बैठकमा आउनुभएकै छैन । अहिले मोबाइल स्विच्ड अफ छ, मुलुकबाहिर हुनुहुन्छ भन्ने सुनेका छौं,' गुप्ताले भने ।

केही दिनअघि प्रदेश समितिको बैठकमा गुरुङबारे आफूले कुरा राखेको उनले बताए । 'आज राजीनामाको हल्ला आएपछि पार्टी केन्द्रमा पनि कुरा राखेँ, राजीनामा आए स्वीकृत गरिदिनू भन्ने निर्देशन छ, तर राजीनामा आएको थाहा छैन,' गुप्ताले भने । गीता दुई महिनादेखि बेलायतमा बस्दै आएको चर्चा चले पनि यसबारे उनका श्रीमान् कैलाश गुरुङसँग सम्पर्क गर्न खोज्दा उनको पनि मोबाइल स्विच्ड अफ थियो ।

सभामुखलाई सम्बोधन गरिएको चर्चामा आएको सांसद गुरुङको राजीनामापत्रमा जनताले तिरेको करबाट पारिश्रमिक लिन उपयुक्त नठानेको उल्लेख छ । राष्ट्र, देश र जनताभन्दा माथि कोही हुँदैन भन्ने आफ्नो मान्यता रहेको जनाइएको छ । गुरुङ सिके राउत नेतृत्वको जनमत पार्टीबाट समानुपातिक कोटामा प्रदेश सभामा निर्वाचित भएकी थिइन् । लुम्बिनी प्रदेश सभाका सचिव दुर्लभकुमार पुनमगरले पनि समाचारमा राजीनामा आएको कुरा आए पनि आधिकारिक जानकारी प्राप्त नभएको बताए । गीताका श्रीमान् कैलाश भने केही साताअघि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा प्रवेश गरेका थिए ।

लुम्बिनीका सभामुख तुलाराम घर्तीमगर भन्छन्-



मिडियामा मात्रै समाचार आयो, सांसदले मलाई फोन पनि गर्नुभएको छैन, मलाई राजीनामा पनि दिनुभएको छैन । उहाँआबद्ध दलले अहिलेसम्म कुनै सूचना जारी गरेको छैन । सम्बन्धित माननीयले सभामुखसमक्ष आएर राजीनामापत्र दिनुपर्‍यो । कि त उहाँआबद्ध दलले उहाँलाई कारबाही गरेको संसदीय दलको आधिकारिक लेटरप्याडमा हाम्रो दलमा छैन्न भनेर आधिकारिक रूपमा सूचना दर्ता गर्नुपर्‍यो । विनासूचना प्रदेश सभा बैठकमा लगातार १० पटक उपस्थित नभएमा हटाउने प्रावधान छ, तर अहिले यी तीनवटै प्रावधान यहाँ लागू भएको अवस्था छैन । पछिल्लोपटक उहाँले बिदा लिनुभएको हो । बिदा लिएर उहाँ कहाँ जानुभएको छ भन्ने जानकारी छैन ।

संक्षेप

उच्च अदालतबाट प्रेस काउन्सिलको अधिकारको पक्षमा फैसला

काठमाडौं/ उच्च अदालत पाटनले डिजिटल मिडियाको अनुगमन र कारबाही गर्ने प्रेस काउन्सिलको कारबाहीलाई सदर गरेको छ । उच्च अदालत पाटनका न्यायाधीशद्वय मुनेन्द्र अवस्थी र टीकाराम आचार्यको संयुक्त इजलासले काउन्सिललाई अनलाइन न्युज पोर्टल र युट्युबसहितका सामाजिक सञ्जालमार्फत चल्ने मिडिया काउन्सिलको अनुगमनको क्षेत्राधिकारमा पर्ने व्याख्यासहित फैसला गरेको हो । प्रेस काउन्सिलको गत २७ मंसिरमा दियोपोस्ट डटकमसहितका विभिन्न डिजिटल मिडियालाई कालोसूचीमा राख्ने कारबाहीविरुद्ध परेको रिटमा मंगलबार भएको सुनुवाइपश्चात् फैसला भएको हो । 'यो फैसलाले डिजिटल मिडियाले पनि पत्रकार आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ भन्ने प्रस्ट व्याख्या गरेको छ,' काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले भने, 'अबका दिनमा अनलाइन मात्र नभई युट्युब, फेसबुक पेजसहित प्रयोग गरी चलेका डिजिटल मिडियाको अनुगमनसमेत काउन्सिलको दायरामा परेको अदालतबाट व्याख्या भएबाटै प्रस्ट भएको छ ।' काउन्सिलले डिजिटल मिडिया अनुगमन र कारबाहीका लागि एक वर्षअघि नै कार्यविधि बनाई नियमन गरिरहेको छ ।

जलनको दाग हटाउन सांसद भण्डारी बर्न अस्पताल भर्ना



काठमाडौं/ जलनको दाग हटाउन कीर्तिपुर बर्न अस्पताल भर्ना भएका कांग्रेस नेता चन्द्र भण्डारीलाई सघन उपचार कक्षबाट सामान्य बेडमा सारिएको छ । उनलाई शुक्रबारदेखि सघन उपचार कक्षमा राखिएको थियो । मंगलबारदेखि भने सामान्य बेडमा सारिएको अस्पतालका निर्देशक डा. किरण नकर्मीले जानकारी दिए । उनका अनुसार उपचार अवधिभर भण्डारीको स्वास्थ्य अवस्था सामान्य देखिएको छ । आगामी शुक्रबारसम्म उनलाई अस्पतालबाट डिस्चार्ज गरिनेछ । घाउ संक्रमण हुने सम्भावनालाई मध्यनजर गर्दै आगन्तुक भेट हाललाई स्थगित गरिएको अस्पतालले जनाएको छ ।

औषधि बिक्री-वितरणका लागि समिति गठन

काठमाडौं/ नेपाल औषधि लिमिटेडले उत्पादन भएका औषधि बिक्री-वितरणका लागि स्वास्थ्य मन्त्रालयले समिति गठन गरेको छ । मन्त्रालयले मंगलबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको नेतृत्वमा स्वास्थ्य मन्त्रालय, अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लिमिटेडलगायतमन अधिकारी रहने गरी समिति गठन गरेको हो । हाल नेपाल औषधि लिमिटेडले उत्पादन गरेका औषधिले बजार पाउन सकेको छैन । दुई-तीन महिनादेखि उत्पादन भएको औषधि स्टोरमा थन्किएको छ । लिमिटेडले सिटामोल, जीवनजललगायत १५ प्रकारका औषधि उत्पादन गर्दै आइरहेको छ । मन्त्रालयले सहजीकरण नगरिदिँदा सरकारी स्वास्थ्य संस्थाले समेत लिमिटेडको औषधि किनेर प्रयोग गर्दैनन् । मंगलबार बसेको बैठकमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले आमनागरिकलाई सुपथ मूल्यमा औषधि उपलब्ध गराउन लिमिटेडले उत्पादन गरेका औषधिलाई बजारीकरण गर्न पहल थालिएको बताए । 'आमनागरिकलाई सुपथ मूल्यमा उपलब्ध हुने औषधि प्राप्तिको निरन्तरताका लागि पनि लिमिटेडका उत्पादन निरन्तर हुनु जरुरी छ,' पौडेलले भने, 'विश्व स्वास्थ्य संगठनमार्फत गुणस्तर प्रमाणित गर्न सहयोग गरेका छौं, उत्पादन सरकारी संस्थामा पुऱ्याउन के-कसरी सहजीकरण गर्न सकिन्छ, हामी तयार छौं ।'

लागुऔषधसहित दुई भारतीय पक्राउ

धनगढी/ कैलालीको धनगढीबाट लागुऔषध खैरो हेरोइनसहित दुईजना भारतीय नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारतको उत्तर प्रदेश घर भएका ४१ वर्षीय पप्पु खान र २९ वर्षीय मुजमिल्ल अन्सारी रहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जानकारी दिएको छ । नेपाल प्रहरीको लागुऔषध ब्युरो शाखा र वडा प्रहरी कार्यालयको संयुक्त टोलीले धनगढी उपमहानगरपालिका- १ स्थित पशुपति टोलबाट उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार पक्राउ परेका दुवैजना हाल धनगढी- १ मा बस्दै आएका थिए । पक्राउ परेका भारतीय नागरिकको साथबाट १२ ग्राम २५० मिलिग्राम लागुऔषध खैरो हेरोइन बरामद गरिएको जिल्ला प्रहरी कार्यालयको सूचना शाखाका गणेश नाथले जानकारी दिए । कैलालीमा भारतसँग सय किलोमिटरभन्दा लामो खुला सिमाना जोडिएको छ ।

अवैध उत्खननमा नम्बरी भनिएको जग्गा नक्कली

आइईई एकातिर, उत्खनन अर्कोतिर भएको अख्तियारको भनाइ

उदयपुरमा **विदुर कटुवाल**

उदयपुरको चौदण्डीगढी नगरपालिका वडा नम्बर २ र ४ मा पर्ने लामाखोलानजिकको वरपानी गाउँमा नम्बरी भनेर उत्खनन गरिएको जग्गा नक्कली भएको पाइएको छ । नम्बरी जग्गाबाट उत्खनन गरी बिक्री गरिएको ढुंगा, गिट्टी, बालुवा र माटोको जग्गा नक्कली, प्रारम्भिक वातावरणीय मूल्यांकन (आइईई) एकातिर उत्खनन् अर्कोतिर भएको पाइएको हो ।

अवैध भनेर उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरी कार्यालयले विस्तृत रूपमा छानबिन गर्न थालेपछि नम्बरी भएको जग्गा नक्कली र आइईई प्रतिवेदनसमेत गलत भएको पाइएको हो । चौदण्डीगढी नगरपालिकाकै मेयरको मिलेमतोमा अवैध उत्खनन भएको भन्दै वडा नम्बर ७ का अध्यक्ष केशव अधिकारीले अख्तियारमा उजुरी दिएका थिए । त्यसपछि गत शुक्रबार अनुगमनमा गएको आयोग कार्यालयले प्रारम्भिक अनुसन्धान थालेको थियो । मंगलबारदेखि विस्तृत रूपमा अनुसन्धान थालेको आयोगको टोलीले नम्बरी भनिएको जग्गा नक्कली भएको पत्ता लगाएको वडाअध्यक्ष अधिकारीले बताए । 'लामाखोला वरपानी गाउँको सात घरको जग्गा देखाइएको छ । त्यो जग्गा सबै कागजमा देखिए पनि उत्खनन गरिएको स्थानमा भेटिएन । उजुरीकर्तालाई पनि सँगै राखेर अख्तियारको टोलीले उत्खनन भएको क्षेत्रको मंगलबार नापजाँच गरेको छ,' उनले भने ।



आयोगको चारजनाको टोलीले अवैध उत्खनन क्षेत्रको विस्तृत रूपमा छानबिनका लागि अनुसन्धान अधि बढाएको छ । 'नम्बरी भनेर नगरपालिकाले उत्खनन गर्न दिएको सात घरको जग्गामध्ये वेदबहादुर मगर, दिलबहादुर मगर, लालबहादुर कामीको जग्गा नम्बरी भएको र आइईई पनि गरेको देखियो । तर, उत्खनन खोलाको बाँध र वन क्षेत्रमा गरेको भेटियो । नम्बरी भनिएको छविलाल राई, मैनाकला राई, गोविन्दबहादुर विष्ट, सरस्वती विष्टको जग्गा भेटिएन,' उनले भने । माडिबास खोलानजिक रहेको धग्गाधनीको नाम नखुलेको १० कट्ठा जग्गामा आइईई गरेको, तर वन र खोला क्षेत्रमा गएर उत्खनन गरेको पाइएको अधिकारीको दाबी छ । 'अख्तियारको टोलीसँग स्थानीयले जग्गाधनी पनि चिनेनन् । नगरपालिकाका प्रतिनिधिले पनि देखाउन सकेनन्,' उनले भने । अख्तियारको इटहरी कार्यालयका एक अधिकारीले नम्बरी भनिएको जग्गा नक्कली, आइईई एकातिर उत्खनन अर्कोतिर भएको पाइएको बताए । 'अहिले हामी उत्खननको नापजाँचमा छौं । विस्तृतमा भन्न मिल्दैन । अर्को यही चौदण्डीगढी नगरपालिकाकै वडा नम्बर ५, ६ र ७ वडाको करमेज खोला, द्वार खोल क्षेत्रमा उत्खनन गरिएको क्षेत्रको पनि उजुरी परेको छ । त्यसको पनि बुधबार नापजाँच गर्ने तयारीमा छौं,' उनले भने ।

अवैध उत्खननविरुद्ध संघर्ष समितिका संयोजक पुष्पराज सुवेदीले नापी कार्यालयका प्रतिनिधि, वन कार्यालयका प्रतिनिधि तथा सरोकारवालासहितको टोलीले जग्गा यकिन गरेको बताए । नगरपालिकाका तर्फबाट राजस्व शाखाका प्रमुख प्रकाश वन उपस्थित थिए । 'अवैध उत्खनन पनि भएकै छ । ठुलो परिमाणमा राजस्व छली भएको छ । राजस्व छलीको कुरा बिस्तारै अनुसन्धान हुने टोलीले स्थानीयलाई जानकारी गराएका छन्,' उनले भने । नगरपालिकाले गत ७ वैशाखमा स्थानीय सांगे छोयलिंग कन्स्ट्रक्सन प्रालिलाई उत्खननका लागि ठेक्का दिएको थियो ।

कुलेखानी-हुमाने सडक १९ दिनका लागि बन्द

मकवानपुर/ बागमती प्रदेशको राजधानी हेटौंडालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने प्रमुख वैकल्पिक मार्ग मानिने कुलेखानी-कलंकी-हुमाने सडकखण्ड १९ दिनका लागि बन्द हुने भएको छ । सडक स्तरोन्नति तथा कालोपत्रेका लागि सडकखण्डमा तत्काल सवारी आवागमन पूर्ण रूपमा बन्द गरिने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रशासनले मंगलबार सूचना जारी गर्दै २ देखि २० जेठसम्म सडकखण्डमा सवारी सञ्चालनमा रोक लगाइने जनाएको हो । पूर्वाधार विकास कार्यालय, हेटौंडाको अनुरोधमा सडक मर्मत तथा कालोपत्रेको काम सम्पन्न नहुँदासम्मका लागि सडकखण्डमा सवारी आवागमन बन्द गर्ने निर्णय गरिएको हो । सडकको स्तरोन्नति कार्य इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने खण्डमा भइरहेको पूर्वाधार विकास कार्यालय हेटौंडाले जनाएको छ । काम तीव्र रूपमा सम्पन्न गर्न र सवारी सुरक्षाका लागि सडक पूर्ण रूपमा बन्द गर्नुपरेको प्रशासनको भनाइ छ । यस अवधिमा प्रशासनले यात्रु तथा सवारीचालकलाई कान्ति लोकपथ वा कुलेखानी-सिस्नेरी-फर्पिङ सडकजस्ता अन्य वैकल्पिक मार्ग प्रयोग गर्न आग्रहसमेत गरेको छ ।

■ सगरमाथा संवादको तयारी पूरा

विदेशबाट शीर्ष प्रतिनिधिमण्डल नआउने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले २ देखि ४ जेठसम्म आयोजना गरेको सगरमाथा संवादका लागि छिमेकी भारत र चीनबाट शीर्ष प्रतिनिधिमण्डल नआउने भएका छन् । कार्यक्रममा सहभागी हुन नेपालले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, चिनियाँ प्रधानमन्त्री ली छ्याङ, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस तथा विभिन्न देशका सरकार प्रमुख/राष्ट्र प्रमुखलाई निमन्त्रणा गरेको थियो । तर, कुनै पनि देशबाट राष्ट्र प्रमुख वा सरकार प्रमुखको स्तरबाट सहभागिता नहुने भएको छ ।

भारतबाट वन, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी मन्त्री भूपेन्द्र यादव तथा चीनबाट नेसनल पिपुल्स कंग्रेस (राष्ट्रिय जनकंग्रेस)का उपाध्यक्ष स्याओ जी सहभागी हुने तय भएको छ । जी नै सगरमाथा संवादमा विदेशबाट आउने सबैभन्दा वरिष्ठ अधिकारी हुनेछन् । उनीसँग चारजना चिनियाँ जनकंग्रेसका अधिकारी तथा ११ जना कर्मचारी बिहीबार काठमाडौं आइपुग्ने कार्यक्रम छ ।

सगरमाथा संवाद व्यवस्थापन समिति संयोजक डा. आरजु राणा देउवाले मंगलबार आयोजित पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार भारतीय मन्त्री र चिनियाँ जनकंग्रेस उपाध्यक्षबाहेक विदेशबाट जम्मा चारजना मन्त्री र चारजना उपमन्त्री आउनेछन् । सरकारी अधिकारी, विज्ञसहित विदेशबाट १७५ जना आउनेछन् भने नेपालीसमेत ३५० जना सगरमाथा संवादमा सहभागी हुनेछन् ।

कार्यक्रममा अजरबैजानकी प्राकृतिक स्रोतसम्बन्धी मन्त्री तथा कोप-२९ की अध्यक्ष मुख्तार बाबायेभ, बंगलादेशकी समाजकल्याण, महिला तथा बालबालिकासम्बन्धी अन्तरिम मन्त्री सर्मिन सोनेया मुर्सिद, भुटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री जेम छेरिङ, माल्दिभ्सका पर्यटन तथा वातावरणमन्त्री थोरिक इब्राहिम आउने तय भएको परराष्ट्रमन्त्री राणाले जानकारी दिइन् ।



परराष्ट्र मन्त्रालयका अनुसार जापानका संसदीय मामिलासम्बन्धी उपविदेशमन्त्री इकुइना अकिको, संयुक्त अरब इमिरेट्स (युएई)का ऊर्जा मामिला हेर्ने सहायक विदेशमन्त्री अब्दुल्लाह बलाला, बेलायतकी संसदीय उपविदेशमन्त्री ब्यारोनेस सुसान हेमन, कतारका जलवायु परिवर्तनसम्बन्धी उपमन्त्री एवं विशेष दूत बदर उमर अल दाफा, किर्गिजस्तानका राष्ट्रपतिका विशेष प्रतिनिधि, पर्वतीय क्षेत्र विकासका लागि पाँच वर्षको कार्ययोजना कार्यान्वयन हेर्ने अधिकारी दिनारा केमेलोभा सहभागी हुनेछन् ।

ओमानकी राजदूत इस्सा बिन सालेह अल सिवानी, ब्राजिलका राजदूत कार्लोस अल्बर्टो माइकलसेन डेन हार्टोग, इजिप्टका राजदूत नोहा हम्दी अहमद एलगेबाली, सार्कका महासचिव गोलम सरवर, विमस्टेकका महासचिव इन्द्रमणि पाण्डे, संयुक्त राष्ट्रसंघकी नेपाल प्रतिनिधि हाना सिंगर हम्दी, विश्व बैंकका दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष मार्टिन रायसर, एसियाली विकास बैंक (एडिबी)का क्षेत्रीय उपाध्यक्ष फातिमा याम्मिन सहभागी हुनेछन् । श्रीलंका र पाकिस्तानबाट हुने प्रतिनिधित्व सुनिश्चित भएको छैन । अमेरिकाबाट राजदूतबाहेक सहभागी हुने प्रतितिनिधि टुंगिएको छैन । 'विकास सहायता संस्था, विश्वविद्यालय, थिंक ट्यांक, अनुसन्धान तथा शोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी र दर्जनौं स्वदेशी संगठन एवं संस्थाहरूले पनि यस संवादमा भाग लिनुहुनेछ,' परराष्ट्रमन्त्री राणाले भनिन्, 'उहाँहरूको देशले उपयुक्त ठानेका व्यक्तिहरू सगरमाथा संवादका लागि आउँदै हुनुहुन्छ । विषय जानेकाहरूको राम्रो सहभागिता हुनेछ ।'

सगरमाथा संवादको मूल विषय जलवायु परिवर्तन, हिमाल तथा मानवताको भविष्य राखिएको छ । 'मानव जगत्का विभिन्न समस्या र मुद्दामा संवाद गर्ने, छलफल गर्ने र समाधानका लागि एउटा निष्कर्षमा पुग्ने उद्देश्य राखिएको छ,' राणाले भनिन् । उनले संवादको तयारी अन्तिम चरणमा पुगेको बताइन् । 'हामीले तयारीका विभिन्न चरण गरेका छौं । पूर्वतयारीका दशवटा कार्यक्रम सम्पन्न भइसकेका छन्,' उनले भनिन् ।

सगरमाथा संवाद २ जेठमा प्रधानमन्त्री केपी ओलीले उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि भारतीय र चिनियाँ प्रतिनिधिमण्डलका नेता, अजरबैजानी राष्ट्रपतिका जलवायु विषयसम्बन्धी प्रतिनिधिले उद्घाटन सत्रमा सम्बोधन गर्नेछन् । विभिन्न सत्रमा जलवायु परिवर्तनले पारेका प्रभाववारे विस्तृतमा छलफल हुनेछ । संवादमा सहभागी हुने सबै राष्ट्र र अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनलाई विषयगत सत्रमा सम्बोधन गर्ने अवसर दिइने उनले बताइन् ।

जुलुस निकाल्ने अधिकार

अब जुलुसमाथि पनि आममानिसको अधिकार रहेन । सरकार आफैंले निकाल्न थालेको छ, आफ्ना हितका लागि ।



● प्रमिला देवकोटा

अग्रलेख

सबैरै ५ बजे गोर्खा भर्ती हुन तालिम लिन आएका भाइहरूको पिटी हेरिरहँदा एउटा देश बनाउँछु भन्ने साथी सपरिवार बिदेसिएको फोटो फेसबुकमा झुल्किको । तँतँ, मम भन्न पाउने अर्को साथीले देश छाड्यो । जहिल्यै आफ्नो टल्केको दाँत देखाएर आफूजति हेन्डसम कोही नभएको दाबी गर्ने ऊ 'फेकै' सही हाँसेको तस्बिर भेटिएन । देश छाडेर हिँड्नेहरूमध्ये ऊ मात्र होइन, धेरैका आँखामा चमक र ओठमा मुस्कान हुँदैन । देशभित्रै सर्दा घर बनाए पुग्छ, बाहिर निस्केपछि अरूको देश आफ्नो बनाउन कहिलेकाहीं एउटै जन्म पर्याप्त नहुन सक्छ ।

उसको पलायनको विषयले राज्यले देश बाँच्नैलायक नबनाएको प्रमाणित भएको देखाउनु यो लेखको उद्देश्य होइन । हजारौं, सयौं वर्ष पुस्तौंपुस्ता राज्यको पहुँचमा नभए पनि मानिसहरू बाँचिरहेकै थिए, बाँचिरहने नै छन् । राज्य, सरकार एउटा मानिसको जीवनमा खासखास अवस्थामा मात्र चाहिने हो । हरेक दिनको दिक्दारीमा त ऊ आफैं जुध्ने हो, जुधिरहन्छ ।

बस्नेहरू डार्बिनको सिद्धान्तझैं जीवनसँग मिलाउँदै बस्नलायक बनाएरै बसिरहेका छन्, भोलि, पर्सि, निकपर्सि या कानेपर्सि त पक्कै पनि सही होला भन्ने आसमा । तर, आसको भर सकिएपछि हो मानिस गल्ने र पलायन हुने । किनभने, आफ्नो परिवारका लागि सही दिन एउटा व्यक्ति वा एउटा परिवारले ल्याउन सक्छ । तर, समाजका लागि सही दिन ल्याउन राज्य, समाज प्रणाली लाग्नुपर्छ । व्यक्तिले आफ्नो परिवारको दिन फेर्न सक्छ, समाजको दिन फेर्ने राज्यले हो । यस्तो ज्ञान हजारौं वर्षपहिलेका मानिसले पाएका भएरै राज्य र राज्यका एकाइको निर्माण भएको हो ।

गणेशमान सिंह, जसले सत्ताका लागि कहिल्यै लोभ गरेनन् (उनका सन्तानको लोभलाई चाहिँ उनीसँग नजोडौं) वाणिज्यमन्त्रीका रूपमा आफ्नो पहिलो कार्यकाल सम्झँदै भन्छन्- नेपाली जनताले क्रान्तिबाट केही पाएनन्, जुलुस निकाल्ने स्वतन्त्रताबाहेक ।

जुलुस सत्तरी वर्षदेखि निस्किरहेको छ, कहिले लुकेर, कहिले खुलेर । तर, अब जुलुसमाथि पनि गणेशमानले भनेझैं आममानिसको अधिकार रहेन । जुलुस पनि सरकार आफैंले निकाल्न थालेको छ, आफ्ना हितका लागि । विपक्षका जुलुस पनि जनताका मागमा नदेखिएको जुग भयो । आममान्छेले न्याय माग्न जुलुस निकाल्छ । तर, ऊ नै देखिँदैन सडकमा । आममान्छेको जुलुसले कसैलाई कम्पन हुँदैन । आफैं भत्कने डर नभएसम्म सरकारलाई कुनै फरक पर्दैन ।

भर्खर सरकारले नीति तथा कार्यक्रम ल्याएको छ । व्यवसायको इको सिस्टम र लगानी सुरक्षित गर्ने, कृषिको व्यवसायीकरण, कमाउँदै पढ्ने नीति सामा ा २० घण्टा काम, स्नातकोत्तर विद्यार्थीलाई अनुसन्धान संस्था, शिक्षा पद्धति प्रविधि र अनुसन्धानलक्षित बनाउने, स्टार्टअप फोकस कार्यक्रम जेन जी पुस्ताकेन्द्रित प्रधानमन्त्री केपी शर्मा ओलीले हाइलाइट गरेका कार्यक्रम हुन् । तर, त्यसमा देशभित्र बहस भएको छैन । जुन विषय गफमा सीमित भयो, त्यसमा थप गफ गर्ने जाँगर कहाँबाट ल्याउने ! युवालाई थाहा छ, कार्यक्रम कागजमा युवाका लागि नै छ, फिल्डमा त्यो कार्यकर्ताका लागि हो । गुनासो गर्ने शक्तिलाई बिदेसिन बाध्य पार्ने क्रम बढ्दो छ । शासकहरू पारिवारिक हितमा सीमित भएको देशमा जनताले उल्टै शासकलाई रेमिट्यान्स पठाएर गुन लगाएका छन् । जनताले बाँच्न राणाकालमा जसरी आफैं सोच्नुपर्थ्यो, गणतन्त्रमा पनि आफैं सोच्नुपर्छ । सरकारको काममा भर र आसजनताको हुने भए सबैभन्दा बढी बहस हुनुपर्ने समय यही हुनुपर्थ्यो । देशमा एकचौथाइ खेतीयोग्य जमिन बाँझो हुन्छ र सरकार अर्बौंको खाद्यान्न आयात गर्छ । अनि त्यो देशमा दोषी खेती नगर्ने हुन्छ । कृषिमा राज्यले कुनै जिम्मेवारी वहन गर्नुपर्दैन । बजार, बाटो, प्रविधि सरकारले दिने कामै होइन । बरु बाँझो राखे जनताले जरिवाना तिर्नुपर्ने नियम भने बनिहाल्छ ।

प्रधानमन्त्रीद्वारा 'हाइलाइटेट' कार्यक्रम विगतमा कति आए र त्यसको प्रतिफल के भयो ? त्यसको रिपोर्ट तयार पार्न सामान्य प्रयास हुन्थ्यो भने एमालेले



> यो देशमा बहसको केन्द्र सत्ता कसरी आफ्नातिर सार्ने भन्नेबाहेक नागरिकका दैनिकीका विषयमा हुँदैहुँदैन । दैनिकीमा अल्झिएकासँग बहस गर्ने ठाउँ, क्षमता र समय हुँदैन । यी सब हुनेसँग आफ्नो निजी रुचि मेल खाँदैन ।

अझै मनमोहनको सरकार सम्झँदै भत्तामाथि भोट मागनुपर्दैनथ्यो, कांग्रेसले बिपीको फोटो टाँसिरहन पर्दैनथ्यो, माओवादीले अहिले आएर सहिद परिवार सम्झनुपर्दैनथ्यो ।

सरकार के बोल्छ अनि के 'डेलिभर' हुन्छ । यो अनलाइन व्यापारजस्तो भएको छ- भनेको र देखेको मिल्दै नमिल्ने । गरिबी निवारण आयोग आयो, युवा स्वरोजगार कार्यक्रम आयो, प्रधानमन्त्री रोजगार कार्यक्रम आयो । तर, रोजगारीचाहिँ आउँदै आएन । तिनले नेपालबाट बिदेसिनेको संख्या घटाउन सकेनन् । तिनले दलहरूका सडकमा मान्छे भेला पारिदिने र चुनावमा भोट बढाइदिने कार्यकर्ता मात्र बढाए । यो पुस्ता मानव इतिहासमा कहिल्यै नभएको दबाबमा छ । एकसरो लुगा, ओत लाग्ने ठाउँ र बिहान-बेलुकाको मुखमा हात लाने मेसो भए जिन्दगी तीस वर्षअघिसम्म सफल नै थियो । अब त्यतिमा बाँच्नु गरिबीमा बाँच्नु हो । मानिसहरू घर छाडेर अर्को घर बनाउन हिँड्नुपरेको छ, सुविधाको असमान वितरणले । बच्चा पढाउन राज्यले लगानी गर्दैन । बिरामी हुँदा राज्य भेटिँदैन । आफ्नो जीवनको हैरानी आफ्ना सन्तानमा नसार्न ठिकठाक जीवन भएकाहरू बिदेसिइरहेका छन् । मध्यम वर्गका परिवारले सामान्य स्कुलमा बच्चा पढाउँदा दश कक्षासम्म कम्तीमा बीस लाख खर्चिन्छ । विदेश पठाउन अर्को तीस लाख । सन्तान यहीं बस्ला र फेरि पचास लाखको बोझ बोक्ला, अभिभावकका डर तिनै छन् ।

> गरिबी निवारण आयोग आयो, युवा स्वरोजगार कार्यक्रम आयो, प्रधानमन्त्री रोजगार कार्यक्रम आयो । तर, रोजगारी आएन । तिनले नेपालबाट बिदेसिनेको संख्या घटाउन सकेनन्, सडकमा दलका मान्छे भेला पारिदिने र चुनावमा भोट बढाइदिने कार्यकर्ता मात्र बढाए ।

जीवनभर व्यवस्था परिवर्तनको गतिविधि देखेको एउटा नेपाली नागरिकले अब अवस्था परिवर्तन देख्ने सपना देख्नु जायजै होला । अब हाम्रा लागि युद्ध गरिबी र बेरोजगारीविरुद्धको लडाइँ हुनुपर्ने थियो । तर, हाम्रो राज्य चलाउनेका लागि छिमेकको युद्ध रोक्न भूमिका खेल्न (प्रधानमन्त्रीलाई विश्वास गर्दा) सामर्थ्य राख्छ, आफ्ना देशका बाँझा खेतमा मकै रोप्ने सामर्थ्य राख्दैन । यो देशमा बहसको केन्द्र सत्ता कसरी आफ्नातिर सार्ने भन्नेबाहेक नागरिकका दैनिकीका विषयमा हुँदैहुँदैन । दैनिकीमा अल्झिएकाहरूसँग बहस गर्ने ठाउँ, क्षमता र समय हुँदैन । यी सब हुनेसँग आफ्नो निजी रुचि मेल खाँदैन ।

एउटा सामन्य घर चलाउनेसँग कति रकम कहाँ प्रयोग गर्ने योजना हुन्छ । कति घरमा फलाउँदा कति किन्नुपर्छ र कति बढाउँदै लगेर आत्मनिर्भर बन्न सकिन्छ, सोच्ने क्षमता हुन्छ । लाखौं कर्मचारी, वैदेशिक सहायता, ऋण सबको बल भएको राज्यले एउटा उत्पादनमा निर्भरतालाई हटाउँदै जान सोच्दैन । हाम्रा शासक घर चलाउने एउटा सदस्यको जति पनि जिम्मेवारीबोध नभएका पात्र हुन् । यी यस्ता पात्र हुन्, जो ऋण काढेर घर चलाउँछन् र दिनभर क्यारम बोर्ड खेलेर समय बिताउँछन् ।

हामीसँग कागजमा लेखिएको प्रणाली अहिलेसम्मकै उत्कृष्ट छ । जनताबाट बन्ने राष्ट्रपति छन्, आफ्नो नीति लागू गर्न रोकटोक नहुने प्रधानमन्त्री छन् । प्रधानमन्त्रीलाई बिग्रन नदिने संसद् पनि छ । तर, सबै बिग्रिएका पुर्जाजस्ता भएका छन् । यी मानिस को हुन्, जसको हातमा मानिसका हालत बदल्ने शक्ति छ ? यी तिनै हुन्, जसले अहिलेका मानिसलाई उठेको आक्रोशभन्दा कैयौं गुणा आक्रोश र बदल्ने सपना लिएर आफ्नो जीवन देशलाई दिन हिँडेका थिए । यिनीहरू कहाँ रुमल्लिएका छन् ? शान्त ठाउँमा कोही नहुँदा आँखा चिम्म गर्दा यिनको मनमा आफूमाथि पक्कै आक्रोश होला । आफूले घृणा गरेका पात्रहरूको रङ र गुण सरक्क आफैंमा सर्दा कुनै पलहरूमा आफैंमाथि आक्रोश पक्कै उठ्दो हो ।

३ प्रश्न

संविधानविद् **भीमार्जुन आचार्य**लाई



पूर्वन्यायाधीश फोरमले भनेजस्तै देश साँच्चै स्वेच्छाचारितातर्फ उन्मुख भएको हो ?

मलाई पनि त्यस्तै लाग्छ । सामान्यतः राज्य स्वेच्छाचारी छ या छैन भनेर मापन गर्न राज्यका प्रमुख अंगहरू संविधान र विधिअनुसार चलेका छन् कि छैनन्, जनअपेक्षा पूरा गर्ने दिशामा अघि बढेका छन् कि छैनन् भनेर हेनुपर्ने हुन्छ । अहिले कानुन प्रयोगमा एकदमै विभेद भइरहेको देखिन्छ । शक्तिमा भएका र उनीहरूनिकटलाई कानुनले छुँदै नछोएको र शक्तिबाहिर हुनेमाथि चाहिँ व्यापक धरपकड भइरहेको देखिन्छ । नागरिक समाज र मिडियाका जायज प्रश्नलाई सम्बोधन नगर्नुले पनि राज्य स्वेच्छाचारी बन्दै गएको भन्ने मतलाई पुष्टि गर्न बल पुगेको देखिन्छ ।

फोरमले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका कामकारबाहीमाथि प्रश्न उठाउनुले के संकेत गर्छ ?

राज्यको एउटा अंगको प्रभाव अर्कोमा पनि देखिँदो रहेछ । कार्यपालिकामाथि अंकुश लगाउनुपर्ने व्यवस्थापिका आफैं कार्यपालिका र त्यसका सञ्चालकहरूको छायामा परेको देखिन्छ । कार्यपालिका र व्यवस्थापिका कर्तव्यबाट विमुख भएको अवस्थामा नागरिकमा आशा जनाउने भनेको न्यायपालिकाले हो । कतिपय मुद्दामा न्यायपालिका पनि संवैधानिक सर्वोच्चता कायम गराउने दायित्वबाट विमुख भएको हो कि जस्तो देखिन थालेको छ ।


यस्तो स्वेच्छाचारितालाई रोक्ने विधि के हुन सक्ला त ?

सबैभन्दा पहिले आफैंले आफ्ना आचरण सच्याएर आफैंलाई रोक्नुपर्ने हो । लोकतन्त्रमा सबै कुरा कानुनमा लेखिएको हुन्छ नै भन्ने छैन । अलिखित कानुन र आचरण पनि हुन्छन् । तिनको परिपालना आफैंले गर्ने हो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आफ्नो कर्तव्यबाट 'डिरेल' भएको अवस्थामा त्यसलाई एउटा त कानुनी संयन्त्रबाटै 'करेक्सन' गर्नुपर्ने हो । त्यसबाट सम्भव नभएमा जनताबाट मतदानमार्फत पनि करेक्सन गर्न सकिन्छ । यस्ता विधि पनि निष्प्रभावी भएमा जनताले अहिले शासनमा रहेका पात्रहरूको विकल्प खोज्नुपर्ने अवस्था पनि आउन सक्छ ।

प्रेरक प्रसंग

सेठ र मनको शान्ति

एक सेठसित अपार धन सम्पत्ति थियो । तर, उनको मनमा कुनै शान्ति थिएन । एक दिन कसैले उनलाई सहरदेखि परको जंगलछेउको कुटीमा बस्ने एक साधुले सिद्धि प्राप्त गरेका हुनाले सबैको मनोकामना पूरा गर्न सक्ने सुनाइदिए । सेठ साधुको आश्रममा पुगे । उनले भने- साधु महाराज, मसँग धन, सम्पत्ति र भौतिक सुखको कमी छैन । तर, मनमा शान्ति छैन । त्यसैले म मनको शान्ति प्राप्त गर्न चाहन्छु । साधुले भने- ठिक छ, मैले जे गरे पनि तिमी चुपचाप हेर्दै जानू ।



कुनै प्रतिक्रिया नजनाउनू । यसबाट तिमीले मनको शान्ति हासिल गर्ने उपाय फेला पार्नेछौ । सेठले सहमति जनाए । दोस्रो दिन साधुले सेठलाई चर्को घाममा बसाए । आफू भने कुटीभित्र आरामले बसे । गर्मीले सेठ हैरान भए । तैपनि, चुपचाप सहे । अर्को दिन साधुले सेठलाई केही खान दिएनन् । तर, आफूले भने मिठामिठा परिकार खाए । यो सब देखेर पनि सेठ मौन नै रहे । तेस्रो दिन आक्रोशित हुँदै सेठ साधुको आश्रमबाट जान लागे । साधुले मुस्कुराउँदै सोधे- के भयो ? कता जान लाग्यौ ? सेठले भने- महाराज, म यहाँ ठुलो आशा लिएर आएको थिएँ । तर, तपाईंले मलाई निराश बनाउनुभयो । साधुले पुनः मुस्कुराउँदै भने- यी दुई दिनमा मैले तिमीलाई शान्ति प्राप्त गर्ने उपाय बताइदिएँ ।

पहिलो दिन मैले तिमीलाई चर्को घाममा राखेर आफू भित्र शीतल छायामा बसें । मेरो छाया तिमीलाई कुनै काम लागेन । दोस्रो दिन मैले तिमीलाई केही पनि खान दिइनँ । तर, आफूले भने अनेक तरहका व्यञ्जनको स्वाद लिएँ । मेरो खानाले तिम्रो पेट भरिएन । ठिक यसैगरी मेरो मनको शान्तिले पनि तिमीलाई काम दिँदैन । त्यसका लागि तिमी स्वयंले मिहिनेत गर्नुपर्छ । यसैबाट तिम्रो मनको शान्ति प्राप्त हुन सक्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भ्युटावर किन भत्काउने ?

काठमाडौं भ्युटावर भत्काउने कि राख्ने भन्ने द्विविधामा महानगर रहेको समाचार पढियो । यति ठुलो खर्च गरेर ठड्याइँदै गरेको भ्युटावर अहिले आएर भत्काउनु नै थियो भने विगतमा बनाउने अनुमतिचाहिँ किन, कसरी र कसले दियो ? जब १२ तलासम्मको नक्सापास छ भने १७ तलासम्म बनाउन किन दिइयो ? के महानगरका प्राविधिकलाई त्यत्ति पनि ज्ञान थिएन ? १२ तलाको नक्सा पास गरेर १७ तला बनाउन पाइन्न भन्ने ज्ञानसम्म नभएका इन्जिनियरलाई महानगरले पालेर राख्नेचाहिँ किन ? जब, बनी नै सक्यो भने अब खुरुक्क १७ तलासम्मकै नयाँ नक्सा बनाएर पास गरे भएन ? भत्काउनैपर्नेचाहिँ किन हो ?

● **सुविधा पनेरू**, बागबजार, काठमाडौं

अलपत्र पुल कहिले बन्छन् ?

देशमा सुशासन कमजोर हुँदै गएको र भ्रष्टाचार मौलाउँदै गएको समाचार आइरहेको समयमा देशका विभिन्न भागमा निर्माण सुरु भएर पनि अलपत्र अवस्थामा रहेका विभिन्न विकास निर्माण आयोजनाबारे पटक-पटक समाचार आइरहेका देखिन्छन्, सुनिन्छन् । अहिले फेरि कञ्चनपुरका चार पक्की पुल विगत १० वर्षदेखि अलपत्र अवस्थामा रहेको समाचार नयाँ पत्रिकामा पढियो । राज्यकोषबाट करोडौं खर्च भइसकेका ती पुल कहिले बन्छन् सरकार ? कि कहिल्यै बन्दैनन् ?

● **पूर्ण पंगेनी**
कोहलपुर-४, बाँके

बेइमानी किन सरकार ?

'दलित नीति र मुद्दामा सरकारको बेइमानी' शीर्षकमा प्रकाशित परशुराम रम्तेलको लेख पढियो । हुन पनि हो, यो सरकार दलित, अल्पसंख्यक, पिछडिएका वर्ग, महिला आदिका मुद्दा सुन्न पनि चाहन्न । उनीहरूको उत्थान होला कि भनेर जहिल्यै त्रस्त देखिन्छ । ससाना कुरामा पनि दलित तथा सीमान्तकृत समुदायको हुर्मत लिन सरकार लागिपरेको देखिन्छ । त्यसैले, यो सरकारले आफ्नो नीति तथा कार्यक्रममा दलितसम्बन्धी कार्यक्रमलाई स्थान नदिएको हो ।

● **गोपाल विक**
कुपन्डोल, ललितपुर

सुशासनका भाषणमाथि व्यंग्य

सुशासनको नारा अहिलेको सरकारको प्रिय मन्त्र बनेको छ । प्रधानमन्त्री केपी शर्मा ओली प्रत्येक सार्वजनिक कार्यक्रममा सुशासनका गफ दिन पछि पर्दैनन् । उनी जहाँ पुगे पनि कानुनी राज्य, पारदर्शिता र जवाफदेहिताको भाषण गर्न छोड्दैनन् । तर, यही भाषणको खोक्रोपन तेस्रो आँखाले होइन, देशका जनताले आफैं देखिरहेका छन् । सुशासनको वास्तविक परीक्षा भाषणमा होइन, व्यवहारमा हुन्छ । जसमा प्रधानमन्त्री ओली बारम्बार असफल देखिएका छन् ।

बुद्ध जयन्तीजस्तो गरिमामय कार्यक्रममा प्रधानमन्त्रीको उपस्थितिमै फरार सांसद विष्णु पन्थी मञ्चको अगाडिको कुर्सीमा विराजमान भएको देखिनु सामान्य विषय होइन । दश महिनादेखि फरार घोषित व्यक्ति प्रहरीले समात्न नसकेको बहाना बनाइरहँदा उनी प्रधानमन्त्रीकै आँखाअगाडि देखिन्छन्, तर यसबारे न प्रधानमन्त्री बोल्छन्, न प्रहरी नै सक्रिय हुन्छ । के यो दृश्यले कानुन सबैका लागि बराबर हो भन्ने मान्यता पुष्टि गर्छ त ?

प्रधानमन्त्रीको मौनता यहाँ नैतिकताको ठुलो प्रश्न बनेर उभिएको छ । सुशासनको भाषण दिने व्यक्तिले त्यही मञ्चबाट कानुन कार्यान्वयनको आदेश दिनुपर्ने होइन र ? भ्रष्टाचारी या कानुनका नजरमा फरार व्यक्ति आफ्नै कार्यक्रममा उपस्थित हुँदासमेत नदेखेझैं गर्नु भनेको प्रधानमन्त्री ओलीको मौन समर्थन होइन र ? जब सत्तामा बसेकाले नै नियम उल्लंघन गर्नेहरूलाई संरक्षण दिन्छन्, तब राज्यको नैतिक धरातल खस्किन्छ । यसरी सुशासनको नारा आफैंमा व्यंग्यजस्तो बनिदिन्छ । के प्रधानमन्त्री ओली आफ्नै भाषण र कार्यशैलीका कारण आफैंमाथि व्यंग्य गरिरहेका छन् हो ?

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

ट्रम्पले इरानसँग सम्झौता गर्न सक्लान् त ?

इरान र अमेरिकाबिचको वार्ता जोखिमका बाबजुद विगत सात वर्षयताकै सबैभन्दा गम्भीर कूटनीतिक अवसर हो



देश / विदेश

● इयान ब्रेमर

अमेरिका र इरानका वार्ताकार ओमनमा चौथो चरणको आणविक वार्तामा जुटेका छन् । गहिरो मतभेद र सीमित समयका बाबजुद वर्षौंपछि पहिलोपटक केही आशा देखिएको छ, किनभने दुवै पक्षले द्वन्द्वभन्दा कूटनीति रोज्नुपर्ने महसुस गरेका छन् । इरानले आफ्नो आणविक कार्यक्रम नागरिक प्रयोजनका लागि मात्र भएको दाबी गर्छ र पछिल्लो अमेरिकी गुप्तचर रिपोर्टले पनि इरान अहिले बम बनाइरहेको छैन भनेको छ । तर, २०१८ मा ट्रम्पले अमेरिका २०१५ को संयुक्त व्यापक कार्ययोजना (जेसिपिओए) बाट हटेपछि इरानले युरेनियम प्रशोधन तीव्र रूपमा बढाएको छ । हाल इरानसँग ६० प्रतिशत प्रशोधित युरेनियम पर्याप्त मात्रामा छ, जसले इरानलाई ६ महिनाभित्र आणविक बम बनाउन सक्षम बनाउँछ । यद्यपि, पूर्ण हतियार निर्माणमा एक-दुई वर्ष लाग्न सक्छ ।

यस्तो अवस्था पश्चिमा मुलुकका लागि यो अस्वीकार्य छ । यदि जुन महिनाको अन्त्यसम्म कूटनीतिक प्रगति भएन भने अमेरिका राष्ट्र संघको प्रतिबन्ध पुनः लगाउने (स्न्यापब्याक) प्रक्रिया थालनी गर्न बाध्य हुनेछ । यसले बाँकी रहेको कूटनीतिक सम्भावनालाई समाप्त पार्नेछ, इरानलाई आणविक अप्रसार सन्धि (एनपिटी) बाट फिर्ता गराउन सक्नेछ र सैन्य द्वन्द्वको जोखिम बढाउनेछ । ट्रम्प एउटा यस्तो व्यापक सम्झौता चाहन्छन्, जसले जेसिपिओएभन्दा अगाडि बढेर इरानको युरेनियम प्रशोधन, मिसाइल विकास र क्षेत्रीय भूमिकामा पनि नियन्त्रण लगाओस् । विशेषतः निकै छोटो समयभित्र इरानले आफ्नो पूरै आणविक कार्यक्रम फिर्ता गर्ने वा क्षेत्रीय गठबन्धन त्याग्ने सम्भावना नभएकाले यो आकांक्षा वास्तविक छैन । त्यसैगरी इरानले आफ्नो प्रतिरोध क्षमता कायम राख्न आवश्यक ठानेका प्रशोधन र ब्यालिस्टिक क्षमता पनि त्याग्न तयार छैन ।

उसो त परिस्थिति निकै जटिल छ तर कूटनीतिक समाधानका ढोका अझै खुला नै छन् । अमेरिका र इरान दुवैले सैन्य टकराव टार्न सीमित सम्झौतामा पुग्ने सम्भावनालाई खुला राखेका छन् । ट्रम्पको आक्रामक बयानबाजीका बाबजुद उनी नयाँ युद्ध सुरु गर्न इच्छुक देखिँदैनन् । उनले इरानप्रति कठोर धारणा राख्ने राष्ट्रिय सुरक्षा सल्लाहकार माइकल वाल्ट्जलाई हटाउनु र ६ मेमा यमनका हुथी विद्रोहीसँग युद्धविरामको घोषणा गर्नु यसैको संकेत हुन् । इरान अहिले कमजोर भएको अवस्थामा ट्रम्प र उनका खाडीका सहयोगी वार्तामार्फत समाधान खोज्न चाहन्छन् । युक्रेन-रुस संघर्षमा उनीहरूको कूटनीतिक प्रयास असफल हुँदै गएकाले इरानसँगको वार्ता नै ट्रम्पको सम्भावित कूटनीतिक सफलता बन्न सक्छ ।

इरानले सुरुमा औपचारिक वार्ता अस्वीकार गरेको थियो, पछि यसले अन्ततः ओमनमार्फत अप्रत्यक्ष वार्तामा सहमति जनायो, जुन प्रत्यक्ष वार्तामा पुग्ने सम्भावनाको संकेत हो । यो परिवर्तन इरानी शासक वर्गले निरन्तर आर्थिक र कूटनीतिक एक्लोपनले बढ्दो मूल्य चुकाउनुपर्ने महसुस गरेको संकेत हो । इरानका लागि प्रतिबन्ध हटाउनु अर्थतन्त्रको संकट टार्न र सामाजिक अस्थिरताको जोखिम कम गर्न अनिवार्य भएको छ । इरानले ट्रम्पलाई शत्रु नेता माने पनि केही अधिकारीले उनलाई नयाँ युद्ध नगर्ने इच्छा र कूटनीतिक 'सफलता' खोज्ने चाहना भएको र स-साना अवसर खोज्ने नेता भनेर टिप्पणी गर्छन् । इरानले हुथीहरूलाई युद्धविराममा सहमत गराउन दबाब दिएको भन्ने रिपोर्टले पनि यही देखाउँछ । इरानको क्षेत्रीय



तस्बिर : एपी

समर्थक एवं अमेरिकाको एक प्रमुख चासो हुथी विद्रोहीको युद्धविरामलाई लिएर केही हदसम्म वार्ताको वातावरण सुधारेको छ । तर, मुख्य अड्चन इरानको युरेनियम प्रशोधन क्षमता हो । इरानले अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अघि सारेको नागरिक प्रयोजनका लागि आवश्यक युरेनियम विदेशबाट आयात गर्नुपर्ने प्रस्ताव अस्वीकार गरिसकेको छ ।

इरान युरेनियम प्रशोधनलाई आफ्नो सार्वभौम अधिकार मान्छ । तर, उसले सीमित सम्झौतामा चासो देखाएको छ, जसले प्रशोधनमा सीमा लगाउने, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको निरीक्षण सुनिश्चित गर्ने र हतियार निर्माण नगर्ने सर्त लगाउनेछ । ट्रम्पले पनि ४ मेमा उनको लक्ष्य इरानलाई आणविक हतियारबाट रोक्नु हो, नागरिक आणविक कार्यक्रम अन्त्य गर्नु होइन भनेका छन् । उपराष्ट्रपति जेडी भान्सले पनि ७ मेमा इरानले शान्तिपूर्ण आणविक ऊर्जा प्रयोग गर्न सक्छ । तर, हतियारनजिक पुग्ने प्रशोधन गर्न पाउँदैन भनेका छन् । यस्तो भिन्नताले सीमित भए पनि सम्झौताको आधार तयार गर्न सक्छ ।

यो अमेरिकाले चाहेको आदर्श समाधान होइन । दुई महिनाभित्र अविश्वासपूर्ण पक्षबिच ठुलो सम्झौता असम्भव छ । वार्ता असफल भए ट्रम्पले आक्रमण गर्ने चेतावनी दिइसकेकाले सीमित सम्झौता सैन्य विकल्पको एक मात्र विकल्प हो । तर, सफलता सुनिश्चित हुने अवस्थामा ट्रम्पले अघिल्ला कडा अडानबाट पछि हटेका इतिहास हामीले देख्न पाउँछौं । यदि प्रगति भयो भने अमेरिकाले प्रतिबन्ध ढिल्याउन सक्छ । अर्थात्, युरोपमाथि दबाब दिएर वा नयाँ सुरक्षा परिषद् प्रस्तावमार्फत विलम्ब गर्न सक्छ । युरोप, रुस र चीनले पनि संकट टार्न यस्तो प्रयासमा साथ दिन सक्छन् ।

यसैबिच अमेरिका खाडी क्षेत्रमै बी-२ बमवर्षकसहित सैन्य तयारीमा छ, जसले वार्तामा दबाब र आक्रमणको तयारी दुवैको काम गर्छ । यस अवस्थामा पनि वार्ता असफल हुन सक्छ । इरानले सर्त अस्वीकार गर्न सक्छ, ट्रम्पले अपर्याप्त मानेर कडा कदम चाल्न सक्छन् । आक्रमण भए इरानले प्रत्याक्रमण गर्नेछ र इरान आणविक हतियार निर्माणतर्फ अघि बढ्नेछ । तसर्थ, इरान र अमेरिकाबिचको वार्ता जोखिमका बाबजुद विगत सात वर्षयताकै सबैभन्दा गम्भीर कूटनीतिक अवसर हो ।

(ब्रेमर युरेसिया ग्रुप एवं जिजिरो मिडियाका संस्थापक एवं अध्यक्ष हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हुलाकका कर्मचारीले गरे बचतकर्ताको साढे पाँच करोड निक्षेप हिनामिना

अख्तियारद्वारा ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

नयाँ पत्रिका

हुलाक बचत बैंकमा बचतकर्ताको करिब साढे पाँच करोड निक्षेप कर्मचारीले हिनामिना गरेका छन् । बचतकर्ताबाट उठेको रकम सरकारी कोषमा दाखिला नै नगरी जिल्ला हुलाक कार्यालय बाराका कर्मचारीले हिनामिना गरेका हुन् । हिनामिनामा संलग्न ६ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन फाँटवाला (नासु) बलीरामप्रसाद कुर्मीलाई प्रमुख प्रतिवादी कायम गरेर अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको छ । कुर्मी हाल उक्त कार्यालयका कार्यालय प्रमुखसमेत छन् । ०६० देखि नै उनले हुलाक बचत बैंकको जिम्मा लिँदै आएका थिए । तत्कालीन कार्यालय प्रमुखहरूसँग मिलेमतो गरी बचतकर्ताको बचत गर्नुपर्ने रकम अपचलन गरी आपसमा बाँडफाँट गरी खाएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । बचतकर्ताबाट उठेको बचत रकम साँवाब्याज गरी कुल पाँच करोड ३५ लाख ६४ हजार २७९ रुपैयाँ हिनामिना भएको अख्तियारको दाबी छ ।

हुलाक कार्यालय बाराका तत्कालीन नासु कुर्मी बचत बैंक हेर्ने फाँटवाल छँदै निमित्त कार्यालय प्रमुखको जिम्मेवारीमा समेत थिए । यसलाई दुरुपयोग गरेर उनले हिनामिना गरेका हुन् ।



हुलाक बचत बैंक नियमावली, हुलाक सेवा कार्यविधि निर्देशिका, हुलाक बचत बैंक कार्य सञ्चालन निर्देशिकाले निर्देश गरेको कार्यविधि एवं जिम्मेवारीसमेतको पालना नगरी रकम हिनामिना गरिएको अख्तियारको दाबी छ । 'तत्कालीन कार्यालय प्रमुखहरूसँग मिलेमतो गरी बचतकर्ताको बचत गर्नुपर्ने रकम अपचलन गरी आपसमा बाँडफाँट गरी बचतकर्ताबाट उठेको बचत रकम साँवाब्याज गरी कुल पाँच करोड ३५ लाख ६४ हजार २७ रुपैयाँ लिनेखाने गरी बदनियतपूर्वक ढंगले आफूसमेतलाई लाभ हुने गरी कार्यालयको जिम्मेवारीमा रहँदा हुलाक बचत बैंकमा जनताको निक्षेप रकम संकलन गरी त्यसको विवरण बचतकर्ताको पासबुक तथा लेजर बुकमा मात्र जनाए । कार्यालयको दैनिक नगदी रजिस्टरमा जनाएनन् । नगदी रजिस्टरमा नजनाएपछि बचतकर्ताको रकम बैंकमा दाखिला नै भएन । न त यसको जानकारी हुलाकको केन्द्रीय कार्यालयमै भयो ।

सरकारी रकम हिनामिना गरेको देखिएको,' अख्तियारको आरोपपत्रमा उल्लेख छ । रकम हिनामिना गर्न प्रमुख भूमिका खेलेका कुर्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा पाँच करोड ३५ लाख ६४ हजार २७९ रुपैयाँ नै बिगो कायम गरी अख्तियारले मुद्दा दायर गरेको छ । बिगोबमोजिम कैद र जरिवानाको मागदाबीसमेत अख्तियारले गरेको छ । बिगोबमोजिम कैद र जरिवानाको मागदाबीसमेत गरिएको छ ।

कुर्मी यसअघि नै ठगी मुद्दामा हिरासतमा छन् । बचतकर्ताको बचत रकम कुनै अभिलेख नराखी आफूखुसी अपचलन गरेको उजुरी उनीविरुद्ध जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा परेको थियो । त्यसका आधारमा छानबिन गरेर उनीविरुद्ध बारा जिल्ला अदालतमा ठगी मुद्दा नै दायर भएको थियो । यही मुद्दामा उनी पुर्पक्षका लागि थुनामा छन् । हिनामिनामा सहयोग गर्ने र रकम लिनेखानेमा संलग्न कार्यालयका तत्कालीन कार्यालय प्रमुखहरू जयलालप्रसाद साह कानू, अदालतप्रसाद कुर्मी, बुन्नीप्रसाद यादव, सुरेन्द्रप्रसाद यादव र सुजितकुमार साहलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ ।

गृहमन्त्री लेखकसँग कांग्रेस कार्यकर्ताले पोखे असन्तुष्टि

विराटनगरमा **गणेश लम्साल**

गृहमन्त्री रमेश लेखकलाई मोरङ कांग्रेसका नेता-कार्यकर्ताले आक्रोशपूर्ण गुनासो सुनाएका छन् । बुधबार हुने प्रदेश सुरक्षा गोष्ठीमा सहभागी हुन विराटनगर आएका गृहमन्त्री लेखकलाई पार्टी कार्यालयमा मोरङका नेता-कार्यकर्ताले सरकारमा कांग्रेसको भूमिका निम्छरो भएको भन्दै आक्रोश पोखेका हुन् ।

नेता-कार्यकर्ताले संघीय मात्र नभएर कोशी प्रदेशको सरकारसमेत पार्टी जनभावनाअनुकूल सञ्चालन हुन नसकेको भन्दै गृहमन्त्री तथा केन्द्रीय सदस्य लेखकसमक्ष मंगलबार आक्रोश पोखेका छन् । कांग्रेस मोरङका कार्यवाहक अध्यक्ष भक्तिनाथ माझीले कांग्रेस र एमालेको संयुक्त सरकार भएर पनि कांग्रेस समर्थक, नेता, कार्यकर्ताको कामकाज सहज रूपमा नभएको, तर एमाले समर्थकको काम खुरुखुरु हुने गरेको आक्रोश सुनाए । 'निम्छरो भएर सरकारमा बसिरहनुभन्दा प्रतिपक्षमै बसिरहँदा राम्रो हुन्छ,' माझीले भने ।

कांग्रेस मोरङ सचिव मोदराज घिमिरेले राज्यमन्त्रीलाई पार्टीले फिर्ता बोलाउनुपर्नेमा सोझै प्रधानमन्त्रीले बर्खास्त गरेर सत्तासाझेदार मात्र नभएर देशकै ठुलो पार्टीको अवमूल्यन गरेको गुनासो गरे । 'कांग्रेसका मन्त्रीलाई पार्टीले फिर्ता बोलाउने कि प्रधानमन्त्रीले बर्खास्त गर्ने ?' उनको प्रश्न थियो ।

कांग्रेस जिल्ला कार्यालय मोरङको पोखरियामा भएको भेटघाटमा पालिका अध्यक्षहरूले पनि गृहमन्त्री लेखकसमक्ष आक्रोश पोखेका थिए । स्थानीय नेता-कार्यकर्ताको आक्रोशपूर्ण गुनासो सुनेपछि गृहमन्त्री लेखकले अहिलेको सरकारमा कमीकमजोरी भएको स्विकार्दै यस्तो अवस्था आउनुमा संविधानलाई दोष दिए । 'संवैधानिक व्यवस्थाअनुसार कुनै एउटा पार्टीको बहुमत आउँदैन, त्यसैले संयुक्त सरकार चलाउनुको विकल्प छैन,' उनले भने, 'संविधानमा भएको व्यवस्थाले नै महिला राष्ट्रपति, सभामुख हुनुका साथै समावेशी सिद्धान्तअनुसार सबै तहतप्काको राज्यमा प्रतिनिधित्व हुन पाउने व्यवस्था राम्रो भए पनि एउटा पार्टीको बहुमत नआउने निर्वाचन प्रणाली राम्रो छैन, यसलाई संशोधन गरेर जानुपर्छ ।' उनले नेता-कार्यकर्ताले आक्रोश व्यक्त गर्दै सुनाएका गुनासा सबै जायज भन्दै निराश नभइहाल्न आग्रह गरे । 'निराशाले मानिसलाई आत्महत्यातर्फ डोऱ्याउँछ, यसैले आशावादी हुनुपर्छ । कांग्रेस आशा र भरोसा जगाउने पार्टी हो । गतिहीन भएर पनि राम्रा काम गर्दै अगाडि बढिरहेका छौं,' उनले भने ।

समझदारी कामय नगरी आ-आफ्नै पाराले अहिलेको सत्ता सञ्चालन गर्ने हो भने कांग्रेस-एमालेको सरकार दुई-तीन महिनाभित्र ढल्न सक्ने मन्त्री लेखकले बताए ।

१० बुँदे घोषणापत्र जारी गर्दै सकियो प्रदेश युवा सम्मेलन



मकवानपुर/ १० बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेश युवा सम्मेलन मंगलबार सकिएको छ । विभिन्न ६ शीर्षकमा प्यानल छलफल गरी सम्मेलनमा उठेका विषयबाट १० बुँदे घोषणापत्र जारी गर्दै सम्मेलन सकिएको हो । तीनदिने सम्मेलनमा शिक्षा, सीप, उद्यमशीलता र नीति नेतृत्वको विषयमा बहस भएको थियो । 'सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन : बागमतीमा युवा सशक्तीकरण' भन्ने मूल नारासहित हेटौंडामा भएको सम्मेलनमा कृषिमा नवप्रवर्तन र युवा संलग्नता सम्भावना र चुनौती, डिजिटल सुशासन र प्रविधिमा युवा, शिक्षा सीप र सिर्जना, दिगो विकासमा जलवायु परिवर्तन र युवा, नीति, नेतृत्व र युवा संलग्नता तथा मुख्यमन्त्रीसँग युवालगायत विषयमा विज्ञहरूसहित प्यालन छलफल गरिएको थियो ।

सम्मेलनले युवाहरूमा रहेको नवीनतम सोचलाई आर्थिक लाभसँग जोड्न तीन तहको सरकारको समन्वय र निजी क्षेत्रको सहकार्यमा युवा परियोजना बैंकको स्थापना गर्नुपर्ने माग गरेको छ । परियोजना बैंकमा छनोट भएको परियोजनामा सरकारका तर्फबाट बिउ पुँजी र विनाधितो सहुलियत कर्जाको व्यवस्था हुनुपर्ने घोषणापत्रमा उल्लेख छ । गुणस्तरीय व्यावसायिक जीवनोपयोगी तथा नवप्रवर्तनमा आधारित शिक्षाका लागि आवश्यक औपचारिक र अनौपचारिक शिक्षा प्रणाली विकास गरी सबै स्थानीय तहमा लागू गर्नुपर्ने, युवाले सिर्जना गरेका विचारलाई नीति पुँजी र प्रवृत्तिमा रूपान्तरण गर्ने संरचना माग गरिएको छ । तीन तहको सरकारको नीति निर्माण तहमा युवाहरूको सहभागिता वृद्धि गरिनुपर्ने, प्रदेशका नीति निर्माण प्रक्रिया, नीति, मस्यौदा, कानुनलगायत क्षेत्रमा युवा प्रतिनिधित्वको सुनिश्चितता अनिवार्य गरिनुपर्ने माग सम्मेलनले गरेको छ ।

स्थानीय सरकारको योजना, नीति तथा कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा युवाहरूको अर्थपूर्ण र प्रभावकारी सहभागितासहित युवामैत्री नीति र बजेट तयार हुनुपर्ने, सबै स्थानीय तहमा युवा परिषद् गठन गरिनुपर्ने, सीपमूलक तालिमसँगै उद्यमशील चरण, बजारीकरण, लगानीमा पहुँच, प्राविधिक परामर्श र अनुगमनलाई जोडेर एकीकृत ढाँचामा सञ्चालन गरिनुपर्ने, सीपमा आधारित स्वरोजगारका लागि अनुदान सहुलियत ऋण र सहकारी प्रणालीलाई कार्यान्वयन गरिनुपर्ने माग सम्मेलनले गरेको छ ।

कर्जन्हाका दलित विपन्न परिवारलाई पक्की घर हस्तान्तरण

लहान/ सिराहाको कर्जन्हा नगरपालिका- १ बल्टिया गाउँका १० घरधुरी मुसहर तथा विपन्न परिवारलाई पक्की घर हस्तान्तरण गरिएको छ । बल्टिया गाउँमा मंगलबार आयोजित समारोहबिच कर्जन्हा नगरपालिकाका प्रमुख भोलाप्रसाद पोखरेल, उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत सुनीलकुमार पासवान र वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेलले संयुक्त रूपमा घर हस्तान्तरण गरेका हुन् ।

बर्खा लाग्नुअगावै पक्की घर पाएपछि मुसहरसहित विपन्न परिवारले व्यक्त गरेका छन् । पक्की घर पाएपछि खुसी हुँदै करिब ४१ वर्षीया ककुलतीदेवी सदायले भनिन्, 'बर्खा होस् वा हिउँद बालबच्चासहित आफू कसरी सुरक्षित हुने भन्ने चिन्ताबाट अब मुक्त भएकी छु ।' उनकी छिमेकी सबरीदेवी सदायले पक्की घर पाएपछि सपनाजस्तै लागेको सुनाइन् । 'मजदुरी गरेर पेट पाल्नुपर्ने आफूहरूजस्ता विपन्नका लागि पालिकाको समेत लगानीमा पक्की घर पाएपछि सुरक्षित महसुस गरेका छौं,' उनले भनिन्, 'सुरक्षित घरमा बस्न पाएपछि पेट त जसरी पनि पाल्छौं ।' कर्जन्हा नगरपालिकाको २४ लाख ९६ हजार ६ सय २८ रुपैयाँ ३५ पैसा, ह्याबिट्याट फर ह्युम्यानिटी नेपालको २४ लाख ८५ हजार आठ सय १८ रुपैयाँ ७५ पैसा र लाभग्राहीको श्रमदानबाट आठ लाख ८० हजार चार सय ४६ रुपैयाँ ८९ पैसा गरी ९८ लाख ६२ हजार आठ सय ९३ रुपैयाँ ८९ पैसा लगानीमा घर निर्माण गरी हस्तान्तरण गरिएको प्रमुख प्रशासकीय अधिकृत पासवानले बताए । घर निर्माणका लागि धनगढीमाई नगरपालिका- २ भवानीपुरस्थित भवानी एकीकृत विकास केन्द्रको प्राविधिक तथा सहजीकरण सहयोग रहेको वडाध्यक्ष पोखरेलले जानकारी दिए ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन बिभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, रामेछाप

भुल सुधार गरिएको सूचना

प्रकाशित मिति २०८२/१/३१

प्रस्तुत विषयमा यस संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, रामेछापबाट मिति २०८२/१/२९) मा प्रकाशित ठेक्का नं. 05/FWSSMP Ramechhap/Climate/2081/82 को Addendum सम्बन्धी सूचनामा ITB 8.1 अनुसार हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Durbarmarg, Tel: 5342530, 53282299
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4541110/4540564. ext. 131
Toll Free No: 1660-01-00070

INTEREST RATES ON DEPOSITS AND LOANS & ADVANCES

Effective from 15th May, 2025 (1st Jestha 2082)

Deposit Interest Rates

a. NPR Fixed Deposits

Particulars		Interest Rate p.a.
Individual Fixed Deposit	3 Months to 6 Months	3.75%
	Above 6 Months to 1 Year	4.50%
	Above 1 Year to 2 Years	5.00%
	Above 2 Years	5.50%
Remittance Fixed Deposit	1 Year	5.50%
	Above 1 Year to 2 Years	6.00%
	Above 2 Years	6.50%
Institutional Deposit	6 Months to 1 Year	3.00%
	Above 1 Year to 2 Years	3.25%
	Above 2 Years to 3 Years	4.00%
	Above 3 Years	4.50%

b. FCY Fixed Deposits

Particulars	Interest Rate p.a.
FCY Fixed Deposit (USD)	3.50%
FCY Fixed Deposit Others	2.50%

c. Saving Deposits

Afnai Bachat Khata	3.00%
Shrijansil Nari Bachat Khata	3.00%
Keta Keti Bachat Khata	3.00%
Swabhiman Bachat Khara	3.00%
Karmachari Bachat Khata	3.00%
Triple Benefit Plus Saving Account	3.00%
EZEE Saving	3.00%
Chhoriko Surakshya Bachat Khata	3.00%
Surakshya Bachat Khata	3.00%
Janasewak Saving Account	3.00%
EZEE Student	3.00%
Ek Se Ek Saving Account	3.00%
Lotus Saving Account	3.00%
Prabardhak Bachat Khata	3.00%
Locker Account	3.00%
Shareholder Savings Account	3.00%
Savings Bonanza	3.00%
Nawa Aayam Bachat Khata	3.90%
Saving Branchless Banking	3.00%
NIMB Green Future Saving Account	4.00%
Social Security Account	3.00%
Prithvi Remittance Account	5.00%
Access to Finance Program	3.00%
Janani Janmabhumi Saving Account	5.00%
Retirement Fund Account	3.00%

Particulars	Interest Rate p.a.
NPR Call Account	Up to 1.50%
FCY Others Saving	1.50%
USD Saving	3.00%
USD Call Account	Up to 1.50%
FCY Others Call Account	Up to 0.75%

Lending Interest Rates

Premium rates on Loans and Advances other than below shall remain same for the month of Jestha 2082 as published in previous month and is available in Bank's website. The gap of interest rate on loan and advances of same nature shall be maintained as per regulatory requirements.

Long Term Loan- Manufacturing Sector	BR plus Premium 1.25% to 3.25%

Notes:

- Tenure of Individual Fixed Deposit should be minimum of 3 months and interest shall be provided on quarterly basis.
- Tenure of Institutional Fixed Deposit should be minimum of 6 months.
- Interest Rate for Akshyakosh shall be decided as per mutual consent between Bank and the client.
- Interest rate on Remittance Fixed Deposit including renewal shall be applicable only for funds received from abroad with legitimate source.
- Interest rate on loans and advances shall be average base rate plus applicable premium rate.
- Interest rate as per special agreement shall be applicable till the expiry of such agreement.
- Penal interest of 2% p.a. shall be applied on the expired/overdue loan.
- Rate on consortium financing shall be as decided by the consortium meeting. However, rate shall not be less than base rate of the Bank.
- Agriculture and Livestock, Energy and MSME sectors as per NRB directive shall be considered as Specified Productive Sector Lending.
- Other terms and conditions including features of the products have been mentioned in Bank's website:- www.nimb.com.np.

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना ३१ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : मिर्चैया शाखा **कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

ऋणीको विवरण
लक्ष्मी नारायण महतोको बुहारी कमोद कुमार महतोको पत्नी सिराहा जिल्ला कर्जन्हा गा.वि.स. वडा नं. २ हाल, कर्जन्हा न.पा. वडा नं. ९ बस्ने **संगिता देवि महतो** (ना.प्र.नं. : १५३०८९/१०५ जारी मिति र जिल्ला : २०६३/१२/२१, सिराहा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) नन्द लाल महतोको नाति लक्ष्मी नारायण महतोको छोरा सिराहा जिल्ला कर्जन्हा गा.वि.स. हाल, कर्जन्हा न.पा. वडा नं. ९ बस्ने **कमोद कुमार महतो** (ना.प्र.नं : ४४७७५८०० जारी मिति र जिल्ला : २०५८/१०/२८ सिराहा)
२) दुखरण पासमानको नाति सत्य पासमानको छोरा सिराहा जिल्ला कर्जन्हा गा.वि.स. वडा नं. ३ हाल, कर्जन्हा न.पा. वडा नं. ९ बस्ने **प्रमोद पासमान** (ना.प्र.नं. : ४४७७५८५९ जारी मिति र जिल्ला : २०४९/०१/२४, सिराहा)

२) शाखा कार्यालय : विरगंज शाखा **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण
शिवजी साहको नाति श्याम बाबु प्रसाद साहको छोरा रौतहट जिल्ला कटहरीया वडा नं. ८ हाल, पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. ९ बस्ने **मुन्ना कुमार साह** (ना.प्र.नं. : १६२२ जारी मिति र जिल्ला : २०६३/१२/१३, रौतहट)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
श्याम बाबु प्रसाद साहको बुहारी मुन्ना कुमार साहको पत्नी पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **बबिता देवी** (ना.प्र.नं. : ३४-०१-७४-०४६६७ जारी मिति र जिल्ला : २०७४/०४/०८, पर्सा)

३) शाखा कार्यालय : गुलरिया शाखा **कर्जा शीर्षक : हायर पर्चेज कर्जा**

ऋणीको विवरण
ओलीराम विश्वकर्माको नाति तुल वहादुर विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज न.पा. वडा नं. २ हाल, नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **गंगाराम विश्वकर्मा** (ना.प्र.नं. १३२९३ जारी मिति र जिल्ला :२०६१/०८/१६, बाँके)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) कर्ण सिंह विश्वकर्माको नाति ओलीराम विश्वकर्माको छोरा बागंलुङ जिल्ला बागंलुङ न.पा. वडा नं. ७ हाल, बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **तुल वहादुर विश्वकर्मा** (ना.प्र.नं. : ६१०४ जारी मिति र जिल्ला : २०६०/०१/२८, बांगलुङ)
२) ओलीराम विश्वकर्माको बुहारी तुल वहादुर विश्वकर्माको पत्नी बागंलुङ जिल्ला बागंलुङ न.पा. वडा नं. ७ हाल, बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **मनिकला वि.क.** (ना.प्र.नं. : ५०-०१-७४-०५६८७ जारी मिति र जिल्ला : २०७४/१२/३०, बागलुङ)

४) शाखा कार्यालय : गुलरिया शाखा **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
तुल वहादुर विश्वकर्माको नाति गंगाराम विश्वकर्माको छोरी बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **विवश विश्वकर्मा** (ना.प्र.न. : ६६-०१-७८-०५३७० जारी मिति र जिल्ला : २०७८/०८/०१, बाँके)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) ओलीराम विश्वकर्माको नाति तुल वहादुर विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज न.पा. वडा नं. २ हाल, नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **गंगाराम विश्वकर्मा** (ना.प्र.नं. : १३२९३ जारी मिति र जिल्ला :२०६१/०८/१६, बाँके)
२) गगन वहादुर सार्कीको नाति गोठे सार्कीको छोरा दैलेख जिल्ला नारायण न.पा. वडा नं. १ हाल, बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **पुर्ण वहादुर रम्तेल** (ना.प्र.नं. : ११५७३४/१३९१ जारी मिति र जिल्ला : २०६३/१/२६, दैलेख)

५) शाखा कार्यालय : गुलरिया शाखा **कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**

ऋणीको विवरण
नाम : **विश्वकर्मा वडी बिल्डर्स वर्कसप** संचालकको नाम : गंगाराम विश्वकर्मा प्रा.फ.द.नं. : २९/४२७६/०६९/७० दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नेपालगँज, बाँके दर्ता मिति : २०६९/०४/३१ रजिष्टर्ड ठेगाना : बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा वडा नं. १८ स्थायी लेखा नं. : ३०५५७६६७७
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) ओलीराम विश्वकर्माको नाति तुल वहादुर विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज न.पा वडा नं. २ हाल, नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **गंगाराम विश्वकर्मा** (ना.प्र.नं. : १३२९३ जारी मिति र जिल्ला :२०६१/०८/१६, बाँके)
२) कर्ण सिंह विश्वकर्माको नाति ओलीराम विश्वकर्माको छोरा बागंलुङ जिल्ला बागंलुङ न.पा. वडा नं. ७ हाल, बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **तुल वहादुर विश्वकर्मा** (ना.प्र.नं. : ६१०४ जारी मिति र जिल्ला : २०६०/०१/२८, बांगलुङ)
३) ओलीराम विश्वकर्माको बुहारी तुल वहादुर विश्वकर्माको पत्नी बागंलुङ जिल्ला बागंलुङ न.पा. वडा नं. ७ हाल, बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **मनिकला वि.क** (ना.प्र.नं. : ५०-०१-७४-०५६८७ जारी मिति र जिल्ला : २०७४/१२/३०, बाग्लुङ)
४) ओलीराम विश्वकर्माको नाति तुल वहादुर विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **दिपक विश्वकर्मा** (ना.प्र.नं. : ६६-०१-७५-०५६५४ जारी मिति र जिल्ला : २०७५/०९/१८, बाँके)
५) ओलीराम विश्वकर्माको नाति तुल वहादुर विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा वडा नं. २ बस्ने **किरण विश्वकर्मा** (ना.प्र.नं. : ६६-०१-७३-०२७६९ जारी मिति र जिल्ला : २०७३/०७/१०, बाँके)
६) तुल वहादुर विश्वकर्माको नाति गंगाराम विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **विवेक विश्वकर्मा** (ना.प्र.नं. : ६६-०१-७८-०५३६९ जारी मिति र जिल्ला :२०७८/०८/०१, बाँके)
७) तुल वहादुर विश्वकर्माको नाति गंगाराम विश्वकर्माको छोरा बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा. वडा नं. २ बस्ने **विवश विश्वकर्मा** (ना.प्र.नं. : ६६-०१-७८-०५३७० जारी मिति र जिल्ला :२०७८/०८/०१, बाँके)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

अधिकांश हतियार विदेशबाट आपूर्ति गर्छन् भारत र पाकिस्तान

गत साता भारतले पाकिस्तान र पाकिस्तान प्रशासित कस्मिरका केही भागमा क्षेप्यास्त्र आक्रमण गऱ्यो। भारतले बुधबार बिहान आफ्नो अप्रेसन सिन्दूर सैन्य कारबाहीमार्फत 'अतिवादीका नौवटा अखडालाई निसाना बनायो। जवाफमा पाकिस्तानले पनि भारतका केही क्षेत्रमा आक्रमण गऱ्यो। सीमामा गोलाबारी र एक-अर्को भूमिमा मिसाइल हमलाबिच शनिबार दुई देशबिच युद्धविराम भयो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रयासमा छोटो समयमा नै युद्धविराम सम्भव भएको हो। युद्धविरामबाट दुवै देशका सर्वसाधारण खुसी देखिन्छन्। तथापि, सीमामा छिटफुट गोलाबारीका घटना भएका दुवै देशले बताएका छन्। युद्धविरामपछि दुवै देशका हवाई सेवा फेरि सञ्चालनमा आएका छन्। तथापि, सिन्धु जलसम्झौता निलम्बन र पाकिस्तानी नागरिकमाथिको भिसा रद्द भने यथावत् छ। सोमबार मात्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अप्रेसन सिन्दूर आतंकविरुद्ध भारतको नीति भएको बताएका छन्।

१९४७ मा बेलायती औपनिवेशिक शासकले विभाजनको रेखा कोरेर भारतीय उपमहाद्वीपलाई मुस्लिमबहुल पाकिस्तान र हिन्दुबहुल भारतमा विभाजित गरे। त्यसपछिको घटना मानव इतिहासको सबैभन्दा ठुलो र सम्भवतः सबैभन्दा रक्तपातपूर्ण थियो। अठहत्तर वर्ष बितिसक्दा पनि दुई राष्ट्र अझै पनि एक-अर्काका कट्टर शत्रु हुन्। उनीहरूसँग आणविक हतियार छ। पहलगाम आक्रमणपछि भारत र पाकिस्तानबिचको तनाव फेरि एकपटक चुलियो।

मुस्लिमबहुल कस्मिर क्षेत्र भारत विभाजनदेखि नै विवादमा छ। भारत, पाकिस्तान र चीनले कस्मिरको एक भाग नियन्त्रण गर्छन्। भारतले यो सबै दाबी गर्छ भने पाकिस्तानले भारतद्वारा प्रशासित भाग दाबी गर्छ। कस्मिरलाई लिएर दुवै देशबिच चार ठुला युद्ध र सीमापारमा धेरै झडप र तनाव भएका छन्, जसमा २०१९ मा पाकिस्तानस्थित सशस्त्र समूह जैस-ए-मोहम्मदले दाबी गरेको आत्मघाती आक्रमण (कम्तीमा ४० भारतीय सैनिक मारिएका) पनि समावेश छ।

बदलामा भारतले सोही महिनाको अन्त्यतिर खैबर पख्तुनख्वाको बालाकोटमा हवाई हमला सुरु गऱ्यो। आक्रमणमा उसको जेटले 'आतंकवादी' अड्डामा प्रहार गरेको थियो र धेरै लडाकु मारिएका दाबी गरिएको थियो। भारतले वास्तवमा सशस्त्र समूहको अड्डाहरूमा प्रहार गरेको र धेरै लडाकु मारिएका थिए भन्ने भारतीय दाबीमा धेरै स्वतन्त्र विश्लेषकले प्रश्न उठाएका छन्।



भारत २०२०-२४ बिच युक्रेनपछि विश्वको दोस्रो ठुलो हतियार आयातकर्ता थियो, जसले विश्वव्यापी आयातको ८.३ प्रतिशत हिस्सा ओगटेको थियो। भारतले अधिकांश आयात रुसबाट गर्छ, यद्यपि उसले आफ्नो हतियार स्रोतहरू फ्रान्स, इजरायल र संयुक्त राज्य अमेरिकामा सार्दै लगेको छ।

भारत र पाकिस्तानको सैन्य क्षमता कति ?

ग्लोबल फायरपावरको २०२५ को सैन्यशक्ति श्रेणीकरणअनुसार भारत विश्वको चौथो सबैभन्दा बलियो सैन्य शक्ति हो भने पाकिस्तान १२औँ बलियो स्थानमा छ। भारत विश्वको पाँचौँ ठुलो सैन्य खर्च गर्ने देश पनि हो। अग्रणी रक्षा र हतियार थिंक ट्यांक स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (एसआइपिआरआई) का अनुसार २०२४ मा यसले आफ्नो सेनामा ४८६ अर्ब खर्च गऱ्यो, जुन यसको कुल गार्हस्थ उत्पादन (जिडिपी) को २.३ प्रतिशत हो। पाकिस्तानले २०२४ मा सेनामा ४१०.२ अर्ब खर्च गऱ्यो, जुन यसको जिडिपीको २.७ प्रतिशत खर्च हो। भारतको कुल सैन्य शक्ति ५१ लाख ३७ हजार पाँच सय ५० छ, जुन पाकिस्तानको १७ लाख चार हजारभन्दा तीन गुणा बढी हो। कुनै पनि देशमा अनिवार्य भर्ती छैन। भारतसँग २,२२९ सैन्य विमानहरू छन् जबकी पाकिस्तानी सैन्य विमानको संख्या एक हजार ३९९ छ। पाकिस्तानको केबल एक हजार ८३९ ट्यांकको तुलनामा भारतसँग तीन हजार १५१ वटा छन्। पाकिस्तानको नौसेनाले अरब सागरमा यसको एक हजार ४६ किलोमिटर लामो (६५० माइल) दक्षिणी तटीय सीमा ओगटेको छ र उसँग १२१ नौसेना एसेस्ट छन्, जबकि भारतको मुख्य भूमि तटले २९३ नौसेनासहित लगभग ६ हजार १०० किलोमिटर (तीन हजार ८०० माइल) ओगटेको छ।

■ आणविक हतियारको दौडमा भारत-पाक

आणविक हतियार प्रतिबन्ध लगाउने विश्वव्यापी गठबन्धन अन्तर्राष्ट्रिय अभियान टु एबोलिस न्युक्लियर वेपन्स (आइसिएएनडब्लु) का अनुसार २०२३ मा विभिन्न देशले आणविक हतियारमा अनुमानित ४९१.४ अर्ब डलर खर्च गरे, जसमा भारतले ४२.७ अर्ब डलर र पाकिस्तानले ४१ अर्ब खर्च गरे। भारतले मे १९७४ मा आफ्नो पहिलो आणविक परीक्षण गऱ्यो र मे १९९८ मा अरू पाँच परीक्षण गऱ्यो। लगत्तै उसले आफूलाई आणविक हतियार भएको राज्य घोषणा गऱ्यो। पाकिस्तानले १९९८ मा भारतको केही समयपछि आफ्नो पहिलो आणविक परीक्षण गर्दै आधिकारिक रूपमा आणविक हतियार भएको राज्य बन्यो। त्यसवेलादेखि दुवै राष्ट्र हतियार दौडमा संलग्न छन्, जसका कारण उनीहरूले अर्बौं डलर खर्च गरेका छन्।

सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिज (सिएसआइएस) मिसाइल डिफेन्स प्रोजेक्टका अनुसार नयाँदिल्लीको आणविक निवारक मुख्यतया प्रतिद्वन्द्वी पाकिस्तान र चीनलाई लक्षित गरी बनाइएको छ। भारतले लामो दूरीको मिसाइल र जमिनमा आधारित मिसाइल विकास गरेको छ। रुससँगको सहकार्यमा भारत जहाज र पनडुब्बी मिसाइलको विकास चरणमा छ। सिएसआइएसले यो पनि बताउँछ कि पाकिस्तानको हतियारमा मुख्यतया छोटो र मध्यम दूरीको ब्यालिस्टिक मिसाइल छन्, जसको दूरी भारतलाई लक्षित गर्न पर्याप्त छ। आणविक र मिसाइल कार्यक्रममा चीनको महत्त्वपूर्ण प्राविधिक सहयोगले हालका वर्षमा पाकिस्तानलाई मद्दत गरेको छ।

■ चीनको बढ्दो भूमिका

एसआइपिआरआईका अनुसार दुई देशबिचको सीमापार तनावले दुवै देशले हतियार आयातलाई बढावा दिएका छन्। भारत २०२०-२०२४ सम्म युक्रेनपछि दोस्रो ठुलो हतियार आयातकर्ता थियो, जसले विश्वव्यापी आयातको ८.३ प्रतिशत हिस्सा ओगटेको थियो। भारतको अधिकांश आयात रुसबाट हुन्छ, यद्यपि यसले आफ्नो हतियार स्रोतहरू फ्रान्स, इजरायल र संयुक्त राज्य अमेरिकामा सार्दै आएको छ।

सीमापारि पाकिस्तानको हतियार र हतियार आयात २०१५-१९ र २०२०-२४ को बिचमा ६१ प्रतिशतले बढ्यो, किनभने यसले लडाकु विमान र युद्धपोतसहित 'डेलिभरी' प्राप्त गर्न थाल्यो। विश्वव्यापीस्तरमा पाकिस्तान २०२०-२४ मा ४.६ प्रतिशत आयातका साथ पाँचौँ ठुलो हतियार आयातकर्ता हो। १९९० देखि पाकिस्तानको मुख्य आपूर्तिकर्ता चीन रहेको छ। २०२०-२४ मा चीनले पाकिस्तानको हतियार आयातको ८१ प्रतिशत आपूर्ति गऱ्यो। सोही अवधिमा रुसले भारतको हतियारको ३६ प्रतिशत आपूर्ति गऱ्यो।

-अलजजिराबाट

इतिहासमा आज



सन् १९४८ : 'वर्ल्ड जाओनिस्ट अर्गनाइजेसन'का प्रमुख डेभिड बेन-गुरियनले इजरायल बेलायतको शासनबाट स्वतन्त्र भएको घोषणा गरे। यस दिनलाई आज पनि इजरायलमा स्वतन्त्रता दिवसका रूपमा मनाइन्छ।

सन् १६४३ : फ्रान्सका राजा लुई चौधौँ चार वर्षको उमेरमा देशका राजा बने। पछि गएर ७२ वर्ष शासन सम्हालेका लुई विश्व इतिहासमै सबैभन्दा लामो समय शासन गर्ने राजा हुन्।

सन् १८७९ : ४६३ जना भारतीय श्रमिक बोकेको जहाज 'लियोनिडास' प्रशान्त सागरमा अवस्थित टापु फिजीको तटमा रोकियो, जुन संख्या ३७ वर्षभित्रै साठी हजार पुगेको थियो।

सन् १९३५ : फिलिपिन्समा भएको जनमत संग्रहले नयाँ संविधानलाई अनुमोदन गऱ्यो। संविधानमा अन्तरिम सरकार बनाएर देशलाई अमेरिकाको उपनिवेशबाट स्वतन्त्रता दिलाउने कुरा उल्लेख थियो।

सन् १९३९ : पेरुकी पाँच वर्ष सात महिना २१ दिनकी लिना मेदिनाले एक छोरालाई जन्म दिइन्। यो सबैभन्दा सानो उमेरमा गर्भाधान भएको प्रमाणित घटना हो।

सन् १९५५ : कम्युनिस्ट देशले नेटोको प्रतिद्वन्द्वी संस्थाका रूपमा 'बार्सा प्याक्ट' (औपचारिक नाम 'मैत्री, सहकार्य र आसपी सहकार्यको सन्धि') गठन गरे।

सन् १९७३ : अमेरिकाले फ्लोरिडा राज्यको केनेडी स्पेस सेन्टरबाट उसको पहिलो अन्तरिक्ष केन्द्र 'स्काइल्याब' प्रक्षेपण गऱ्यो।

सन् १९९५ : दलाई लामाले ६ वर्षीय गेदुन चोइक्यी निमालाई ११औँ पन्चेन लामा घोषित गरे। तिब्बती बौद्धका दोस्रो शीर्ष आध्यात्मिक नेता पन्चेन लामाको यस घोषणालाई चीनले अमान्य घोषित गऱ्यो।

सन् २०१८ : अमेरिकाले उसको राजदूतावास तेल अभिभबाट जेरुसेलम सार्‍यो।

विश्व संक्षेप

युद्धमा ११ सैनिकसहित ५१ को मृत्यु भएको पाकिस्तानी सेनाको दाबी

इस्लामाबाद / दुई आणविक अस्त्रसम्पन्न मुलुक भारत र पाकिस्तानबिच हालैको तनावका क्रममा ११ पाकिस्तानी सैनिक मारिएको र थप ७८ घाइते भएको पाकिस्तानी सेनाको मिडिया शाखाले मंगलबार एक विज्ञप्तिमा खुलाएको 'द डन'ले लेखेको छ। सेनाको विज्ञप्तिमा सात महिला र १५ बालबालिकासहित ४० नागरिकको ज्यान गएको र १२१ अन्य घाइते भएको उल्लेख भएको समाचारमा उल्लेख छ। अप्रिल २२ मा भारत प्रशासित कस्मिरको पहलगाममा २६ जना पर्यटकको ज्यान जाने गरी भएको आतंकवादी आक्रमणमा इस्लामाबादको संलग्नता रहेको आरोप लगाएर भारतले आक्रमण गरेपछि युद्ध सुरु भएको हो। मे ६-७ को रात नयाँदिल्लीले अप्रेसन सिन्दूरको नाममा पाकिस्तानमा शृंखलाबद्ध हवाई हमला सुरु गरेको थियो। त्यसपछि दुवै पक्षले एक-अर्कामाथि मिसाइल हानेका थिए। अमेरिकी हस्ताक्षेपपछि दुई पक्षले युद्धविराममा सहमति जनाएको अमेरिकी पक्षले बताएको छ। शनिबार दुई देशबिचको तनाव चरम सीमामा पुगेको समय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूहरूको मध्यस्थतापछि भारत र पाकिस्तानबिच युद्धविराम भएको घोषणा गरेका थिए।

भारतको पन्जाबमा विषाक्त रक्सी सेवनबाट २१ जनाको मृत्यु

नयाँदिल्ली / भारतको उत्तरी राज्य पन्जाबको अमृतसर जिल्लामा विषाक्त रक्सी सेवनका कारण २१ जनाको निधन भएको छ भने १० जना गम्भीर अवस्थामा अस्पतालमा उपचाररत छन्। भारतमा बर्सेनि सयौँ मानिसले घरमा बनाइएका विषाक्त रक्सी सेवन गर्दा ज्यान गुमाउने गरेका छन्। घरमा बनाइने रक्सी कडा बनाउन 'मेथानोल' मिसाउने गरिन्छ, जसले आँखाको दृष्टि गुम्नुका साथै कलेजोमा क्षति पुग्ने र मृत्युसम्म निम्त्याउन सक्छ। सोमबार रातिको पछिल्लो घटनामा अमृतसर जिल्लाको पाँचवटा गाउँ प्रभावित भएका छन्। मेथानोल मिसाइएको रक्सी सेवन गरेपछि स्थानीय बासिन्दा बिरामी परेका थिए। जिल्लाका वरिष्ठ प्रहरी अधिकारी मनिन्दर सिंहले घटनामा २१ जनाको ज्यान गएको पुष्टि गरेका छन्। घटनापछि प्रहरीले नौजनालाई पक्राउ गरेको छ। पन्जाब प्रहरीले सामाजिक सञ्जाल 'एक्स'मार्फत जानकारी दिँदै घटनाको विस्तृत छानबिन भइरहेको र दोषीलाई कानुनी दायरामा ल्याइने जनाएको छ। पन्जाबका मुख्यमन्त्री भगवन्त मानले पनि घटनामा संलग्न सबैलाई कडाभन्दा कडा कारबाही गरिने चेतावनी दिए।

हिमालयन बैंक लिमिटेडको
ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं।

तपसिल

ऋणी/ऋणीहरूको विवरण	धितोको विवरण
शाखा कार्यालय: बाइपास रोड शाखा, पर्सा	
१. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६८६३६/०७८/०७९ कायम भई मिति २०७८/०५/०२ मा दर्ता भएको **सन आल्मुनियम प्रा. लि.(ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: सुकेश्वर बहादुर धिमिरे** **व्यक्तिगत जमानी दिने: नम्रता सिंह थापा**	**ऋणी सन आल्मुनियम प्रा.लि. को** नाममा दर्ता कायम रहेको बारा जिल्ला भोडहा गा.वि.स. वडा नं. ६क (हाल परिवर्तित बारा जिल्ला, कलैया उप म.न.पा. वडा नं. २४) स्थित कि.नं. ११७१ को क्षेत्रफल ०-११-१०-० र कि.नं. ११७० को क्षेत्रफल ०-११-१०-० (बिघा) को जग्गा तथा सो जग्गामा निर्मित उद्योग, सोमा जडित प्लान्ट, मेशिनरी, उपकरण तथा स्टक समेत।
२. वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग (जारी गर्ने कार्यालय: बाणिज्य कार्यालय, विरगंज) मा दर्ता भएको प्रा.फ.र.नं.२१६४१/०६१/०६२ कायम भइ मिति २०६१/०७/२२ मा दर्ता भएको **गार्निस इन्टरनेशनल (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: सुकेश्वर बहादुर धिमिरे** **व्यक्तिगत जमानी दिने: नम्रता सिंह थापा र हरिमाया देवी**	बेचु बहादुर धिमिरेको बुहारी लक्ष्मण बहादुर थापाको छोरी शंकर बहादुर धिमिरेको पत्नी रौतहट जिल्ला गौर न.पा. वडा नं. ७ (हाल परिवर्तित गौर न.पा. वडा नं. ५) बस्ने **हरि माया देवीको** नाममा दर्ता कायम रहेको: क) पर्सा जिल्ला विरगंज उप म.न.पा. वडा नं. ६ (हाल परिवर्तित विरगंज म.न.पा. वडा नं. ५) सिट नं. ११३०३९०१५ स्थित कि.नं. ४३ को क्षेत्रफल १७०.२० व.मि. को घर जग्गा समेत। ख) बारा जिल्ला उत्तर भिटकैया गा.वि.स. वडा नं. १ (हाल परिवर्तित कलैया उप म.न.पा. वडा नं. १६) स्थित कि.नं. ५९ को क्षेत्रफल १६९३.१५ व.मि.को जग्गा समेत।
शाखा कार्यालय: वीरगञ्ज शाखा, पर्सा	
शिव नारायण साहको नाति रामायण साह कलवारको छोरा बारा जिल्ला कलैया उप म.न.पा. वडा नं. ८ बस्ने **बिनोद प्रसाद साह कलवार (ऋणी)** **व्यक्तिगत जमानी दिने: गुडिया गुप्ता**	**ऋणी बिनोद प्रसाद साह कलवारको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला मुर्लि (बी) गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित वीरगञ्ज म.न.पा.वडा नं १५) स्थित कित्ता नं. ३६२ को क्षेत्रफल ०-०-८-१२ (बिघा) को जग्गा समेत।
शाखा कार्यालय: सि.टि.सि. शाखा, सुन्धारा काठमाण्डौ	
रामजी प्रसाद कुइकेलको नाति सूर्य प्रसाद कुइकेलको छोरा काठमाण्डौं जिल्ला भद्रबास गा.वि.स. वडा नं. ३ बस्ने **प्रदिप कुइकेल (ऋणी)** **व्यक्तिगत जमानी दिने: सुजाता फूयाल**	प्रतिज्ञा पत्र तथा ऋण तमसुक
शाखा कार्यालय: खुरखुरे शाखा, चितवन	
१. घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.र.नं.: १५०३/०७४/७५, स्थानीय व्यापार कायम भई मिति २०७४/१२/२८ मा दर्ता भएको **सहज सप्लायर्स (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: हरि उप्रेती** **व्यक्तिगत जमानी दिने: सृजना सापकोटा, तोक माया उप्रेती र पुरेन्द्र कुमार उप्रेती**	१. पुरेन्द्र कुमार उप्रेतीको बुहारी युवानन्द सापकोटाको छोरी हरि उप्रेतीको पत्नी चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स वडा नं ४ (हाल परिवर्तित राप्ती न.पा. वडा नं. ८) बस्ने **सृजना सापकोटा** नाममा दर्ता कायम रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं ९ (हाल परिवर्तित रात्ती न.पा वडा नं.८) स्थित कित्ता नं. १६२ को क्षेत्रफल ०-५-०-० (बिघा) जग्गा समेत। २. हिमालयन बैंक लि. (सावि क सिभिल बैंक लि.) धनी र सहज सप्लायर्स ऋणी, कायम भई दर्ता भएको लु ०१क २७७५ नम्बरको इन्जिन नं. 8045.45*740-200402 च्यासिस नं. NKJOB80BPHKH00029 CNH Industrial निजि ब्याक्होलोडर
२. खैरहनी न.पा.,नगर कार्यपालिकाको कार्यालय, खैरहनी चितवनमा दर्ता भएको प्रमाण पत्र नं. ३४९४ कायम भइ मिति २०७७/०५/२९ मा दर्ता भएको **लक्ष्मी सुनचाादी कारखाना (ऋणी)** **व्यवसायी तथा व्यक्तिगत जमानी दिने: शंकर सुनार** **व्यक्तिगत जमानी दिने: नारायण काजी सुनार, तुलसी वि.क. र प्रेम सुनार**	धन बहादुर सुनारको नाति कृष्ण बहादुर सुनारको छोरा चितवन जिल्ला कुमरोज गा.वि.स.वडा नं. ८ बस्ने **नारायण काजी सुनारको** नाममा दर्ता रहेको चितवन जिल्ला कुमरोज गा.वि.स. वडा नं. ८ ख स्थित कि.नं. ३०७ को क्षेत्रफल ०-१-८-० विघा) को जग्गा समेत।
शाखा कार्यालय: वपुर शाखा, रौतहट	
१. बाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालय घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा) प्रा.फ.र.नं. ९७१२/५३२ कायम भई मिति २०७७/०६/२८ मा दर्ता भएको **रबि किराना पसल (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: दिपमाला पटेल** **व्यक्तिगत जमानी दिने: राम प्रवेश प्रसाद पटेल**	**ऋणी राम प्रवेश प्रसाद पटेलको** नाममा दर्ता रहेको रौतहत जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित बृन्दावन न.पा वडा नं. ६) स्थीत कि.नं. २१६३ को क्षेत्रफल ०-१०-०-० कि.नं. २१६० को क्षेत्रफल ०-४-६-० र ऐ. सिट नं. १८६३ स्थीत कि.नं. २८६७ को क्षेत्रफल ०-२-१९$^{१/२}$-० (विघा) जग्गा समेत।
२. राम नाथ राउत कुर्मीको नाति भोला राउत कुर्मिको छोरा रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ बस्ने **राम प्रवेश प्रसाद पटेल (ऋणी)** **व्यक्तिगत जमानी दिने: दिपमाला पटेल**	

शाखा कार्यालय: राप्तीसोनारी शाखा, बाँके	
घरेलु तथा साना उद्योग कार्यालय, बाँके नेपालगञ्जमा दर्ता भएको प्रा.फ.र.नं. १६९२।१००३२।०७७।०७८ कायम भइ मिति २०७७/११/२१ मा दर्ता भएको **सौरी बहुउद्देश्य कृषि तथा पशुपंक्षी फर्म (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: लक्ष्मी भण्डारी** **व्यक्तिगत जमानी दिने: डिल बहादुर भण्डारी**	धर्म राज भण्डारीको नाति लक्ष बहादुर भण्डारीको छोरा बाँके जिल्ला खास कुश्मा गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित राप्तीसोनारी गा.पा. वडा नं. १) बस्ने **डिल बहादुर भण्डारीको** नाममा दर्ता कायम रहेको बाँके जिल्ला खास कुश्मा गा.वि.स. वडा नं. ४क (हाल परिवर्तित राप्तीसोनारी गा.पा. वडा नं. १) स्थित कि.नं. १०९ को क्षेत्रफल १-३-११.५-० (विघा) को जग्गा समेत।
शाखा कार्यालय: मेनरोड नारायणगढ शाखा, चितवन	
१. बल बहादुर प्रधानको नाति कृष्ण राज प्रधानको छोरा चितवन जिल्ला पिठुवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई (हाल भरतपुर म.न.पा. वडा नं. ९) बस्ने **युवराज प्रधान (ऋणी)** **व्यक्तिगत जमानी दिने: विन्दु प्रधान, रोनिज प्रधान, सजिना भण्डारी (प्रधान), एसिना प्रधान, रोसिना प्रधान**	१. **ऋणी युवराज प्रधानको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला पिठुवा गा.वि.स.वडा नं ५/ख स्थित कित्ता नं. ४८४ को क्षेत्रफल ०-३-० (बिघा) घर/जग्गा समेत। २. कृष्ण राज प्रधानको बुहारी विर बहादुर श्रेष्ठको छोरी युवराज प्रधानको पत्नी चितवन जिल्ला पिठुवा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई (हाल भरतपुर म.न.पा. वडा नं. ९) बस्ने **विन्दु प्रधानको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला भरतपुर उप म.न.पा. वडा नं ६ख (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. २४६१ को क्षेत्रफल ३२०.८५ ब.मी. घर/जग्गा समेत।
२. साबिक घरेलु तथा साना उद्योग विभाग (जारी गर्ने कार्यालय भरतपुर म.न.पा. को कार्यपालिकाको कार्यालय) चितवनमा दर्ता भएको लघु उद्यम दर्ता नं. ३७७/०७४/०७५ कायम भइ मिति २०७४/०८/११ मा दर्ता भई (हाल घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवनमा दर्ता भएको प्रा.फ.र.नं. १३३४/०७८/०७९ कायम भइ मिति २०७८/१२/१४) मा दर्ता भएको **अनोज पोल्ट्री फर्म (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: भुमिराज श्रेष्ठ** **व्यक्तिगत जमानी दिने: मना श्रेष्ठ, अमित श्रेष्ठ, र अनोज राज श्रेष्ठ**	राम बहादुर श्रेष्ठको नाति सुरेन्द्र बहादुर श्रेष्ठको छोरा मकवानपर जिल्ला हेटौडा गा.वि.स. वडा नं. ४ बस्ने **भुमिराज श्रेष्ठको** नाममा दर्ता रहेको चितवन जिल्ला बछ्यौली गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित रत्नगर न.पा. वडा नं. ७) स्थित कि.नं. ४८४ को क्षेत्रफल ०-१-१० (बिघा) को घरजग्गा समेत।
शाखा कार्यालय: ठाकुरद्वारा शाखा, बर्दिया	
वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, बर्दिया) मा प्रा.फ.र.नं. १४१/७५२०/०७५/०७६ कायम भइ मिति २०७५/०५/३ मा दर्ता भएको **कृष्ण हार्डवेयर सप्लायर्स (ऋणी)** **प्रोप्राइटर: कृष्ण बहादुर वि.क.** **व्यक्तिगत जमानी दिने: पदम लाल कामी, सिता चौधरी, गंगादेवी कामी**	कालु कामीको नाति रुप सिंह कामीको छोरा गंगादेवी कामीको पति सुखेंत जिल्ला उत्तरगंगा गा.वि.स. वडा नं. १ (हाल परिवर्तित ठाकुरबाबा न.पा. वडा नं. ६) बस्ने **पदम लाल कामीको** नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला नेउलापुर गा.वि.स. वडा नं. ५घ (हाल परिवर्तित ठाकुरबाबा न.पा. वडा नं. ६) स्थित कित्ता नं. १७२१ को क्षेत्रफल १-६-५-० (बिघा) जग्गा समेत।
शाखा कार्यालय: आरुघाट शाखा, गोर्खा	
कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २३२१०२/०७६/०७७ कायम भई मिति २०७६/०९/२२ मा दर्ता भएको **एस.डि.एल. कृषि फर्म प्रा.लि.(ऋणी)** **संचालन तथा व्यक्तिगत जमानी दिने:** **सिता लामिछाने (न्यौपाने)** **व्यक्तिगत जमानी दिने: देवेन्द्र लामिछाने**	ऋणी कम्पनीमा रहेको सम्पूर्ण मौज्दात सामानहरु।
शाखा कार्यालय: पनौती शाखा, काभ्रेपलान्चोक	
खड्ग बहादुर विश्वकर्माको नाति टिका बहादुर विश्वकर्माको छोरा दोलखा जिल्ला वैतेश्वर गा.पा.वडा नं. ४ बस्ने **मेघराज दियाली (ऋणी)** **व्यक्तिगत जमानी दिने: टिका बहादुर विश्वकर्मा**	हिमालयन बैंक लि. धनी र मेघराज दियाली ऋणी कायम भै दर्ता भएको बागमती प्रदेश ०१ ०२६ च २४३५ नम्बरको इन्जिन नं. E089538 च्यासिस नं. MEERBC000M7104858 को Renault Triber RXZ DT निजी कार।
शाखा कार्यालय: ईनरुवा शाखा, सुनसरी	
१. घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. ४२६३/०७२/०७३ कायम भइ मिति २०७२/०८/१० मा दर्ता भएको **खुश्बु इन्टरप्राईजेज (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: अमृत क्षेत्री** **व्यक्तिगत जमानी दिने: रेनु खत्री**	हिमालयन बैंक लि. धनी खुश्बु इन्टरप्राईजेज ऋणी कायम भई दर्ता भएको बागमती प्रदेश ०१ ०२५ च ००१६ नम्बरको इन्जिन नं. 840917D च्यासिस नं. MDHZBAAD0M2710991 को DATSUN GO AO निजी कार।
२. खड्ग बहादुर खड्का क्षेत्रीको नाती रामकृष्ण खड्का क्षेत्रीको छोरा रेनु खत्रीको पति चितवन जिल्ला गुन्जनगर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. १ बस्ने **अमृत क्षेत्री (ऋणी)** **व्यक्तिगत जमानी दिने: रेनु खत्री**	
शाखा कार्यालय: दुहवी शाखा, सुनसरी	
नुनुलाल पोदारको नाती विद्यानन्द पोदारको छोरा सुनसरी जिल्ला हरिनगरा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित हरिनगरा गाउँपालिका वडा नं. ४) बस्ने **धिरज कुमार देव (ऋणी)** **व्यक्तिगत जमानी दिने: विद्यानन्द पोदार र सूर्य कुमार देव**	दानालाल पोदारको नाति नुनु लाल पोदारको छोरा सुनसरी जिल्ला हरिनगरा गा.वि.स. वडा नं २ (हाल परिवर्तित हरिनगरा गाँउपालिका वडा नं. ४) बस्ने **विद्यानन्द पोदारको** नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला हरिनगरा गा.वि.स. वडा नं २ ख (हरिनगरा गाँउपालिका वडा नं. ४) स्थित कित्ता नं. ५९७ र १४१ को क्षेत्रफल क्रमशः ०-१-०-० (घरजग्गा) र ०-६-०-० (विघा) जग्गा समेत।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार ३१ वैशाख ०८२

झन्-झन् गिजोलिँदै गभर्नर नियुक्ति प्रक्रिया

विश्व पौडेललाई नियुक्त गर्न प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबिच सहमति भएको तीन दिन बित्दा पनि सिफारिस समिति अझै अपूरो, सदस्यविरुद्धको मुद्दामा कारण देखाऊ आदेश

कसको नियत के छ, जनताले मूल्यांकन गर्छन्



● प्रकाशशरण महत
प्रवक्ता कांग्रेस

गभर्नर नियुक्ति हुन त राजीनामा दिएपछि पहिले सिफारिस कमिटी बन्नुपर्‍यो । त्यो कमिटीबाट नाम सिफारिस भएपछि बल्ल गभर्नर नियुक्तिको प्रक्रिया अगाडि बढ्ने हो । अनावश्यक रूपमा ढिलासुस्ती भइरहेको छ । जसको नाम चर्चामा आउँछ, विषय अदालतमा पुगिहाल्छ । कसको नियत के छ, हामीले कसरी भन्ने ? त्यो त जनताले विश्लेषण गर्ने कुरा हो ।

सिफारिस समिति बनेपछि प्रक्रिया अघि बढ्छ



● राजेन्द्र गौतम
प्रचार विभाग प्रमुख एमाले

दुई दलबिच सहमति भइसकेको र अब गभर्नर नियुक्तिको प्रक्रिया कानुनअनुसार अघि बढ्छ । सहमतिपछि त प्रक्रियाबाट हुने कुरा हो । क्याबिनेट बस्ला, त्यहाँ सिफारिस जाला । विश्वजीले सहमतिकै कारण राजीनामा दिएको कुरा आइसकेपछि त अब क्याबिनेटले प्रक्रिया अगाडि बढाउने कुरा न हो । सिफारिस समिति बनेपछि कानुनअनुसार प्रक्रिया अगाडि बढ्छ होला । अहिलेलाई हामीले यति भन्न सक्छौं ।

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्ति प्रक्रिया झन्-झन् गिजोलिएको छ । पछिल्लोपटक विश्व पौडेललाई नियुक्त गर्न प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबिच सहमति भएको तीन दिन बित्दा पनि सिफारिस समिति अझै अपूरो छ । बरु, पौडेलविरुद्ध रिट निवेदन परेको छ । सिफारिस समिति सदस्य निवर्तमान गभर्नर महाप्रसाद अधिकारीविरुद्धको रिटमा कारण देखाऊ आदेश जारी भएको छ ।

राजनीतिक भागबन्डाका नाममा विधि र कानुनसम्मत प्रक्रियालाई बेवास्ता गर्दा गभर्नर नियुक्तिमा सरकार आलोचित मात्रै भएको छैन, अदालतमा मुद्दासमेत पुगेको हो । प्रधानमन्त्री केपी ओली र सत्तासाझेदार कांग्रेस सभापति शेरबहादुर देउवाले भागबन्डाका नाममा पटक-पटक फरक-फरक पात्रहरू अघि सार्दै गभर्नर नियुक्तिलाई मजाक बनाइरहेका छन् । कानुनअनुसार २४ फागुनमै नयाँ गभर्नर नियुक्ति भइसक्नुपर्ने थियो । डेढ महिनाअघि नै गठन भएको गभर्नर सिफारिस समितिको बैठक एकपटक पनि बसेको छैन । सिफारिस समितिका दुई सदस्यले राजीनामा गरिसकेका छन् भने रिक्त सदस्यमा गरिएको नियुक्तिविरुद्ध पनि सर्वोच्च अदालतमा मुद्दा परेको छ । यसरी सरकारको नालायकीपनले गभर्नर नियुक्तिलाई झनै गिजोलिरहेको एक पूर्वगभर्नरले बताएका छन् ।



गत २४ चैतदेखि तत्कालीन गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिएपछि केन्द्रीय बैंक नेतृत्वविहीन छ । बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा एक महिनाअगावै नयाँ गभर्नर नियुक्ति गर्नुपर्ने कानुनी व्यवस्थाको उल्लंघन गरिएको छ ।

पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले गभर्नर नियुक्तिमा सहमति भइसके पनि अनावश्यक रूपमा ढिलासुस्ती भइरहेको टिप्पणी गरे । उनले भने, 'अनावश्यक रूपमा ढिलासुस्ती भइरहेको छ । जसको नाम चर्चामा आउँछ, विषय अदालतमा पुगिहाल्छ ।'

एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले दुई दलबिच सहमति भइसकेको र अब गभर्नर नियुक्तिको प्रक्रिया कानुनअनुसार अघि बढ्ने बताए । 'सहमतिपछि त प्रक्रियाबाट हुने कुरा हो । क्याबिनेट बस्ला, त्यहाँ सिफारिस जाला । विश्वजीले सहमतिकै कारण राजीनामा दिएको कुरा आइसकेपछि त अब क्याबिनेटले प्रक्रिया अगाडि बढाउने कुरा न हो,' उनले भने, 'छनोट समिति बनेपछि कानुनअनुसार प्रक्रिया अगाडि बढ्छ होला । अहिलेलाई हामीले यति भन्न सक्छौं ।

सिफारिस समितिमा महाप्रसादको नियुक्तिउपर कारण देखाऊ आदेश

राष्ट्र बैंकको गभर्नर सिफारिस समिति सदस्यमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई गरिएको नियुक्तिविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ । अधिकारी समितिको सदस्यमा बस्न नमिल्ने भन्दै आन्तरिम आदेश मागसहित परेको रिटमा मंगलबार सुनुवाइ गर्दै न्यायाधीश विनोद शर्माको एकल इजलासले सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको हो । सर्वोच्चले आन्तरिम आदेशका लागि छलफल गर्न दुवै पक्षलाई बोलाएको छ ।

राष्ट्र बैंकका गभर्नर अधिकारीको कार्यकाल २४ चैतमा सकिनुअघि ११ चैतमा सरकारले गभर्नर सिफारिस समिति बनाएको थियो । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा पूर्वगभर्नर डा. विजयनाथ भट्टराई र राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्वनाथ पौडेल सदस्य थिए । तर, लामो समयसम्म समितिको बैठक नडाकिएपछि भट्टराईले ९ वैशाखमा समितिबाट राजीनामा दिए । त्यसपछि सरकारले १७ वैशाखमा रिक्त सिफारिस समिति सदस्यमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गऱ्यो । तर, अधिकारी पदमा बहाल रहँदा नै बनेको समितिमा सदस्य बस्न नहुने भन्दै सरकारको निर्णय विवादित बन्यो । सरकारले गठन गरेको गभर्नर सिफारिस समितिमा अधिकारी बस्न नमिल्ने र अधिकारीसमेत संलग्न समितिले गरेको सिफारिस गैरकानुनी हुने जिकिर गर्दै अधिवक्ता नवीन धितालले सर्वोच्चमा रिट दायर गरेका थिए ।

सिफारिस नहुँदै पौडेलविरुद्ध पनि सर्वोच्चमा रिट निवेदन

सिफारिस समितिबाट राजीनामा दिएका अर्थशास्त्री डा. विश्व पौडेलविरुद्ध पनि सर्वोच्च अदालतमा रिट निवेदन पेस भएको छ । राष्ट्र बैंकको ऐनविपरीत दलका सदस्यलाई गभर्नर नियुक्त गर्न लागिएको भन्दै पौडेलविरुद्ध मंगलबार अभिवक्ताद्वय प्रतिभा उप्रेती र विशाल थापाले रिट निवेदन पेस गरेका हुन् ।

५४.४५ प्रतिशतले घट्यो निर्जीवन बिमा कम्पनीको नाफा

असोजको बाढीले उच्च दाबी परेपछि नाफा बढाउन सकस, दुई कम्पनी घाटामै

मिलन विश्वकर्मा / नयाँ पत्रिका

१०-१२ असोजको बाढीपहिरोले दाबी भुक्तानी बढाएपछि चालू आर्थिक वर्ष ०८१/८२ को नौ महिनामा निर्जीवन बिमा कम्पनीहरूको नाफा ५४.४५ प्रतिशतले घटेको छ । नेपालमा सञ्चालित १४ निर्जीवन बिमा कम्पनीले चालू आवको नौ महिनामा दुई अर्ब ४१ करोड तीन लाख रुपैयाँ नाफा कमाएका छन् । तर, गत आवको नौ महिनामा कम्पनीहरूले पाँच अर्ब २९ करोड २० लाख रुपैयाँ खुद नाफा कमाएका थिए । कम्पनीहरूले मंगलबारसम्म सार्वजनिक गरेको चालू आवको तेस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणले नाफा घटेको देखाएको हो ।

मुख्यतः गत असोजमा आएको बाढीका कारण निर्जीवन बिमा कम्पनीहरूको नाफा प्रभावित भएको सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चंकी क्षेत्रीले बताए । १०-१२ असोजको बाढीले भौतिक सम्पत्तिमा ४६ अर्ब रुपैयाँभन्दा बढीको क्षति पुऱ्याएको थियो । त्यसमा निर्जीवन बिमा कम्पनीहरूमा १२ अर्ब ६४ करोड ३२ लाख रुपैयाँबराबरको दाबी परेको थियो । त्यसमा हालसम्म १० अर्ब रुपैयाँभन्दा बढी भुक्तानी भइसकेको छ । भुक्तानी हुन बाँकी रकमबापत छुट्टै रकम प्रोभिजनिङ गरिएको छ । त्यसले गर्दा नाफा प्रभावित भएको सगरमाथा लुम्बिनी इन्स्योरेन्सका सिइओ क्षेत्रीको भनाइ छ । त्यो नियमित नभएर भइपरी आउने उच्च दाबी थियो । दाबी उच्च भएपछि स्वतः नाफा प्रभावित भएको उनले बताए ।

समीक्षा अवधिमा दुई निर्जीवन बिमा कम्पनी घाटामा रहेको तथ्यांक छ । तथ्यांकअनुसार दी ओरियन्टल इन्स्योरेन्स १३ करोड ८३ लाख ४० हजार र नेसनल इन्स्योरेन्स ७२ करोड ८१ लाख रुपैयाँले नोक्सानीमा छन् । गत आवको यसै अवधिमा दी ओरियन्टल इन्स्योरेन्स ४६ करोड १७ लाख ३१ हजार रुपैयाँ र नेसनल इन्स्योरेनस १४ करोड १० लाख ३३ हजार रुपैयाँले नाफामा थियो । यीबाहेक १२ निर्जीवन बिमा कम्पनी नाफामा छन् । त्यसमा १० कम्पनीको नाफामा गिरावट आएको देखिन्छ ।

नौ महिनामा नाफा कमाउने मामिलामा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स पहिलो नम्बरमा छ । यो अवधिमा उक्त कम्पनीले ४५ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको छ । दोस्रोमा रहेको राष्ट्रिय बिमा कम्पनीले ३९ करोड ५६ लाख ६३ हजार रुपैयाँ नाफा कमाएको छ । तेस्रो स्थानमा रहेको नेको इन्स्योरेन्सले ३६ करोड ९३ लाख २८ हजार रुपैयाँ नाफा कमाएको छ ।



निर्जीवन बिमा कम्पनीको नाफा रु. हजारमा

कम्पनीको नाम	चैत २०८१	चैत २०८०
सिद्धार्थ प्रिमियर	४५३,६०४	५९७,१०३
राष्ट्रिय बिमा कम्पनी	३९५,६६३	५१६,३३६
नेको इन्स्योरेन्स	३६९,३२८	३७७,४९६
शिखर इन्स्योरेन्स	३५७,०५४	३५०,७६१
हिमालयन एभरेस्ट	३३२,३७९	६०६,५४८
आईजिआई प्रुडेन्सियल	२६५,१०१	४६७,६२९
सलिको इन्स्योरेन्स	२५१,९४९	४७५,४०६
सानिमा जिआइसी	२३३,५५७	२००,९७७
प्रभु इन्स्योरेन्स	२००,२८८	३९१४६५
नेपाल इन्स्योरेन्स	१७८,४५०	२९४,६५२
एनएलजी इन्स्योरेन्स	१२३,३४२	१३६,७१२
युनाइटेड अजोड	११६,१२२	२७४,२२४
ओरियन्टल इन्स्योरेन्स	-१३८,३४०	४६१,७३१
नेसनल इन्स्योरेन्स	-७२८,१५१	१४१,०३३
जम्मा	२,४१०,३४६	५,२९२,०७३

रुपैयाँ नाफा कमाएको छ । तेस्रो स्थानमा रहेको नेको इन्स्योरेन्सले ३६ करोड ९३ लाख २८ हजार रुपैयाँ नाफा कमाएको छ ।

■ निर्जीवन लघु बिमा कम्पनीको नाफा घट्यो

समीक्षा अवधिमा चार निर्जीवन लघुबिमा कम्पनीको नाफा पनि घटेको छ । गत आवको पहिलो नौ महिनामा उनीहरूले दुई करोड ५५ लाख ५४ हजार रुपैयाँ नाफा कमाएका थिए । चालू आवको नौ महिनामा उनीहरूको कुल नाफा ८४ लाख २० हजार रुपैयाँ मात्रै हरेको छ । तथ्यांकअनुसार ट्रस्ट माइक्रो इन्स्योरेन्सले ३७ लाख २३ हजार रुपैयाँ, प्रोटेक्टिभ इन्स्योरेन्सले ३२ लाख रुपैयाँ, स्टार माइक्रो इन्स्योरेन्सले १० लाख १६ हजार रुपैयाँ र नेपाल माइक्रो इन्स्योरेन्सले चार लाख ८१ हजार रुपैयाँ नाफा कमाएका छन् । दाबी बढेकै कारण नाफा प्रभावित भएको कम्पनीहरू बताउँछन् ।

■ जीवन बिमा कम्पनीको नाफा भने बढ्यो

चालू आवको नौ महिनामा जीवन बिमा कम्पनीहरूको नाफा भने औसत १२ प्रतिशतले बढेको छ । सञ्चालनमा रहेका १४ जीवन बिमा कम्पनीले गत आवको नौ महिनामा चार अर्ब ३६ करोड ६२ लाख रुपैयाँ नाफा कमाएका थिए । चालू आवको नौ महिनामा भने चार अर्ब ८८ करोड ७३ लाख रुपैयाँ खुद नाफा भएको कम्पनीहरूको वित्तीय विवरणमा उल्लेख छ ।

समीक्षा अवधिमा नेपाल लाइफ इन्स्योरेन्सले सबैभन्दा धेरै नाफा कमाएको छ । उक्त कम्पनीले नौ महिनामा ६५ करोड २२ लाख २३ हजार रुपैयाँ नाफा कमाएको छ । दोस्रो स्थानमा भने हिमालयन लाइफ इन्स्योरेन्सले ४७ करोड २४ लाख रुपैयाँ नाफा कमाएको छ । तेस्रो स्थानमा रहेको रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले ४६ करोड ५७ लाख रुपैयाँ नाफा कमाएको तथ्यांकमा उल्लेख छ ।

यसैगरी, नेसलन लाइफले ४० करोड ८५ लाख रुपैयाँ, आइएमई लाइफले ३६ करोड ६३ लाख रुपैयाँ, सिटिजन लाइफले ३५ करोड ७६ लाख रुपैयाँ, मेट लाइफले ३४ करोड ५१ लाख रुपैयाँ, सानिमा रिलायन्स लाइफले ३३ करोड ७६ लाख रुपैयाँ र एसियन लाइफले ३३ करोड ४७ लाख रुपैयाँ नाफा कमाएको छ ।

यसैगरी, सन नेपाल लाइफले ३२ करोड ८९ लाख रुपैयाँ, सूर्यज्योति लाइफले २९ करोड ५७ लाख रुपैयाँ, प्रभु महालक्ष्मी लाइफले २७ करोड सात लाख रुपैयाँ, एलआइसी नेपालले २३ करोड ६० लाख रुपैयाँ र राष्ट्रिय जीवन बिमा कम्पनीले एक करोड ५४ लाख रुपैयाँ खुद नाफा कमाएको छ । जीवन बिमा कम्पनीहरूको यो नाफा बिमांकीय मूल्यांकनअघिको हो । बिमांकीय मूल्यांकनपछि कम्पनीको नाफा थप बढ्न सक्नेछ । बिमांकीय मूल्यांकनका क्रममा बिमांकीले बिमा कोषमा भएको १० प्रतिशतसम्म रकम नाफा-नोक्सान खातामा सार्न सक्नेछन् ।

■ तीन जीवन लघुबिमा कम्पनीको नाफा बढ्यो

समीक्षा अवधिमा तीन जीवन लघुबिमा कम्पनीको नाफा ३३१ प्रतिशतले बढेको छ । गत आवको पहिलो नौ महिनामा उनीहरूको कुल नाफा एक करोड आठ लाख ६९ हजार रुपैयाँ थियो । चालू आवको नौ महिनामा भने उनीहरूले चार करोड ६८ लाख ७५ हजार रुपैयाँ नाफा कमाएका छन् । त्यसमा गार्डियन माइक्रो लाइफले मात्रै दुई करोड ७४ लाख २९ हजार रुपैयाँ नाफा कमाएको छ । यसैगरी, क्रेस्ट माइक्रो लाइफले एक करोड पाँच लाख ३३ हजार रुपैयाँ र लिबर्टी माइक्रो लाइफले ८९ लाख १३ हजार रुपैयाँ खुद नाफा कमाएको छ ।

जीवन बिमा कम्पनीको नाफा रु. हजारमा

कम्पनीको नाम	२०८१ चैत	२०८० चैत
नेपाल लाइफ	६५२,२२३	६००,३६७
हिमालयन लाइफ	४७२,४००	४३५,४२९
रिलायबल नेपाल	४६५७९६	३४०,२९३
नेसनल लाइफ	४०८,५२२	३८८,३७९
आइएमई लाइफ	३६६,३३३	३३१,५६०
सिटिजन लाइफ	३५७,६४८	२८१,३०३
मेट लाइफ	३४५,११४	२७०,४५१
सानिमा रिलायन्स	३३७,६५७	३०४,८३१
एसियन लाइफ	३३४,७१६	२०९,८४४
सन नेपाल लाइफ	३२८,९९७	४९३६६८
सूर्यज्योति लाइफ	२९५,७५०	२२४,२३०
प्रभु महालक्ष्मी लाइफ	२७०,७२३	२६८,९२०
एलआइसी नेपाल	२३६,०२२	१९२,४२५
राष्ट्रिय बिमा संस्थान	१५,४१९	२४,५१४

पाँच अर्बको ऋणपत्र ल्याउँदै निफ्रा

काठमाडौं / नेपाल धितोपत्र बोर्डले नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा)लाई पाँच अर्ब रुपैयाँबराबरको 'निफ्रा ऊर्जा ऋणपत्र' बिक्री गर्न स्वीकृत दिएको छ । बोर्डले मंगलबार निफ्रालाई प्रतियुनिट एक हजार रुपैयाँमा ५० लाख युनिट ऋणपत्र बिक्री गर्न अनुमति दिएको हो ।

सात वर्षको समयावधि तोकिएको ऋणपत्रमा ६ प्रतिशत ब्याज दिनेछ । यसलाई बोर्डले 'ग्रिन बोन्ड' अर्थात् हरित कोषका रूपमा परिभाषित गरेको छ । यसले नेपालमा हरित अर्थतन्त्र विकास गर्न सहयोग पुग्ने बोर्डको भनाइ छ । नेपालमा पहिलोपटक हरित कोष जारी गर्न बोर्डले स्वीकृति दिएको हो ।

आपत्कालीन गोदामघर कोशी सरकारलाई हस्तान्तरण

विराटनगर / विराटनगर संयुक्त भन्सार जाँचचौकी (आइसिपी)मा निर्माण भएको आपत्कालीन गोदामघर संघीय सरकारले कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ । विराटनगरको बुधनगरस्थित आइसिपीमा निर्माण भएको आपत्कालीन गोदामघर मंगलबार गृहमन्त्री रमेश लेखकले कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई हस्तान्तरण गरेका हुन् ।

नेपाल सरकारले विराटनगर भन्सार कार्यालयको परिसरमा विश्व खाद्य कार्यक्रमको रकमबाट विपत् व्यवस्थापनका लागि प्रादेशिक आपत्कालीन गोदामघर निर्माण गरिएको हो । गृहमन्त्री लेखकले देशमा आपत्-विपत् परेको समयमा प्रदेश सरकारले आवश्यक सामग्रीका लागि संघीय सरकार गुहार्नुपर्ने बाध्यता अन्त्य गराउन आपत्कालीन गोदामघर कोशी सरकारलाई हस्तान्तरण गरेको बताए । उनले भने, 'आपत्कालीन गोदामघर हस्तान्तरण कार्य संघीयता कार्यान्वयनको सन्देश पनि हो ।' मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संघीय सरकारले आपत्कालीन गोदामघर हस्तान्तरण गरेर विपत् व्यवस्थापनमा कोशी प्रदेश सरकारलाई थप जिम्मेवार बनाएको बताए । उनले भने, 'गोदामघर हस्तान्तरणले प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन हुन थालेको सकारात्मक सन्देश पनि गएको छ ।'

आपत्कालीन गोदामघरमा विपत्का लागि आयात गरिएका सामग्री सुरक्षित रूपले भण्डारण गरेर राखिनेछ । उक्त गोदामघरमा हाल चाइनिज पारिवारिक टेन्ट चार सय २२ र भारतीय पाँच सय थान छन् । यसैगरी दुई सय ४१ र म्याट्रेस दुई सय ४१ थान छन् । एक हजार ५० थान सिरक र एक हजार थान सिराने, एक सय ५० थान स्लिपिङ ब्याग, ठुलो म्याट्रेस एक हजार थान, ७० थान प्लास्टिक सिट र १५ थान ठुलो त्रिपाल भण्डारण रहेका छन् ।

रेल क्षेत्रमा लगानी गर्न भौतिकमन्त्री दाहालको आह्वान



काठमाडौं / भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नेपालको रेलसेवाको विकास र विस्तारमा ढुक्क भएर लगानी गर्न दक्षिण कोरियालाई आग्रह गरेका छन् । मंगलबार मन्त्री दाहालसँग भेट गर्न आएका दक्षिण कोरियाली रेल कम्पनी कोरेलका प्रतिनिधिसँगको भेटमा उनले यस्तो आग्रह गरेका हुन् ।

रेलसेवाको विकास र विस्तार नेपाल सरकारको समेत प्राथमिकताको विषय भएकाले ढुक्क भएर लगानी गर्न सकिने उनको भनाइ छ । नेपाल धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले सम्पन्न राष्ट्र भएकाले त्यस्ता गन्तव्यलाई लक्षित गरी रेलसेवाको विस्तारमा अध्ययन, अनुसन्धानका लागि समेत मन्त्री दाहालले आग्रह गरे ।

लामो तथा छोटो दूरीको रेलसेवा विस्तारका लागि नेपालले लगानीको वातावरण बनाइरहेको उल्लेख गर्दै उनले लगानीका विभिन्न 'मोडेल'बारे पनि छलफल गर्न सकिने बताए । मन्त्रालयका सचिव केशवकुमार शर्माले नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावना रहेकाले विद्युतीय रेलमार्ग विस्तार उपयोगी हुने बताए ।

REQUEST FOR PROPOSAL FOR BRAND AND DIGITAL MARKETING CONSULTANT

Siddhartha Bank Ltd. invites sealed proposals from interested firms/companies for appointment of **Brand Consultant and Digital Marketing Consultant.**

Published Date	: 14 May 2025
Bid Document Fee	: NPR 1,000.00 each (Non-refundable)
Bid Security Amount (Refundable)	: NPR 150,000 for Brand Consultant and NPR 100,000 for Digital Marketing Consultant
Submission Deadline	: 28 May 2025, Within 5 PM
Submission Place	: General Administration Department at Hattisar, Kathmandu.

Minimum Eligibility Criteria:

Criteria	Brand Consultant	Digital Marketing Consultant
Years of Operation	Minimum 5 Years of registration.	
Annual Turnover	Minimum NPR 5 Crores in the Fiscal Year 80/81.	Minimum NPR 2 Crores in the Fiscal Year 80/81.
Client Exposure	At least 1 BFI in the last 3 years.	At least 1 BFI in the last 3 years.
Exclusivity	Should agree to provide exclusive service to Siddhartha Bank during the agreement period of 3 years.	

The detailed scopes of work, terms & conditions can be found in the RFP document. Interested parties can obtain RFP document from the Bank's General Administration Department during office hours upon deposit of document fee.

Note:
The Bank reserves the right to accept/reject any or all proposals with or without assigning any reasons whatsoever.

SiddharthaBank
General Administration Department
Hattisar, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 5970719, SWIFT: SIDDNPKA
Email: gad@sbl.com.np
Web: www.siddharthabank.com

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति २०८२।०१।३१ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एकाइस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८२ साल असार महिना ४ गते बुधबार दिनको १२ बजे देखि ३ बजे सम्म ।
सम्बन्धित कार्यालय : शाखा कार्यालय नयांवजार, पोखरा लिलाम हुने स्थान : शाखा कार्यालय नयांवजार, पोखरा ।

ग्राहकको विवरण

फर्म वा कम्पनिको नाम : बि जानकी एग्रो फार्म प्रा.लि., संचालकको नाम : जानकी तिमिल्सीना,
दर्ता भएको कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं ।
फर्म/कम्पनिको दर्ता नं. : २८०१४०/०७८/०७५ दर्ता मिति : २०७८।०५।०६, पान नं. : ६१०१७८१८६

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	...न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
पशुपन्छी पालन	बि जानकी एग्रो फार्म प्रा.लि.	कास्की	रुपाकोट	१	३४५२	०-१५-१-२
		कास्की	रुपाकोट	१	३४५०	१-६-१-१

प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
जानकी तिमिल्सीना	आमभञ्ज्याङ्-४ मकवानपुर	३११००९/४९३००	मकवानपुर/२०६५।०१।०४/जि.प्र.का. मकवानपुर	दिपक तिमिल्सीना, विश्वप्रेम अधिकारी	केवल प्रसाद तमिल्सीना

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
जानकी तिमिल्सीना	आमभञ्ज्याङ्-४ मकवानपुर	३११००९/४९३००	मकवानपुर/२०६५।०१।०४/जि.प्र.का.मकवानपुर	दिपक तिमिल्सीना विश्वप्रेम अधिकारी	केवल प्रसाद तिमिल्सीना
दिपक तिमिल्सीना	आमभञ्ज्याङ्-४ मकवानपुर	१२/०७५	मकवानपुर/२०५३।०१।२७/जि.प्र.का. मकवानपुर	केवल प्रसाद तिमिल्सीना	
प्रदिप तिमिल्सीना	मकवानपुरगढी-५ मकवानपुर	३१-०१-७५-६२४७	मकवानपुर/२०७५।०७।१४/जि.प्र.का.मकवानपुर	दिपक तिमिल्सीना	केवल प्रसाद तिमिल्सीनाख

शर्तहरु:

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।

दोहोरो अंकले घट्यो नेप्से, नौ अर्ब ६३ करोडको कारोबार

काठमाडौं/ मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट भएको छ। नेप्से परिसूचक १४.८७ अंकले घटेर दुई हजार ६३४.२३ को विन्दुमा कायम भएको हो। तीन सय १४ कम्पनीको दुई करोड १८ लाख २८ हजार दुई सय ३१ कित्ता सेयर एक लाख दुई हजार चार सय ४५ पटक खरिद-बिक्री हुँदा नौ अर्ब ६३ करोड ४८ लाख १२ हजार ६ सय १२ रुपैयाँबराबरको कारोबार भएको छ।

विकास बैंक समूह ०.८८, जीवन बिमा ०.९५ र उत्पादन तथा प्रशोधन समूह ०.३४ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। बैंकिङ ०.३०, वित्त १.९१, होटेल तथा पर्यटन २.२१, जलविद्युत् १.१८ र लगानी समूह ०.७९ प्रतिशतले घटेको छ। त्यसैगरी, लघुवित्त ०.६९, म्युचुअल फन्ड ०.१८, निर्जीवन बिमा समूह ०.५९, व्यापार २.४६ र अन्य समूह ०.६० प्रतिशतले घटेको छ।

लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/३१

यस सा व उ स वाट संकलित खयर काठ ५.०३.७४ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

वेसारेपाखा राँगेभिर सा. वन उपभोक्ता समूह, आँबुखैरेनी ६, तनहूँ।

NEPAL WAREHOUSING COMPANY LTD.

E-mail: info@nwcl.com.np, Website- www.nwcl.com.np

सम्पर्क न.: ०१-४११७९६१

STATEMENT OF FINANCIAL POSITION
As at 31 Chaitra 2081 (13 April 2025)

Amount in NPR.

Particulars	As at 31 Chaitra 2081 (13 April 2025)	As at 31 Ashadh 2081 (15 July 2024)	As at 30 Chaitra 2080 (14 April 2024)
ASSETS			
Non-current assets			
Property, plant and equipment (net)	1,084,130,395	1,112,934,451	576,414,309
Capital work in Progress	403,213,471	386,734,188	777,238,841
Intangible assets	8,319,457	9,009,382	9,247,744
Right of Use Assets	-	-	-
Deferred tax asset	39,096,218	39,096,218	20,158,231
Total Non-Current Assets	**1,534,759,541**	**1,547,774,239**	**1,383,059,125**
Current Assets			
Financial assets			
Trade Receivables	5,385,500	9,862,387	4,767,380
Cash & cash equivalents	20,467,534	252,609	3,025,317
Bank balances other than (ii) above	300,000	15,000	15,000
Current tax assets	1,281,681	1,281,681	295,789
Other current assets	116,494,666	76,070,564	134,002,519
Total Current Assets	**143,929,382**	**87,482,241**	**142,106,005**
Total Assets	**1,678,688,923**	**1,635,256,480**	**1,525,165,130**
EQUITY AND LIABILITIES			
Equity			
Equity share capital	687,500,000	687,500,000	687,500,000
Other equity	(191,711,186)	(124,161,814)	(170,909,357)
Total Equity	**495,788,814**	**563,338,186**	**516,590,643**
Liabilities:			
Non-current liabilities :			
Financial liabilities			
Borrowings	1,018,114,832	969,926,640	925,750,813
Total Non-Current Liabilities	**1,018,114,832**	**969,926,640**	**925,750,813**
Current liabilities			
Financial liabilities			
Trade payables	1,408,927	12,401,630	15,774,994
Other financial liabilities	24,556,376	26,260,052	64,292,883
Advance from Promoters	137,990,000	62,500,000	-
Provisions	829,973	829,972	2,755,797
Total Current Liabilities	**164,785,277**	**102,736,626**	**82,823,674**
Total Liabilities	**1,182,900,109**	**1,071,918,294**	**1,008,574,487**
Total Equity & Liabilities	**1,678,688,923**	**1,635,256,480**	**1,525,165,130**

STATEMENT OF PROFIT OR LOSS AND OTHER COMPREHENSIVE INCOME
For the period ended 31 Chaitra 2081 (13 April 2025)

Amount in NPR.

Particulars	Upto 31 Chaitra 2081 (13 April 2025)	As at 31 Ashadh 2081 (15 July 2024)	Upto 30 Chaitra 2080 (14 April 2024)
Income			
Revenue from operation	24,347,548	12,913,452	6,323,288
Other income	133,099	2,015,864	313,001
Total income	**24,480,648**	**14,929,316**	**6,636,290**
Expenses			
Direct Operating Expenses	9,309,471	11,731,182	1,832,927
Employee benefits	10,023,104	11,799,111	11,209,109
Finance costs	36,678,330	37,815,277	82,030,110
Depreciation and amortization expense	29,493,982	24,567,231	33,436,107
Other expenses	6,525,135	6,525,030	18,423,082
Total expenses	**92,030,021**	**92,437,831**	**146,931,335**
Other Income	-	-	
Profit / (Loss) before Tax and Bonus	**(67,549,373)**	**(77,508,515)**	**(140,295,045)**
Employee Bonus	-	-	-
Profit/ (Loss) before Tax	**(67,549,373)**	**(77,508,515)**	**(140,295,045)**
Current Tax	-	-	-
Deferred Tax Income (Expense)	**-**	**18,937,986**	**-**
Net Profit/(Loss) after Tax	**(67,549,373)**	**(58,570,529)**	**(140,295,045)**
Other comprehensive income			
Total other comprehensive income	**-**	**-**	**-**
Total comprehensive income for the period	**(67,549,373)**	**(58,570,529)**	**(140,295,045)**

Note:

1. The Figures are subject to change after finalization of Statutory Audit.
2. Above Financial Statements are prepared in accordance with Nepal Financial Reporting Standards
3. Previous Year's figures are regrouped or reclassified whereever necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८१-८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

(क) यस कम्पनीको तेश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण र प्रमुख वित्तीय अनुपातहरु यसै साथ संग्लन गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	प्रति शेयर बजार मुल्य (रु)	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ (रु)
(९.८०)	९७५.४१	(९९.५३)	७२.११

कम्पनीले २०८०-८१ को चौथो त्रैमासिकमा मात्र पर्सा इकाईमा कारोबार सञ्चालन सुरु गरेको थियो। तसर्थ सम्बन्धित व्याज र अन्य खर्चहरू २०८०-८१ को अन्तिम खाताहरू पुँजीकरण गरी समायोजन गरिएको छ।

२. व्यवस्थापकीय विश्लेषण:

यस अवधिमा आन्तरिक उत्पादन नरहेकोले अन्नको नयाँ भण्डारण सामान्य रहेको छ। यस अवधिमा कम्पनीले आयातित मकै र भट्मासको भण्डारण गरेको छ। साथै यस अवधिमा कम्पनीले भण्डारणमा रहेको अन्नको सुरक्षण तथा ग्राहकको माग बमोजिम अन्नको भुक्तानी दिने कार्य गरेको छ। अन्न धितोको सुरक्षणमा ऋण प्रदान गर्ने कार्यको लागि कम्पनीले विभिन्न बैङ्कहरू सँग सम्झौता गरिसकेको छ। साथै नयाँ बैङ्कहरूलाई समेत आबद्ध गर्न छलफल सुरु गरेको छ। जसबाट कम्पनीलाई धितो सुरक्षणको लागि छुट्टै आम्दानी हुने छ। कम्पनीले व्यवसाय वृद्धिको लागी विभिन्न व्यवसाय प्रबन्धनात्मक कार्य गरिरहेको छ। यस त्रैमासिक अवधिमा, कपिलवस्तु परियोजनाको प्रगतिको लागि खर्चहरू गरिएको छ। साथै विभिन्न माध्यम वाट किसानसँग जोडिने कार्यको सुरुवात गरिएकोले बजार बाट सकारात्मक प्रतिक्रिया आउन थालेको छ।

३. कानूनी कारबाही सम्बन्धी विवरण:

(क) कम्पनीको सुनसरी स्थित ईकाइको जग्गाको मोही सम्वन्धि मुद्दा उच्च अदालत, बिराटनगरमा चलिरहेको बाहेक अन्य कुनै मुद्दा दायर भएको छैन र त्यस्तो सूचना समेत प्राप्त भएको छैन।

(ख) कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस कम्पनीको शेयरको बजार मुल्य निर्धारण गर्ने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।

(ख) यस कम्पनीको त्रैमासिक अवधिको अन्तिम दिनको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मुल्य (रु)	न्युनतम मुल्य (रु)	अन्तिम मुल्य (रु)	कारोबार भएको कुल दिन	कारोबार भएको सेयर संख्या
१,१४७	९२१	९७५.४१	५६	६,१३,५७०

५. समस्या तथा चुनौती:

(क) अन्नको उत्पादनमा मौसमी प्रभाव पर्ने भएकोले त्यस्को प्रत्यक्ष प्रभाव यस व्यवसायमा पर्ने देखिन्छ।

(ख) अन्नको उत्पादनको समयमा भण्डारण कार्य गरीने र आयातित अन्नको भण्डारणमा यो व्यवसाय निर्भर रहेकोले वर्षभरीनै भण्डारण कार्य पुर्ण क्षमतामा सञ्चालन गर्न कठिन हुने देखिन्छ।

(ग) नयाँ प्रकृतिको व्यवसायिक कारोबार भएकाले ग्राहकलाई व्यवसायका बारेमा सम्पूर्ण रुपमा बुझाउन केहि थप समय लाग्ने देखिएको छ।

(घ) वेयरहाउस रिसिप्ट समयमै लागु नभएकोले पनि कमपनीले सोचे अनुरूप आमदानी गर्न नसकिएको।

६. संस्थागत सुशासन:

कम्पनीको संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति र कम्पनी व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। सोही अनुरूप, वर्तमान अवस्थामा सञ्चालक समिति लगायत अन्य गठित समितिहरूसँग समन्वय गर्दै आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन कम्पनी प्रतिबद्ध रहेको छ। साथै कम्पनीले प्रचलित कानुन, नीति नियम, निर्देशनहरू एवम् बाह्य लेखापरिक्षणको सुझाव अवलम्बन गरी कार्य अगाडि बढाइरहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

INTEREST RATES

Following rates on lending and deposit products shall be applicable from
15th May 2025 (1st Jestha 2082)

LCY DEPOSITS		Interest Rates (% p.a.)	LCY DEPOSITS		Interest Rates (% p.a.)
A.	**Savings Deposit:**			**Savings Deposit:**	
	Nabil General Savings Account	3.00		Nabil Gen Alpha Account	3.00
	Nabil Premium Nari Bachat Khata	3.00		Nabil Digo Bachat Khata	3.00
	Nabil Corporate Staff Savings Account	3.00		Nabil Shareholders Savings Account	3.50
	Nabil Jestha Bachat Khata	3.00		Nabil Premium Payroll Savings Account	3.50
	Nabil Bal Bachat Khata	3.00		Corporate Premium Savings	4.00
	Nabil Karmashil Bachat Khata	3.00		Nabil Gold Savings Account	5.00
	Nabil Social Security Savings Account	3.00		Corporate Super Savings	5.00
	Nabil Gen N Account	3.00		Nabil Gold Payroll Savings	5.00
	Nabil Sahuliyat Khata	3.00		Nabil Dhukka Bachat Khata	5.00
	Corporate General Savings	3.00		Nabil Premium Remittance Savings Account	6.00

		Normal	Remittance
B.	**Fixed Deposit:**		
	Individual		
	3 months to 1 year	5.00	6.00
	Above 1 to 2 years	5.25	6.25
	Above 2 to 5 years	5.50	6.50
	Above 5 years	5.75	6.75
	- Cumulative Fixed Deposit (1 Year)	5.00	
	Institutional		
	6 months to 1 year	3.00	
	Above 1 to 2 years	3.25	
	Above 2 to 5 years	3.75	
	Above 5 years	4.05	
	Nabil Akshaya Kosh Muddati	Negotiable	
C.	**Call Deposit:**	upto 1.50	

FCY DEPOSIT

Currency	Saving Deposit			Interest Rate (% per annum)
	USD Saving	Nabil USD Special Savings A/c	Nabil USD Elite Savings A/c	
	1.5	1.75	2.75	
USD	**Fixed Deposits****			
	3 to 6 months			3.5
	Above 6 to 12 months			3.25
	Above 12 months			3
	Call Deposits			Up to 0.75

Currency	Deposit	Interest Rate (% per annum)	Currency	Deposit	Interest Rate (% per annum)
GBP	Saving Deposit	1.5	JPY	Saving Deposit	0.10
	Fixed Deposits**	2		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.75		Call Deposits	up to 0.05
EUR	Saving Deposit	0.25	AUD	Saving Deposit	0.10
	Fixed Deposits**	0.5		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.12		Call Deposits	up to 0.05

** Minimum tenor for Individual Fixed Deposit is 3 months and Institutional Fixed Deposit is 6 months

NRN Fixed Deposit (Minimum Balance USD 1,000.00 or equivalent & minimum Tenor 1 year)

Currency	USD	GBP	AUD
Interest Rate (% per annum)	4.00	2.50	2.50

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	**Business Loan**		
	1. Directed Sector	**Prime**	**Standard**
	Energy	0.25-2.25	1.50-2.25
	Loans to the specified sector as per NRB Directive (up to NPR 20 million)	1.00-2.00	
	Agriculture (except specified sector as per NRB Directive)	0.25-2.25	1.00-2.25
	SME loan up to NPR 20 Million (except specified sector as per NRB Directives)	1.00-2.50	2.00-3.00
	2. Deprived Sector		
	Institutional Deprived Sector (MF-DSL)	0.00-2.00	
	Direct Deprived Sector Lending (DDSL)	1.00-2.00	
	Loan to Specified Sector as per NRB directives	1.00-2.00	
	DDSL Auto Loan	1.50-3.00	2.00-3.50
	Low Cost Housing	1.50-3.00	2.00-3.50
	Other DDSL Products	1.50-3.00	2.00-3.50
	3. Interest Subsidized Loan as per NRB	1.00-2.00	
	4. Export Finance		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.00-3.00	1.50-3.00
	5. Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.75-3.50	2.00-3.75
	c. Contractor Business	1.50-3.50	2.00-3.50
	d. Hospitality Business	0.75-2.75	1.75-2.75
	6. Working Capital Loans		
	I. Cash Credit/Demand Loan/ Overdraft		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.50-3.50	2.50-3.50
	II. TR/Import Loans		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.50-3.50	2.50-3.50
B.	**RETAIL LOAN**		
	1. Sustainable Housing Loan		1.00-2.75
	2. Affordable Housing Loan		0.75
	3. Housing Loan		1.25-3.00
	4. Mortgage loan		
	Upto NPR 25 million		1.25-3.25
	Above NPR 25 million		1.50-3.50
	5. Auto		
	i. Private		2.00-4.00
	ii. Commercial		3.00-4.00
	iii. Tractor		3.00-4.00
	iv. Electric Vehicle		
	a. Private		1.00-3.00
	b. Commercial		3.00-4.00
	6. Education		2.00-4.00
	7. Personal Overdraft		2.50-4.00
	8. Corporate Employee Loan		0.00-2.00
	9. Nabil Personal Loan/OD for Employee		3.50-4.00
	10. Gold Loan		2.00-4.00
	11. Nabil Fone Loan		4.5
	12. # Fixed Rate Education loan		11.99%

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	**Business Loan**		
	III. Working Capital Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.75-3.50	2.00-3.75
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	IV. Short Term Loan (STL)		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	V. Structured Short Term Loan/ Time Loan		
	a. Corporate	0.10-2.10	1.10-2.10
	b. SME	1.50-3.50	2.00-3.50
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	7. Bills Purchase/Documentary Negotiation	0.75-2.75	1.25-2.75
	8. Institutional Auto Loan	1.50-3.50	2.50-3.50
	9. Equity Mortgage Loan	1.50-3.50	2.50-3.50
	10. Channel Financing	1.50-3.50	1.75-3.50
	11. Nabil Sakchhyam Karja	1.50-3.50	1.75-3.50
	12. Nabil Nari Karja	1.50-3.50	1.75-3.50
	13. Nabil Sajilo Karja	1.50-3.50	1.75-3.50
	14. Nabil Sajilo Express Karja	1.50-3.50	1.75-3.50
	15. Nabil Kishan Karja	0.00-2.00	0.00-2.00
	16. Nabil Udhyamshil Karja	1.50-3.50	1.75-3.50
	17. Nabil Skill Migrant Entrepreneurship Loan		1.50-3.50
	18. # Fixed rate Business Term Loans other than Auto Loan		
	Up to 5 Years	11.00%	11.25%
	Above 5 to 10 Years	11.25%	11.50%
	Above 10 Years	11.50%	11.75%
	19. # Fixed rate Business Term Loans For Vehicle Financing		
	Up to 5 Years	9.99%	9.99%
	Above 5 to 7 Years	10.49%	10.49%
B.	**RETAIL LOAN**		
	13. # Fixed rate Retail Loan Products		
	a) Up to 5 years		
	Mortgage Loan upto NPR 25 million		8.49%
	Mortgage Loan above NPR 25 million		10.99%
	Other Retail loans		11.99%
	Auto Loans		9.99%
	Auto Loans Commercial		12.00%
	b) Above 5 years to 7 years		
	Auto Loans		10.49%
	c) Above 5 years to 10 years		
	Mortgage Loan upto NPR 25 million		9.99%
	Mortgage Loan above NPR 25 million		11.49%
	d) Above 10 years to 15 years		
	Mortgage Loan upto NPR 25 million		10.49%
	Mortgage Loan above NPR 25 million		11.99%
	e) Nabil Dhukka Ghar Karja		
	i. Fixed for 7 years		8.99%
	ii. Fixed for 10 years		9.49%
C.	**Loan Against**		
	1. Fixed Deposit (Nabil Bank)*		0.50-2.00
	2. Fixed Deposit (Other banks)*		0.50-2.00
	3. 1st Class Bank Guarantee		2.00-4.00
	4. Other Bank's Guarantee		2.00-4.00
	5. Govt. Securities		2.00-4.00
	6. LCY Loan Against FCY Deposit		2.00-4.00
	7. Loan Against Shares		
	Upto 50 Lakh		1.00-2.75
	Above 50 Lakh		1.00-3.00
	* **Coupon rate plus premium upto 2.00% or Base Rate whichever is higher.**		
	# Rates are all-in-rates (Base rate plus premium)		
	Average Base Rate applicable for Baisakh 2082 (Last 3 months' average)		5.97%
	LCY Interest Spread rate for the month of Chaitra 2081		3.57%

Notes:
1. The effective applicable loan interest rate shall be automatically revised with effect from the 1st day of every month based on the change in the immediate last three months (Bikram Sambat Calendar) average base rate as published by the Bank periodically.
2. Interest rates on consortium loans shall be as decided by consortium meetings.
3. Penal interest shall be charged at 2% above the agreed/applied premium over base rate on all overdue/expired loans.
4. Interest rate on foreign currency loans shall be determined on deal to deal basis as per market movements subject to applicable NRB guidelines.
5. Interest rates on loans against NRB refinance shall be as per applicable NRB guidelines.
6. Call deposit interest rate shall be as per agreement subject to applicable NRB guidelines.
7. Interest rate concession shall be provided to the specified sector under normal Deprived Sector Loan in line with NRB Directive.
8. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.
9. For Loan against Institutional deposit to their staffs/associates, premium will be up to 2% on prevailing base rate.
10. In case Bank provides discount on Base Rate for the month; Applicable Base Rate can be lower than that of published Base Rate.
11. For organizations having co-service agreement, institutional FD rate of Above 5 years shall be applied.
12. For upcoming New Year 2082, discounted rate of 7.99% p.a. Fixed for 7 years in Nabil Dhukka Ghar Karja and 8.25% p.a. Fixed for 7 years in Nabil Auto Loan has been offered till Ashadh end 2082.

NABIL BANK®
Head Office, Durbarmarg, Kathmandu | Phone No.01-5971871

सिद्धार्थ बैंकको अनलाइन पेमेन्ट गेटवे सेवा सुरु

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले नेपाल क्लियरिङ हाउस लिमिटेडको सहकार्यमा कार्डमा आधारित सिद्धार्थ अनलाइन पेमेन्ट गेटवे सेवा सुरु गरेको छ। सिद्धार्थ अनलाइन पेमेन्ट गेटवेमार्फत अब इ-कमर्स कारोबार गर्ने विद्यालय, अस्पताल, होटेल, ट्राभल एजेन्सी, एनजिओलगायतका संस्थाहरूले देश तथा विदेशबाट सहज रूपमा अनलाइनमार्फत भुक्तानी लिन सक्नेछन्। प्रयोग गर्दै कुनै पनि प्रकारको अनलाइन भुक्तानीलाई छिटो, सुरक्षित र विश्वसनीय बनाउने बैंकले जनाएको छ।

'नेपालमा कृषि बिमा'सम्बन्धी पुस्तक बजारमा



काठमाडौं/ नेपालमा कृषि बिमाको विकासबारे जानकारीमूलक पुस्तक 'नेपालमा कृषि बिमा' बजारमा आएको छ। बिमाविज्ञ डा. रवीन्द्र घिमिरेसहित शिवसुन्दर घिमिरे, डा. गिरीप्रसाद कँडेल र सुदीप पौडेलको संयुक्त लेखनमा प्रकाशक बेन्चमार्क पब्लिकेसनले बजारमा ल्याएको हो।

यो पुस्तक अनुसन्धानकर्ता, प्राध्यापक, विद्यार्थी, बिमा व्यवसायीलाई सान्दर्भिक हुने लेखक डा. रवीन्द्र घिमिरेले बताए। नेपालमा कृषि बिमा विकास र अभ्यासमा रुचि राख्नेका लागि पनि यो पुस्तक सान्दर्भिक रहेको उनको भनाइ छ। 'पुस्तकमा कृषि बिमाको सैद्धान्तिक आधार तथा विश्व र नेपालमा अभ्यासमा रहेका बिमा पोलिसीबारे उल्लेख गरेको छ। साथै, तथ्यांकसहित नेपालको कृषि बिमाको विकासक्रम, विगत र वर्तमानमा भएका नीति, कार्यक्रम र संस्थागत संरचनाको विश्लेषण गरिएको छ,' उनले बताए।

कृषि बिमा सम्बन्धमा विश्वमा अभ्यासमा रहेका विभिन्न पोलिसी तथा असल अभ्यासबारे पनि चर्चा गरिएको अर्का लेखक सुदीप पौडेलले बताए। 'कृषि बिमाका कानुनी आधार र अनुदानका विषय, प्रविधिको प्रयोगजस्ता महत्वपूर्ण विषयमा बहस प्रस्तुत गरिएको छ। नेपालका निर्जीवन बिमा कम्पनीहरूले यस क्षेत्रमा खेलेको भूमिकालाई निकै विश्लेषणात्मक ढंगबाट चर्चा गरिएको छ,' उनले भने, 'कृषि बिमाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएका संघ-संस्था र तिनका क्रियाकलापको पनि चर्चा गरिएको छ।

'संघका कारण प्रदेशमा औद्योगिक विकास रोकियो'

मकवानपुर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले संघीय सरकारबाट आवश्यक अधिकार नपाउँदा प्रदेशमा औद्योगिक विकास र उद्यमशीलता प्रवर्द्धनमा अवरोध भएको बताएका छन्। हेटौँडामा आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले औद्योगिक तथा आर्थिक क्षेत्रमा संघीय सरकारको नियन्त्रणले प्रदेश सरकारलाई नीति-निर्माण र कार्यान्वयनमा समस्या भएको बताए।

उद्योग, वाणिज्य, आर्थिक विकास तथा उद्यमशीलताजस्ता महत्त्वपूर्ण क्षेत्रमा प्रदेशको अधिकार सीमित हुँदा चाहेजस्तो काम गर्न नसकेको उनको गुनासो थियो। 'हामीले प्रदेशको विकासका लागि नयाँ-नयाँ क्षेत्रमा लगानी बढाउनुपर्ने हो, तर हामीसँग स्रोत सीमित छ,' उनले भने।

कश्मीरा

का.म.पा- २८, बाबरमहल, काठमाडौं।
फोन नं.: ४७७-०१-४२४७७७४,४८४३४४७४८

भुल-सुधार

मिति २०८२/०१/३० गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित भएको कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचनामा ऋणी सुस्मीता कार्कीको स्थायी ठेगाना तिल्पुङ्ग वडा नं. २- रामेछाप, ऋणी हरी भक्त भट्टको स्थायी ठेगाना– सिल्डङ-९, चैतडी (हाल दोगडाकेदार-२ चैतडी) र ऋणी उदय नारायण जैसवालको व्यक्तिगत जमानीकर्ता उपेन्द्र प्रसाद जैसवालको बाजेको नाम कैलाश चौधरी हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल-सुधार गरिएको छ।

मुद्दा दर्तामै...

पृष्ठ १ बाट क्रमशः

ऋषिकेशपत्नी अञ्जला कोइराला र एमाले नेता तथा बाग्लुङको ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपाली त सहकारीको सञ्चालकको रूपमा प्रत्यक्ष संलग्न थिए। अञ्जला र देवकुमारलाई त सम्पत्ति शुद्धीकरण मात्रै होइन, संगठित अपराधको मुद्दासमेत चलाइएन। त्यस्तै, सिन्धुलीको फिक्कल गाउँपालिका उपाध्यक्षमा एमालेबाटै निर्वाचित राजु बरालविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको छैन। सहकारीको सञ्चालक नभए पनि ऋण लिएर रकम हिनामिना गरेकी राप्रपा सांसद गीता बस्नेतविरुद्ध पनि सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको छैन।

काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगीमा संलग्न कांग्रेस समानुपातिक सांसद राईविरुद्ध सहकारी ठगी र संगठित अपराध कसुरअन्तर्गत मंगलबार मात्रै मुद्दा दर्ता भएको छ। भोजपुर स्थायी घर भएकी राई सहकारीकी सञ्चालक नै हुन्। अदालतमा पेस भएको प्रतिवेदनअनुसार राई उक्त सहकारीमा ६ कात्तिक ०७३ देखि १९ पुस ०७४ सम्म कार्यसमिति सदस्य थिइन्। त्यस्तै, दोस्रो कार्यकाल अर्थात् १९ पुस ०७४ देखि २१ भदौ ०७६ सम्म सहकारीकी सहसचिव थिइन्। उनकै पालामा सहकारीको दुई करोड ४० लाख ४४ हजार ७९० रुपैयाँ अपचलन भएको थियो। तर, सत्तारूढ दलकै सांसद भएका कारण उनीविरुद्ध सम्पत्ति शुद्धीकरणको कसुर लागेन।

राईको संरक्षणमा सरकार सुरुदेखि नै लाग्दै आएको थियो। घरमै रहेकी उनलाई 'फरार' रहेको भन्दै उनकै पार्टीका गृहमन्त्री रमेश लेखकको दबाबमा पक्राउ गरिएको थिएन। १२ वैशाखमा सुरक्षाको तीन घेरा पार गर्दै संसद् भवन छिरेर हाजिर गर्दासमेत पक्राउ नपरेपछि नयाँ पत्रिकाले समाचार छापेको थियो। त्यसपछि चौतर्फी दबाबमा परेका गृहमन्त्रीले समाचार छापिएकै दिन १३ वैशाखमा प्रहरीलाई निर्देशन दिएपछि राई कपनस्थित घरबाटै पक्राउ परेकी थिइन्।

स्वर्णलक्ष्मी सहकारीकै सञ्चालक सिन्धुलीको फिक्कल गाउँपालिका उपाध्यक्ष राजु बरालले सत्तारूढ दलको नेता पनि सम्पत्ति शुद्धीकरणमा राहत पाए। एमालेबाट पालिका उपाध्यक्ष निर्वाचित उनीविरुद्ध सहकारी ठगी र संगठित अपराधको कसुरमा मात्रै मुद्दा दर्ता भयो। बराल १९ पुस ०७४ देखि २१ भदौ ०७६ सम्म सहकारीको कर्जा उपसमिति सदस्य थिए। २१ भदौ ०७६ देखि १६ कात्तिक ०७९ सम्म फेरि कर्जा समिति सदस्य थिए। त्यस्तै, ६ कात्तिक ०७३ देखि १९ पुस ०७४ सम्म सहकारीको कार्यसमिति सदस्य बने र कर्जा उपसमिति सदस्य पनि रहे। उनकै तजबिजीमा सहकारीको एक अर्ब १९ करोड ८६ लाख ५७ हजार ११३ रुपैयाँ अपचलन भएको अनुसन्धानमा खुलेको छ।

ठगीमा तानिए पनि बराललाई सुरुदेखि नै सत्ताको संरक्षण रह्यो। प्रहरीले अदालतबाट पक्राउ पुर्जी ल्याए पनि गाउँपालिका कार्यालयमा नियमित आउजाउ गरेका उनलाई पक्राउ भने गरेन। मुद्दा अदालतमा पेस भएपछि उनी सुटुक्क अदालत हाजिर भए। अदालतको आदेशमा पाँच लाख धरौटी बुझाएर घर फर्किए। अहिले तारेखमा बसेर मुद्दा लडिरहेका छन्। बरार उनै व्यक्ति हुन् जो बागबजारस्थित हाम्रो नाता सहकारी ठगीमा पनि मुछिएका छन्। उक्त सहकारीमा उनी उपाध्यक्ष छँदा दुई करोड अपचलन भएको थियो। तर, त्यसमा पनि पक्राउ परेनन्। उक्त मुद्दा पनि अहिले अदालतमा विचाराधीन छ।

नेपाल प्रहरीका प्रवक्ता एसएसपी रमेश थापा भने मुद्दा चल्ने-नचल्ने विषय व्यक्तिविशेषभन्दा पनि अनुसन्धानमा खुलेका तथ्यका आधारमा तय हुने दाबी गर्छन्। 'सहकारी ठगी कसुरमा केही जनप्रतिनिधिविरुद्ध मुद्दा दर्ता भएको छ। जसमध्ये केहीविरुद्ध सहकारी ठगी, संगठित कसुर र सम्पत्ति शुद्धीकरणसहितको मुद्दा चलेका छन्। केहीविरुद्ध नचलेका होला। यसको निर्धारण अनुसन्धानमा देखिएका तथ्यले गर्ने हो। तथ्यका आधारमा कोविरुद्ध कुन मुद्दा चल्ने निर्धारण हुने हो,' उनले भने।

एमालेकै सांसद एवं लेखा समिति सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला कोइरालाको मुद्दा पनि सत्ताको आडमा फितलो बनाइयो। मोरङको धनपालथान गाउँपालिका- ४ स्थित उमागौरी कृषि सहकारीकी तत्कालीन सञ्चालक कोइरालाको नेतृत्वमा २२ करोड ठगी भएको थियो। तर, ठगीमा प्रत्यक्ष संलग्न उनलाई सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुरबाट उन्मुक्ति दिँदै २७ मंसिरमा ठगी कसुरमा मात्रै मुद्दा दायर भयो। ३ पुसमा पक्राउ पुर्जी पनि जारी भयो।

तर, शिक्षण पेसामा संलग्न कोइरालालाई नियमितजसो घर-विद्यालय आउजाउ गरिरहँदा पनि 'फरार' रहेको भन्दै पक्राउसम्म गरिएन। २४ पुसमा जिल्ला अदालत मोरङमा उनी आफैं उपस्थित भएपछि 'फास्ट ट्र्याक'मा बयान, थुनछेक बहसलगायत प्रक्रिया सकाएर केही घण्टामै धरौटीमा रिहा गर्न आदेश भयो।

एमालेबाटै टिकट लिएर बागलुङको ढोरपाटन नगरपालिकाका मेयर निर्वाचित देवकुमार नेपालीले पनि झेमेज तथा ऋण सहकारीको सञ्चालक छँदा एक अर्ब ३० करोड ७६ लाख ९८ हजार ६६८ अपचलनमा संलग्न भए पनि मुद्दा फितलो बनाइयो। उनीविरुद्ध पनि सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुरमा मुद्दा दर्ता गरिएन। सहकारी ठगी र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० अन्तर्गतको मुद्दा मात्रै चल्यो। उनी अहिले कारागारमा छन् भने मुद्दा जिल्ला अदालत बागलुङमा विचाराधीन छ।

पूर्वी नवलपरासीस्थित छिपछिपे सहकारीको ९६ करोड र चितवनको सनराइज सहकारीको ९० करोड हिनामिना गरेर फरार रहेकी राप्रपा सांसद गीता बस्नेतलाई पनि सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चलाइएको छैन। सहकारी सञ्चालक नभए पनि ऋणीका रूपमा रकम निकालेर उनले हिनामिन गरेकी हुन्। तर, सहकारीको ऋणी हुन सदस्य अनिवार्य हुनुपर्नेमा उनी सदस्य पनि थिइनन्। सदस्य नै नभए पनि उनले बर्दियास्थित कृष्णसार रिसोर्ट सञ्चालनका लागि ऋण लिएकी थिइन्। बस्नेतविरुद्ध २० जेठ ०८१ मा जिल्ला अदालत पूर्वी नवलपरासीमा मुद्दा दर्ता भएपछि पक्राउ पुर्जी पनि जारी भएको थियो। तर, हालसम्म पनि फरार रहेकी उनलाई संसद्मा उपस्थित नै नभए पनि सभामुख देवराज घिमिरेले पद जोगाइदिएका छन्। संविधान र प्रतिनिधिसभा नियमावलीअनुसार कुनै सांसद १० दिनभन्दा लामो बिदा बस्नुपरे सभामुखलाई अग्रिम सूचना दिनुपर्छ। नत्र पद नै खारेज हुन्छ। तर, बस्नेत सिंगो हिउँदे अधिवेशनभर उपस्थित नहुँदा पनि कारबाही भएन। बरु, अधिवेशनको अन्तिममा सभामुखले 'बिरामी' भन्दै बस्नेतको बिदा स्वीकृत गरिदिए। पछिल्लो समय उनले एकमुस्ट १६ लाख सेवा-सुविधा पनि लिइसकेकी छिन्।

वरिष्ठ अधिवक्ता सुशील पन्त फौजदारी कानुन कार्यान्वयनमा संविधान र कानुनप्रति राज्य उत्तरदायी नभएको बताउँछन्। जसलाई कानुन दिवसका अवसरमा पूर्वन्यायाधीश फोरमबाट जारी भएको विज्ञप्तिले नै पुष्टि गरेको उनको भनाइ छ। 'कानुन दिवसका दिन पूर्वन्यायाधीश फोरमले एउटा विज्ञप्ति निकाल्यो। जसमा फौजदारी कानुन कार्यान्वयन गर्ने कानुनी कर्तव्य भएका निकाय पनि संविधान र कानुनप्रति उत्तरदायी भई आफ्नो कर्तव्य निर्वाह गर्नमा असफल हुँदै कतिपय कसुरका सम्बन्धमा गरिएका अनुसन्धान, तहकिकात, गिरफ्तारी र अभियोजन कार्य प्रचलित कानुनको मर्मविपरीत भई स्वेच्छाचारितातर्फ उन्मुख हुँदै गएकाले विधिको शासन कमजोर हुँदै गएको महसुस हुन थालेको उल्लेख छ। मेरा भनाइ पनि त्यही हो।'

यसरी कमजोर बनाइयो माया राईविरुद्धको मुद्दा

१. संगठित अपराधको मुद्दामा प्रहरीले ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाउँछ। तर, काग्रेस सांसद माया राईलाई पक्राउ परेको १८ दिनमै अनुसन्धान पूरा गरेर मुद्दा दायर गरियो।

२. सांसद राई जिबी राईको 'कोर समूह'की समस्या हुन्। तर, उनीविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान नै गरिएन। सम्पत्ति शुद्धीकरणको कसुर लगाउँदा उनको सांसद पद निलम्बन हुन सक्ने भएकाले प्रहरीले त्यसतर्फ अनुसन्धान नगरेको हो। जबकि सहकारीसँग सम्बन्ध नै नभएका रवि लामिछाने लगायत केही व्यक्तिलाई सहकारी ठगीका साथै सम्पत्ति शुद्धीकरण मुद्दा लगाइएको छ।

३. राईको कार्यकालमा दुई करोड ४० लाख मात्र हिनामिना भएको भनेर अभियोगपत्रमा उल्लेख गरिएको छ। यसअघि गत २१ पुसमा दायर गरिएको मूल अभियोगमा कुन सञ्चालकको कार्यकालमा कति हिनामिना भयो भनेर नखुलाई एकमुस्ट एक अर्ब १९ करोडको अभियोग दायर गरिएको थियो।

४. अभियोगपत्रमा त्यतिबेलाका अन्य सञ्चालक तथा कर्मचारी कसैको बयान लिइएको छैन। जबकि मूल अभियोगपत्रमा तत्कालीन सुनिता नेवाः र दीपक लामालाई पक्राउ गरिएको थियो। मुद्दालाई कमजोर बनाउने उद्देश्यले राई सञ्चालक भएको समयमा कर्मचारी रहेका उनीहरूको बयानसमेत 'नियोजित' रूपमा नलिइएको प्रहरी स्रोत बताउँछ।

५. राई आफैंले स्वर्णलक्ष्मी सहकारीको साधारणसभामा उपस्थिति भएको स्वीकार गरेकी छिन्। तर, अपराधमा जिबी राईसँगको उनको सम्बन्ध स्थापित गर्ने प्रयास गरिएको छैन।

६. राईविरुद्ध २ भदौमै पक्राउ पुर्जी जारी भएको थियो। तर, पहिलो चरणको अनुसन्धानमा उनको ठेगाना नखुलेको भन्दै मुद्दा चलाइएन। पछि सांसद भएको भनेर खुलासा भएपछि पनि पक्राउ गर्ने प्रयास भएन। पक्राउ गरेर पनि सामान्य सोधपुछ गरेर मात्रै दुई सातामै अनुसन्धान पूरा गरियो। पहिलो चरणको अनुसन्धानमा विवरण खुल्न बाँकी गिरोहका अन्य व्यक्ति खोजी गरिएन।

रविको बन्दी प्रत्यक्षीकरण रिट तेस्रोपटक पनि हेर्न नमिल्नेमा

काठमाडौं/ सहकारी ठगी प्रकरणमा थुनामा रहेका राप्रपा सभापति रवि लामिछानेको रिहाइ माग्दै सर्वोच्चमा परेको बन्दी प्रत्यक्षीकरणको रिट मंगलबार पनि हेर्न नमिल्नेमा परेको छ।

रविको तर्फबाट ७ वैशाखमा उनकी श्रीमती निकिता पौडेलले रिट दर्ता गरेकी थिइन्। मंगलबार न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठको इजलासले यस मुद्दामा सुनुवाइ गर्ने भनिएकोमा हेर्न नमिल्नेमा परेको हो। यस रिटसँगै दुई अन्य मुद्दा लगाउमा छन्। सहकारी ठगीसम्बन्धी कसुर र संगठित अपराधमै थुनामा रहेका छविलाल जोशीको मुद्दा पनि सँगसँगै सुनुवाइ भइरहेको छ। यिनै मुद्दाका एक वरिष्ठ अधिवक्ता न्यायाधीशमध्ये एकको पूर्व ल फर्म पार्टनर रहेकाले उनी सम्मिलित इजलासले हेर्न नमिल्नेमा परेको हो।

यसअघि आइतबार (२८ वैशाख) पनि सुनीलकुमार पोखरेल र बालकृष्ण ढकालको इजलासमा परेकोमा हेर्न नमिल्नेमा परेको थियो। गत ९ वैशाखमा भने यी रिटमाथि अब्दुल अजिज मुसलमानको इजालसले कारण देखाऊ आदेश जारी गरेको थियो। राज्यले गैरकानुनी रूपमा थुनामा राखेकाले हिरासतमुक्त गर्नुपर्ने मागसहित रिट दर्ता भएको थियो।

रवीन्द्र मिश्रको पनि रिहाइ माग्दै रिट

१५ चैतमा तीनकुने घटनामा संलग्न रहेको आरोपमा थुनामा रहेका राप्रपा उपाध्यक्ष रवीन्द्र मिश्रको पनि रिहाइ माग्दै मंगलबारै बन्दी प्रत्यक्षीकरणको रिट परेको छ। गैरकानुनी थुना भएको दाबीसहित रवीन्द्रको रिहाइ माग्दै उनकी श्रीमती सारिका कार्कीले रिट दायर गरेकी हुन्।

मंगलबार दर्ता भएको रिटको बुधबारै पेसी तोकिएको छ। सर्वोच्चले बिहान १० बजे उपस्थित हुन गृह मन्त्रालयको नाममा तारेख पर्चा पनि जारी गरिसकेको छ। रिटमा गृह मन्त्रालय, प्रहरी परिसर भद्रकाली, महान्यायाधिवक्ताको कार्यालय, महान्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालयलगायतलाई विपक्षी बनाइएको छ।

रवीन्द्रलाई सातपटक म्याद थप गरिसकेको छ भने ४५ दिनभन्दा बढी हिरासत बसिसकेका छन्। मंगलबार मात्रै जिल्ला अदालत काठमाडौंले उनीमाथि अनुसन्धानका लागि पाँच दिन म्याद थपको आदेश दिएको छ। संगठित अपराधसमेतको कसुरमा प्रहरीले छानबिन गरिरहेका कारण उनलाई ६० दिनसम्म हिरासतमा राख्न सकिने व्यवस्था छ।

अमेरिकी मध्यस्थता भएको दाबी भारतले गऱ्यो अस्वीकार

काठमाडौं/ भारतले पाकिस्तानको प्रस्तावमा युद्धविराम भएको भन्दै यसका लागि अन्य देशको भूमिका नरहेको प्रस्टीकरण दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, उपराष्ट्रपति जेडी भान्स, विदेशमन्त्री मार्को रुबियोलगायतले युद्धविराममा मध्यस्थता गरेको दाबी गरिरहेका वेला भारतले यसलाई अस्वीकार गरेको हो।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले मंगलबार दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा कूटनीतिक च्यानलबाट पाकिस्तानले सुरुमा सम्पर्क गरेको पनि जिकिर गरेका छन्।

'१० मेको दिउँसो १२:३७ मा दिल्लीस्थित पाकिस्तानी उच्चायोगबाट भारतीय विदेश मन्त्रालयमा अनुरोध पठाइएको थियो। भारतीय सेनाको युद्धकार्य महानिर्देशकसँग कुराकानी गर्न खोजिएको, तर सम्पर्कमा प्राविधिक कठिनाइ भएको भनियो। हामीले महानिर्देशकको उपलब्ध समयअनुसार ३:३५ बजेको समय दियौं,' जैसवालले भने, 'त्यसपछि पाकिस्तानी युद्धकार्य महानिर्देशकले अनुरोध गरे, हाम्रो पक्षले युद्धविरामका लागि स्वीकार गरेको हो। त्यस दिन बिहान भारतीय सेनाले पाकिस्तानी हवाई फोर्सको बेसमा भीषण जवाफी हमला गरेपछि उसले बाध्य भएर युद्ध रोक्न आग्रह गऱ्यो।'

पाकिस्तानी सेनाका युद्धकार्य महानिर्देशक मेजर जनरल कासिब अब्दुल्लाहले भारतीय समकक्षी लेफ्टिनेन्ट जनल राजीव घईलाई फोन गरेपछि युद्धविरामका लागि दुईपक्षीय सहमति भएको सोही दिन विदेशसचिव विक्रम मिश्रीले बताएका थिए। भारत र पाकिस्तानले क्रमैसँग युद्धविराम भएको सार्वजनिक हुनुअघि अमेरिकी राष्ट्रपति, उपराष्ट्रपति र विदेशमन्त्रीले युद्धविरामपूर्व नेताहरूसँग कुराकानी गरेर माहोल बनाएको सार्वजनिक गरेका थिए। पाकिस्तानी पक्षले अमेरिकी भूमिका स्वीकार गर्दै यसका लागि धन्यवाद दिएको छ। यद्यपि, २७ वैशाखमा भारतीय र अमेरिकी नेताहरूबिच कुराकानी भएको जैसवालले स्विकारेका छन्।

'भारतको केन्द्रशासित जम्मु-कस्मिरसँग सम्बन्धित विषय दुईपक्षीय रूपमा टुंग्याउनुपर्छ भन्ने भारतको स्पष्ट अडान छ। पाकिस्तानले अवैध रूपमा कब्जा गरेको भारतीय भूमि खाली गर्नुपर्छ भन्ने हाम्रो स्पष्ट मत छ,' भारतीय विदेश मन्त्रालयका प्रवक्ता जैसवालले भने। 'अप्रेसन सिन्दूर' नामक सैन्य अप्रेसनले आतंकवादी पूर्वाधार र आधाररहरू समाप्त पारेको पनि उनले बताए।

साढे दुई करोड खर्चेर बनाइएको बिपी राजमार्गको डाइभर्सन बर्खा नलाग्दै बग्यो

काभ्रे/ साढे दुई करोड खर्चेर निर्माण गरेको बिपी राजमार्गको डाइभर्सन बर्खा नलाग्दै बग्न थालेको छ। सानो वर्षा हुँदा पनि रोशी खोलाले डाइभर्सन बगाउन थालेको हो। बिपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका- ११, माम्ती र बर्खेखोलाका दुई स्थान र रोशी- ९, बोक्सीकुण्डमा रोशी खोलाको बाढीले डाइभर्सन बगाएको सडक विभागका इन्जिनियर दुर्गा प्रसादले बताए। तीन ठाउँमा बगाएको सडक बनाएपछि गाडी सञ्चालन भएको उनले बताए।

त्यस्तै, रोशी- ७, कटुन्जेलगायतको स्थानमा आधा सडक बगाएर एक लेन बनाएको छ। सोमबार परेको वर्षापछि आएको रोशीको बाढीले डाइभर्सन बगाएको हो।

गत असोजको मध्यअसोजको बाढीले बिपी राजमार्गको १४ स्थानमा करिब आठ किलोमिटर सडक बगाएको थियो। बाढीले बगाएको स्थानमा सडक डिभिजन कार्यालय भक्तपुरले डाइभर्सन निर्माण गरेको थियो।

सडक विभागका निर्देशक रामहरि पोखरेलले बर्खामा सामान्य बाढीले अवरोध नहुने गरी डाइभर्सन निर्माण गरिएको दाबी गरे। 'स्तरोन्नति गर्न बाँकी रहेको डाइभर्सन अहिले बगाएको हो। अन्य स्थानमा त्यति धेरै बगाएको छैन,' उनले भने, 'बाढीले बगाएको ठाउँमा फेरि डाइभर्सन बनाउँछौं। बर्खामा सकेसम्म अवरुद्ध नहुने गरी डाइभर्सन बनाउने प्रयासमा छौं।'

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड

Kathmandu, Nepal, Tel: +977-5902330, Email: riverfallshydropower@gmail.com
Web. www. riverfallshydro.com.np

Unaudited Financial Results (Quarterly)
3rd Quarter of financial Year 2081/82

Balance Sheet as on Chaitra 31, 2081 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Chaitra, 2081	Previous Quarter ending As at 29th Poush, 2081	Previous Quarter ending As at 30th Chaitra 2080
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	2,260,727.20	2,266,755.77	2,284,326.97
Other Fixed Assets			
Work-in-Progress	-	-	-
Investments	214,341.00	189,341.00	189,100.00
Total Non-Current Assets	**2,475,068.20**	**2,456,096.77**	**2,473,426.97**
Current Assets:			
Deposits & Margin	15.00	15.00	261.70
Other Loans & Advances	101,835.33	80,728.19	41,524.02
Sundry Debtors	17,151.11	78,817.37	19,435.17
Cash & Bank Balance	10,093.43	8,390.31	14,555.20
Total Current Assets	**129,094.87**	**167,950.87**	**75,776.09**
Total Assets	**2,604,163.07**	**2,624,047.65**	**2,549,203.06**
Equity			
Share Capital	700,000.00	700,000.00	700,000.00
Reserve and Surplus	4,031.04	14,134.32	(114,946.27)
Total Equity	**704,031.04**	**714,134.32**	**585,053.73**
Liabilities			
Non-Current Liabilities:			
Secured Term Loans	1,553,039.19	1,761,043.00	1,479,936.49
Unsecured Loans	-	-	-
Total Non-Current Liabilities	**1,553,039.19**	**1,761,043.00**	**1,479,936.49**
Current Liabilities & Provisions:			
Trade and Other Payables	130,513.03	144,550.75	273,987.32
Short Term Loan	216,519.55	3,991.17	210,225.52
Deferred Tax Liabilities	60.25	60.25	
Staff Bonus Provisions	-	268.15	-
Total Current Liabilities	**347,092.84**	**148,870.32**	**484,212.84**
Total Liabilities	**1,900,132.03**	**1,909,913.32**	**1,964,149.33**
Total Equity and Liabilities	**2,604,163.07**	**2,624,047.65**	**2,549,203.06**

Profit & Loss Accounts for the period ended Chaitra 31, 2081 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Chaitra, 2081	Previous Quarter ending As at 29th Poush, 2081	Previous Quarter ending As at 30th Chaitra 2080
Revenue from Operations	185,513.30	155,666.68	142,809.73
Less: Direct Expenses	9,789.74	11,806.74	14,459.57
Gross Profit	**175,723.55**	**143,859.93**	**128,350.16**
Other Income	8,003.84	2.57	23,080.00
Administrative and Operating Costs	12,395.90	9,352.19	11,491.69
Financial Costs	125,318.12	91,504.81	135,857.46
Depreciation	44,567.32	29,597.93	58,211.71
Provision for Staff Bonus	-	268.15	-
Net Profit before Tax	**1,446.06**	**13,139.42**	**(54,130.70)**
Income Tax			
Net Profit	**1,446.06**	**13,139.42**	**(54,130.70)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

रिभर फल्स पावर लिमिटेडको आ.व.२०८१/०८२ को तेस्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
क) तेस्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।
ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (Annulized)	०.२८	शेयरको बजार मुल्य रु.	६८५.२४
प्रति शेयर नेटवर्थ (रु.)	१००.५८	प्रति शेयर कुल सम्पत्तिको मुल्य (रु.)	३७२.०२
तरलता अनुपात	०.३७	मुल्य आम्दानि अनुपात.	२,४८७.८१

२. **व्यवस्थापकीय विश्लेषण**
यस आयोजनाले मिति २०८० साल श्रावण २५ गते देखि व्यापारिक उत्पादन शुरु गरेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण**
यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको।

४. **संगठीत संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**
यस कम्पनीको तेस्रो त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण यस प्रकार रहेको छ।

अधिकतम मुल्य (रु.)	१,४३८.००	कारोबार भएको कुल दिन	५६
न्युनतम मुल्य (रु.)	६७२.००	कारोबार शेयर संख्या	३,६४४,२९९
अन्तिम मुल्य (रु.)	६८५.२४	कारोबार रकम (रु.)	३,३६६,९२५,५४५

५. **समस्या र चुनौती**
यस कम्पनीले वहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालन सर्मातिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्षको उदघोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

प्रदेश र...

पृष्ठ १ बाट क्रमशः

सेवा-सुविधा लिएको थिएँ,' उनले भने, 'तर, अवकाशपछि पेन्सनपट्टा बनाउन जाँदा किताबखानाले प्रदेशलाई चिन्दैनौं भनेर सुनुवाइ गरेन। समायोजन भएको अवस्थालाई मात्रै चिन्छौं भन्यो।' निजामती सेवा ऐनको मार्गदर्शक सिद्धान्तमा व्यवस्था नभएको भन्ने अर्थ मन्त्रालयको पत्र देखाएर किताबखानाले प्रदेशमा भएको बढुवाका आधारमा पेन्सनपट्टा नदिएको उनको गुनासो छ।

सिन्धेलजस्तै समस्या झेलेका कर्मचारी ठूलो संख्यामा छन्। निजामती किताबखानाका अनुसार समायोजन भएर गएपछि प्रदेश र स्थानीय कानुनअनुसार बढुवा वा तह वृद्धि लिएका कर्मचारीका हकमा अवकाशपछिको पेन्सन सुविधामा समस्या देखिएको छ।

निजामती किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेल समायोजन भएसम्मको अवधिको सेवा-सुविधाको मात्रै ग्यारेन्टी संघीय ऐनबमोजिम संघले गर्ने बताउँछन्। 'समायोजन भएर गएका वा प्रदेश वा स्थानीय सेवामा लोकसेवाबाट सिफारिस भएर नयाँ नियुक्ति लिएका कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहको कानुनबमोजिम माथिल्लो पदमा वृद्धि वा बढुवा भएपछि संघीय कानुनले त्यसलाई चिन्दैन। उहाँहरू तत्तत् प्रदेश वा स्थानीय तहका कर्मचारी हुनुभयो,' उनले भने, 'प्रदेश वा स्थानीय कानुनले व्यवस्था गरेको माथिल्लो पदमा बढुवा भएपछि त्यस्ता कर्मचारीको दायित्व स्वतः सम्बन्धित सरकारमै रहन्छ। संघको राडारले समायोजनसम्म मात्र देख्छ।'

समस्याबिच प्रदेश वा स्थानीय कानुनअनुसार तह वृद्धि वा बढुवा भएका कर्मचारीको दायित्व सम्बन्धित प्रदेश र स्थानीय तहले नै वहन गर्नुपर्ने राय अर्थ मन्त्रालयले दिएको थियो। अर्थको यो राय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले किताबखानालाई पठाएको थियो। रायसमेत प्राप्त भएपछि किताबखानाले समायोजन भएर प्रदेश वा स्थानीय तहमा तह वृद्धि वा बढुवा लिएका कर्मचारीलाई सोबमोजिमको पेन्सन दिन नमिल्ने भनिदियो। भविष्यमा संघीय कानुनबाट पाउने स्थिति रहेको अवस्थामा सोहीबमोजिम प्राप्त गर्ने गरी हाललाई समायोजन भएको तहकै सुविधा पाऊँ भनेर निवेदन दिएका आधारमा किताबखानाले पेन्सनपट्टा बनाउने गरेको छ।

त्यसो त अहिले सबै प्रदेशमा प्रदेश निजामती किताबखाना स्थापना गरिसकिएको छ। यसले प्रदेश र त्यसभित्रका स्थानीय तहका कर्मचारीको रेकर्ड राख्छ। सम्बन्धित प्रदेश कानुनबमोजिम प्रदेश किताबखानाको सिफारिसमा सञ्चित कोषबाट पेन्सन प्रदान हुने व्यवस्था छ। तर, प्रदेशले हालसम्म पनि यसको व्यवस्थापन गर्न सकेको छैन। यसो हुँदा समायोजन भएर गएका कर्मचारी पेन्सनपट्टाका लागि संघीय निजामती किताबखानामै आउनुपर्ने अवस्था छ।

संघ र प्रदेशका कर्मचारीको सेवावधिमा उमेरहदको अन्तर पनि समस्या निम्तिनुको एक प्रमुख कारण हो। अहिले संघीय निजामती कर्मचारीको उमेरहद ५८ वर्ष छ भने प्रदेशहरूले ६० सम्म कायम गरेका छन्। बागमती प्रदेशमा पनि कर्मचारीको उमेरहद ६० वर्ष छ। संघमा ५८ वर्षे उमेरहद भएकाले प्रदेश कानुनमा ६० वर्ष भएकामा सोबमोजिम वृत्तिविकास भएका कर्मचारीलाई संघले सेवा-सुविधा दिनेबारे कठिनता छ।

त्यस्तै, प्रदेशहरूले जथाभावी संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गरेर स्वार्थअनुसार मनलाग्दी दरबन्दी सिर्जना गर्दा पनि त्यसको भार वहन गर्न संघ सरकारलाई हम्मे परेको अधिकारीहरू बताउँछन्। बागमती, मधेशलगायत केही प्रदेशमा संघीय सरकारले तोकेभन्दा ठूलो संख्यामा अहिले दरबन्दी सिर्जना गरिएको छ।

संघीय निजामती सेवा ऐन नबन्दासमेत यस्तो समस्या निम्तिएको निजामती किताबखानाका महानिर्देशक पोखरेल बताउँछन्। संघीय निजामती सेवा ऐनले प्रस्ट पारिदिएको खण्डमा यो समस्या हट्ने उनको भनाइ छ।

सर्वोच्चको फैसला- **अवकाश हुँदाको अवस्थामा कायम रहेको पदअनुसारको निवृत्तिभरण लगायत सेवा-सुविधा उपलब्ध गराउनू**

शाखा अधिकृतबाट अवकाशप्राप्त टंकप्रसाद भट्टराईले प्रदेशमा तह वृद्धिअनुसार पेन्सन सुविधा नपाएपछि दायर गरेको रिटमा हालै सर्वोच्च अदालतले अवकाश हुँदाको अवस्थामा कायम रहेकै पदअनुसारकै निवृत्तिभरणलगायत सेवा-सुविधा दिन फैसला गरेको छ। भट्टराई ०७६ मा समायोजन भएर आठौं तहमा बागमती प्रदेश गएका थिए। ०८० मा बढुवा भएर उनले नवौं तहको नियुक्ति लिएका थिए। यो नियुक्ति लिएको एक महिनापछि २५ जेठमा उनको अनिवार्य अवकाश भएको थियो। तर, अवकाश लिएर पेन्सनपट्टाका लागि किताबखाना पुगेका उनलाई प्रदेशको बढुवा प्रणाली नचिन्ने र समायोजन भएर गएको आठौं तहको मात्र पेन्सन पाउने जवाफ असारमा दिएपछि उनी सर्वोच्च पुगेका थिए।

२१ चैत ०८० मा सर्वोच्चका न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले प्रदेशमा समायोजन भएको कारण जनाई वा प्रदेशमा समायोजन भएका कर्मचारीका हकमा यस स

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
बुधबार ३१ वैशाख ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ सहिद स्मारक 'बी' डिभिजन लिग

प्लानिङ ब्वाइज 'ए' डिभिजनमा उक्लियो

अन्तिम दुई खेल अगावै प्लानिङ ब्वाइज सर्वाधिक २७ अंकका साथ शीर्ष डिभिजनमा बढुवा



सहिद स्मारक 'ए' डिभिजन लिगमा बढुवा भएपछि प्लानिङ ब्वाइजका खेलाडी र अफिसियल

अंक तालिका

क्लब	खेल	जित	ड्र	हार	गोलअन्तर	अंक
प्लानिङ ब्वाइज	११	८	३	०	१५	२७
श्री भगवती	१०	६	४	०	१२	२२
ब्वाइज युनियन	१०	४	४	२	३	१६
वीरगन्ज	११	४	४	३	२	१६
झापा	११	४	३	४	२	१५
च्यासल युथ	११	४	३	४	२	१५
बाँसवारी	११	५	०	६	-१	१५
सरस्वती	११	५	०	६	-१	१५
आरसिटी	११	४	२	५	-३	१४
श्री कुमारी	१०	४	१	५	-३	१३
ब्रिगेड	११	३	३	५	-४	१२
टुसाल	११	२	५	४	-४	११
मध्यपुर	१०	३	२	५	-६	११
नयाँवस्ती	११	१	२	८	-१३	५

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

प्लानिङ ब्वाइज युनाइटेड दुई खेलअगाडि नै सहिद स्मारक 'ए' डिभिजन लिगमा बढुवा भएको छ। सातदोवाटोको एन्फा कम्प्लेक्समा मंगलबार बाँसबारी क्लबलाई २-० ले हराउँदै प्लानिङ ब्वाइज शीर्ष डिभिजनमा उक्लन सफल भएको हो। 'बी' डिभिजनमा उक्लेको तीन वर्षभित्रै प्लानिङ ब्वाइज शीर्ष डिभिजनमा पुगेको छ। प्लानिङ ब्वाइजले ११ खेलबाट २७ अंक बनाएको छ। लिगका अन्तिम दुई अगाडि नै प्लानिङ ब्वाइजले शीर्ष डिभिजन खेल्ने सपना साकार बनाएको छ।

'ए' डिभिजन लिगमा दुई क्लब उक्लने प्रावधान छ। दोस्रो क्लबका रुपमा श्री भगवती शीर्ष डिभिजनमा उक्लने सम्भावना छ। १० खेल खेलेको श्री भगवतीसँग २२ अंक छ। अब श्री भगवतीले बाँकी तीन खेलमा तीन अंक जोडे पनि 'ए' डिभिजनमा उक्लनेछ। बाँसबारीले प्लानिङ ब्वाइजलाई पहिलो हाफमा गोलरहित बराबरीमा रोकेका थियो। तर, दोस्रो हाफमा उत्कृष्ट प्रदर्शन गरिरहेको प्लानिङ ब्वाइजलाई बाँसबारीले रोक्न सकेन।

खेलको ४७औं मिनेटमा बाँसबारीका गोलरक्षक सन्दीप राउतको गल्तीमा प्लानिङ ब्वाइजले आत्मघाती गोलको उपहार पाएको थियो। खेलको ८२औं मिनेटमा पुजन थापाले गोल गरे। यस गोलसँगै प्लानिङ ब्वाइजले २-० को जित निकाल्यो। प्लानिङ ब्वाइजसँग पराजित भएको बाँसबारी ११ खेलबाट १५ अंकका साथ सातौं स्थानमा झरेको छ।

आठ खेलपछि शाहको निलम्बन फुकुवा



अखिल नेपाल फुटबल संघ (एन्फा)ले सरस्वती क्लबका स्ट्राइकर धीरेन्द्रबहादुर शाहमाथि लगाइएको प्रतिबन्ध फुकुवा गरेको छ। एन्फाले 'बी' डिभिजन लिगको आठ खेलपछि शाहमाथि लगाइएको निलम्बन फुकुवा गरेको हो। यसअघि एन्फाले अर्को निर्णय नभएसम्म उनलाई लिग खेल्नमाथि प्रतिबन्ध लगाएको थियो। एन्फाले मंगलबार सरस्वती क्लबलाई पत्र पठाउँदै धीरेन्द्र लिग खेल्न योग्य रहेको जनाएको थियो। अब उनले लिगका बाँकी सबै खेल खेल्नेछन्।

'संघको अपिल समितिले सरस्वतीका धीरेन्द्रबहादुर शाहलाई जारी सहिद स्मारक 'बी' डिभिजन लिग २०८१ मा खेल्न अनुमति दिएको छ,' एन्फाले जनाएको छ, 'यसअघि एन्फाको प्रतियोगिता समिति र अनुशासन समितिले गरेको निर्णयलाई बदर गर्दै अपिल समितिले शाहलाई खेल्न बाटो खुला गरिदिएको हो।'

समितिले यसअघि नयाँबस्ती युवा क्लबलाई सरस्वती युवा क्लबविरुद्धको खेलमा दिएको ३-० को नतिजालाई उल्ट्याएको छ। सरस्वतीले नयाँबस्तीविरुद्धको तीन अंक प्राप्त गरेको छ। एन्फाले शाहलाई निलम्बन गरी सरस्वतीको पनि तीन अंक खोसिएको थियो। शाहले ०७९ सालमा टुसाल युथ क्लबसँग 'बी' डिजिनका लागि सम्झौता गरेका थिए। चालु लिगमा उनले सरस्वतीबाट खेल्दा नयाँबस्तीले उनीविरुद्ध उजुरी दर्ता गरेको थियो। २०७९ सालमा 'बी' डिभिजन स्थगित भएको थियो। त्यसपछि यस सिजनका लागि सरस्वतीले शाहको नाम फिफा कनेक्टमा दर्ता गर्दै 'बी' डिभिजनका लागि अनुबन्ध गरेको थियो। 'बी' डिभिजन सुरु भएपछि शाहले दुई खेल खेलेका थिए। जसमा उनले दुई गोल पनि गरे।

■ एन्फाका कारण मानसिक यातना

८ वैशाखमा सरस्वती क्लबले आफ्ना खेलाडी शाहमाथि बिनागल्ती कारबाही गरिएको आरोप लगाएको थियो। टुसालसँगको सम्झौतालाई आधार बनाएर नयाँबस्ती क्लबले ७ चैतमा शाहविरुद्ध प्रोटेस्ट राखेको थियो। एन्फाले त्यसैलाई आधार बनाएर उनलाई अर्को निर्णय नभएसम्म निलम्बन गऱ्यो। सरस्वतीका अध्यक्ष उत्तमराम भण्डारीले विनाकारण खेलाडीलाई कारवाही गरेको बताए। एन्फाको कारवाहीका कारण खेलाडीले मानसिक यातना बोकेको अध्यक्ष भण्डारीको दाबी छ। 'विनाकारण एन्फाले हाम्रा खेलाडीमाथि कारबाही गरेको थियो, प्रतिबन्धको समयमा खेलाडीले मानसिक यातना सिकार भए,' उनले भने। सरस्वती युवाले मंगलबार वीरगन्ज युनाइटेडविरुद्ध ३-० को सहज जित दर्ता गऱ्यो।

जितसँगै ११ खेलमा १५ अंक जोडेको सरस्वती आठौं स्थानमा उक्लेको छ। वीरगन्ज चौथो स्थानमा झरेको छ। सरस्वतीलाई जित दिलाउन ज्ञानेन्द्र जोशी, नरेशकुमार खत्री र धीरेन्द्रबहादुर शाहले गोल गरेका थिए। खेलको ७२औं मिनेटमा शाहले सरस्वतीलाई ३-० को जित दिलाए। शाहले प्रतिबन्ध फुकुवा भएपछिको पहिलो खेलमै गोल गरेका हुन्।

■ यू-१९ साफ च्याम्पियनसिप

नेपाल र भारत सेमिफाइनलमा



भारतविरुद्ध गोल गर्ने प्रयासमा नेपाली खेलाडी (रातो)

समूह 'ए'

टोली	खेल	जित	ड्र	हार	अंक
बंगलादेश	२	१	१	०	४
माल्दिभ्स	२	०	२	०	२
भुटान	२	०	१	१	१

समूह 'बी'

टोली	खेल	जित	ड्र	हार	अंक
भारत	२	२	०	०	६
नेपाल	२	१	०	१	३
श्रीलंका	२	०	०	२	०

नयाँ पत्रिका

भारतले दक्षिण एसियाली यू-१९ फुटबल च्याम्पियनसिप (साफ)अन्तर्गत मंगलबार भएको खेलमा चिरपरिचित प्रतिद्वन्द्वी नेपालमाथि ४-० को सानदार जित निकालेको छ। भारतले समूह 'बी'मा अपराजित यात्रातय गऱ्यो। गोल्डेन जुब्ली रंगशालामा भारतले नेपालविरुद्ध अहिलेसम्मकै फराकिलो जित निकालेको हो। निर्धारित ९० मिनेटमा भारतले पहिलोपटक नतिजा आफ्नो पक्षमा राखेको हो। यसअघि दुई खेलमा भारत र नेपालले टाइब्रेकरमा जित हात पारेका थिए।

सन् २०१५ मा एन्फा कम्प्लेक्समा नेपालले टाइब्रेकरमा भारतलाई ५-४ ले हराउँदै उपाधि हात पारेको थियो।

सन् २०२३ दशरथ रंगशालामा भारतले नेपाललाई टाइब्रेकरमा ३-२ ले पाखा लगाउँदै फाइनलमा स्थान बनायो। यसपल्ट भारतले नेपालविरुद्ध चार गोल गऱ्यो। समूह विजेता बनेको भारतले दुई खेलबाट ६ अंक बटुल्यो। भारतले पहिलो खेलमा भुटानलाई ८-० ले पराजित गरेको थियो। अब भारतले फाइनल प्रवेश गर्न अर्को समूहको उपविजेता माल्दिभ्ससँग खेल्नेछ। बंगलादेश र भुटानसँग समान २-२ को बराबरी खेल्दै माल्दिभ्सले सेमिफाइनलमा स्थान बनाएको थियो। भुटानलाई ३-० ले हराएको बंगलादेश समूह 'ए'को विजेता बन्यो।

■ नेपाल समूह उपविजेता

भारतसँग पराजित भए पनि नेपाल तीन अंकका साथ उपविजेता बनेको छ। अब सेमिफाइनलमा नेपालले समूह 'ए'को विजेता बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ। नेपालले सन् २०१५ मा भएको पहिलो संस्करण र २०१७ को यू १८ उमेर समूहको संस्करण जितेको थियो। पछिल्लोपटक भने नेपाल फाइनलमा बंगलादेशसँग पराजित भएको थियो।

■ नेपालविरुद्ध रोहिनको दुई गोल

भारतलाई जित दिलाउन रोहित सिंहले दुई गोल गरेका थिए। यसैगरी, ओमङ डोडुम र डानी मिथेईले समान एक गोल गरेका थिए। नेपालले भारतलाई २७औं मिनेटसम्म गोलरहित बराबरीमा रोकेको थियो। खेलको २८औं मिनेटमा नेपालका डिफेन्डरको गल्तीको फाइदा लिँदै भारतले १-० को अग्रता लियो। भारतलाई रोहिनले गोल गरेका हुन्। त्यसपछि एक मिनेट बित्न नपाउँदै ओमाङले भारतलाई २-० को अग्रता दिलाए। पहिलो हाफमा २-० ले पछि परेको नेपाल दोस्रो हाफमा पनि खेलमा फर्कन सकेन। भारतले एकपक्षीय दबाब बनायो। खेलको ७६औं मिनेटमा रोहिनले व्यक्तिगत दोस्रो गोल गरे। खेलको ८४औं मिनेटमा ड्यानीले एक गोल थपे। भारतले यसअघि श्रीलंकालाई ८-० ले हराएको थियो। नेपालले श्रीलंकालाई ५-० ले हराएको थियो।

ब्राजिलियन फुटबलको मुख्य प्रशिक्षकमा एन्सेलोट्टी

■ रियल म्याड्रिडलाई १५ उपाधि दिलाएका इटालियन कार्लोस एन्सेलोट्टीले पहिलोपटक ब्राजिलको राष्ट्रिय फुटबल टोली सम्हाल्ने



एजेन्सी

कार्लोस एन्सेलोट्टी ब्राजिलियन राष्ट्रिय फुटबल टोलीका नयाँ मुख्यप्रशिक्षक बनेका छन्। अहिले कार्लोस स्पेनिस क्लब रियल म्याड्रिडका प्रशिक्षक हुन्। स्पेनिस ला लिगको सिजन समाप्तिसँगै उनले क्लब छाड्ने छन्। त्यसपछि उनले ब्राजिलियन टोलीको मुख्यप्रशिक्षकका रुपमा कार्यभार सम्हाल्ने छन्। २५ मेमा ब्राजिलको जिम्मेवारी आधिकारिक रूपमा सम्हाल्ने एजेन्सीले जनाएको छ। प्रशिक्षण करिअरमा कार्लोसले पहिलोपटक राष्ट्रिय टोली हेर्ने लागेका हुन्।

उनी स्यान्टियागो बर्नाबेउ क्लबका सबैभन्दा सफल प्रशिक्षकमा पर्छन्। उनले म्याड्रिडमा दुई कार्यकाल सम्हाल्दा १५ उपाधि जितेका थिए। गत वर्ष उनकै प्रशिक्षणमा म्याड्रिडले युरोपियन च्याम्पियन्स लिग र ला लिगा उपाधि हात पारेको थियो। ब्राजिलियन फुटबलका अध्यक्ष एडनाल्डो रोड्रिगेजले कार्लोसलाई राष्ट्रिय टोलीको नयाँ प्रशिक्षकका रूपमा भित्राएको जनाएका छन्। रोड्रिगेजले उनलाई सन् २०२६ को विश्वकपसम्म अनुबन्ध गरेको जानकारी दिए। यसअघि ब्राजिलियन फुटबल संघले कार्लोसलाई मुख्य प्रशिक्षक बन्न प्रस्ताव पठाएको थियो। तर, उनले प्रस्ताव अस्वीकार गरेका थिए।

तर, म्याड्रिडले सम्झौता नवीकरण नगरेपछि उनी ब्राजिलको प्रशिक्षक बन्न राजी भएका हुन्। उनले युरोपियन क्लबमा म्याड्रिडबाहेक पार्मा, युभेन्टस, एसी मिलान, पेरिस सेन्ट जर्मन (पिएसजी), बायर्न म्युनिख, नेपोली र एभर्टनलाई प्रशिक्षण दिएका थिए। म्याड्रिडले कार्लोसको स्थानमा पूर्वमिडफिल्डर जाभी अलन्सोलाई मुख्य प्रशिक्षकमा नियुक्त गरिसकेको छ। जाभीले २६ मेदेखि जिम्मेवारी सम्हाल्नेछन्। गत महिना अर्जेन्टिनासँगको ४-१ ले पराजित भएपछि ब्राजिलियन फुटबल संघले डोरिभल जुनियरलाई बर्खास्त गरेको थियो।

■ फुटबल संघ हर्षित

ब्राजिलियन फुटबल कन्फेडेरेसन (सिबिएफ)ले कार्लोसलाई एक महान् व्यक्ति र प्रशिक्षकका रूपमा जनाएको छ। 'हामीले एक सफल विदेशी प्रशिक्षकलाई भित्र्याउनु ऐतिहासिक कदमका रूपमा लिएका छौं,' सिबिएफले भनेको छ।

पाँचपटकको फिफा विश्वकप विजेता ब्राजिल टोली र युरोपका ठुला प्रतियोगितामा अद्वितीय कीर्तिमान बनाएका प्रशिक्षकबिचको मिलनलाई सिबिएफले ऐतिहासिक क्षण रहेको जनाएको छ। 'सिबिएफ कार्लोसलाई हार्दिक स्वागत गर्दछ र उनको नेतृत्वमा नयाँ सफलताको युग प्रारम्भ हुने आशा छ,' सिबिएफले भनेको छ।

कार्लोस र म्याड्रिडबिच सन् २०२६ को जुनसम्म सम्झौता थियो। युरोपका उत्कृष्ट प्रतियोगितामा कीर्तिमान बनाएका प्रशिक्षकसँग सम्बन्ध जोडिँदा हर्षित भएको फुटबल संघले जनाएको छ। 'हामी कार्लोसलाई स्वागत गर्दछौं र उनको नेतृत्वमा टोली सफलताको नयाँ युगमा पुग्ने विश्वास लिएका छौं,' संघले जनाएको छ। कार्लोसले ब्राजिलको राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक बन्नमा सहजीकरण गरेको रियलका अध्यक्ष फ्लोरेन्टिनो पेरेजलाई पनि धन्यवाद दिएका छन्।

हङकङसँगको हारसँगै नेपाललाई धक्का

आइसिसी महिला टी-२० विश्वकपअन्तर्गत एसिया क्वालिफायरको महत्त्वपूर्ण खेलमा नेपाल सात विकेटले पराजित



नयाँ पत्रिका

हङकङले आइसिसी महिला टी-२० विश्वकपअन्तर्गत एसिया क्वालिफायरमा नेपालमाथि सात विकेटको सानदार जित निकालेको छ। बलियो प्रतिद्वन्द्वी नेपालमाथिको जितले हङकङको सुपर थ्रीमा पुग्ने सम्भावना बलियो बनेको छ। जितपछि हङकङ तीन खेलबाट चार अंक जोडेर समूहको शीर्ष स्थानमा उक्लेको छ। समान तीन खेलबाट तीन अंकसहित नेपाल दोस्रो स्थानमा छ। यसअघिको नेपाल र हङकङबिचको पहिलो खेल आउट फिल्डको कारण रद्द भएको थियो।

नेपालले पछिल्ला पाँच टी-२० आईमा हङकङविरुद्ध दुई निकालेको थियो। हङकङले एक खेल जितेको छ। पछिल्ला दुवै खेल वर्षाका कारण रद्द भएका थिए। थाइल्यान्डमा भइरहेको छनोटमा नेपालले दोस्रो खेलमा बहराइनलाई नौ विकेटको फराकिलो अन्तरमा हराएको थियो। नेपालले हङकङलाई पराजित गरेका एक खेलअगावै समूह विजेता बन्दै सुपर थ्री चरणमा पुग्ने निश्चित थियो। तर, हङकङसँगको हारपछि समूह विजेता बनेर 'सुपर थ्री' मा पुग्ने नेपालको योजनामा धक्का लागेको छ। अब नेपाल र हङकङ दुवैले बहराइनसँग खेल्न बाँकी छ।

नेपालले शीर्ष स्थानमा रहन बहराइनलाई हराउनै पर्नेछ। हङकङ र बहराइनबिचको नतिजा पनि आफूअनुकूल आउनुपर्नेछ। नेपाल बिहीबार बहराइनसँग खेल्नेछ। हङकङ र बहराइनबिचको खेल शुक्रबार हुनेछ। छनोटमा नौ राष्ट्रले प्रतिस्पर्धा गरिरहेका छन्। सहभागीलाई तीन समूहमा विभाजन गरेर डबल राउन्ड रोबिन प्रणालीमा खेल भइरहेको छ। तीनवटै समूहको शीर्ष स्थानमा रहने टोली सुपर थ्री चरणमा पुग्नेछन्।

सुपर थ्रीमा तीन टोलीबिच एकआपसमा खेल हुनेछ। शीर्ष दुई टोलीले ग्लोबल क्वालिफायरमा स्थान बनाउनेछन्। थाइल्यान्डको बैंकक स्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी मैदानमा सोमबार राति वर्षाले मैदानको आउटफिल्ड भिजेको कारण नेपाल र हङकङबिचको खेल निकै ढिला गरी सुरु भयो। जसका कारण खेलमा प्रतिस्पर्धा पाँच ओभर मात्र भयो।

■ ३० रनको सहज लक्ष्य

ओसिलो पिचमा हङकङले टस जितेर नेपाललाई ब्याटिङ गर्न पठायो। नेपालले पाँच ओभरमा तीन विकेट गुमाउँदै मात्र २९ रन जोड्न सक्यो। प्रत्युत्तरमा हङकङले ४.३ ओभरमा तीन विकेटको क्षतिमा ३० रन बनाउँदै अपराजित यात्रा कायम राख्यो। नेपालले हङकङलाई सुरुवातमै दबाबमा राखेको थियो। स्कोरबोर्डमा शून्य रनको अवस्थामा हङकङले दुई महत्त्वपूर्ण विकेट गुमाएको थियो। केरी चान गोल्डेन डकआउट भइन्। कप्तान नताशा माइल्स शून्य रनमा पेभेलियन फर्किइन्।

चानलाई कविता कुँवरले आउट गरेकी हुन्। नेपालकी उपकप्तान पूजा महतोले माइल्सलाई क्रिजबाट हटाइन्।

कमजोर स्थितिबाट हङकङ मारिको हिल र यसमिन दसवानीले तेस्रो विकेटका लागि २७ रनको साझेदारी गर्दै जितको आधार बलियो बनाए। मारिकोले ११ बलमा ११ रन बनाइन्। उनी रिया शर्माको ओभरमा आउट भइन्। यासमिन अविजित तीन रनमा नटआउट रहिन्।

■ नेपालको अनावश्यक सट रोजाइ

हङकङविरुद्धको महत्त्वपूर्ण प्रतिस्पर्धामा नेपालका अनुभवी खेलाडीहरूले अनावश्यक सट प्रहार गरेका थिए। नेपालले स्कोर बोर्डमा १३ रन बनाउँदा दुवै ओपनरलाई गुमाएको थियो। यसपछि कप्तान इन्दु बर्मा र उपकप्तान पूजा महतोले इनिङ्स सम्हाल्ने प्रयास गरेका थिए। ठुलो सट खेल्ने क्रममा पूजा आउट भइन्। उनले तीन रन मात्र बनाइन्। ब्याटिङमा संघर्ष गरेको नेपालले चार ओभरमा २३-३ को प्रदर्शन गरेको थियो। रुबिना क्षेत्री अविजित चार रनमा क्रिजमा रहे। सुपर थ्री प्रवेशका लागि नेपाललाई जित आवश्यक थियो।

नेपालकी ओपनर सम्झना खड्काले सात बलमा सर्वाधिक १० रन बनाइन्। अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। कप्तान इन्दु बर्माले १० बलमा अविजित नौ रन जोडिन्। हङकङको बलिङमा केरी चान, एलिसन सिउ र इक्रा सहरले समान एक विकेट लिए। हङकङका लागि ओपनर सानजिन शाहजादले अविजित रहँदै १५ रन जोडिन्। उनले १२ बलमा १ छक्का पनि प्रहार गरिन्। मारिको हिलले ११ बलमा ११ रन बनाइन्। नेपालका लागि कविता कुँवरले १.३ ओभरमा पाँच रन खर्चेर दुई विकेट लिइन्। पूजा महँगो बलर बनिन्। उनले दुई ओभरमा १९ रन खर्चिइन्।

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of Publication: 14th May 2025 (2082/01/31 B.S.)

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding.

S. N.	Contract ID Number	Description of Work	Estimated Amount Ex. VAT	Bid Security (NRs)	Bid Document Price (NRs)	AACT	Work Experience	Last Date of Bid Submission	Bid Opening Date	Remarks
1	072/DSMC/2081/082	Construction of RCC Drain Works at LN Chowk- Nepal Rastra Bank Road Ward No. 1 DSMC	-	4,85,000/-	5,000/-	21 Million	7 Million	30th May 2025 (2082/02/16 B.S.) 12:00 Noon	30th May 2025 (2082/02/16 B.S.) 12:30 PM	Second Time Notice
2	154/DSMC/2081/082	Maintenance of Road Works at Ward No. 5 and 6 DSMC	34,80,547.22	88,000/-	3,000/-	-	-			

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Website: dhangadhimun.gov.np, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com